यस्तै रित्सित राम गोकुल महाँ * मैह्ना दुई तीन् रहे ।
दिन्दिन् सब् युवती लिई सुख बिहार् * खुश् भै ति गर्दा भए ।
देखिन्छिन् अझ सम्म बाङ्गि यमुना * राम्ले खिंचेकी त्यहाँ ।
फेर् क्यै दिन् पछि भै विदा फिरि गए * राम् द्वारिकापुर्महाँ ।। १५ ।।

## पौण्ड्रक वध लीला (१२६)

राजन्! पौण्ड्रक नामको नरपती * खूब् वीर काशी महाँ ।
थीयो एक घमण्डि श्रीहरि सँगै * गर्थ्यो विरोध् धेर् त्यहाँ ।।
काठ्का हात बनाइ ठिक् हरि समान् * चार् बाहुको रूप् धरी ।
शंखै, चक्र गदा लिएर करमा * भन्दो भयो त्यो घरी ।। १ ।।

'विष्णू हूँ म, गरुन् मलाइ सबले * पूजा न मानी जउन् ।
गर्लान् पूजन विष्णुको उस घरी * दण्डित् हुनेछन् तउन्' ।।
येती बात् भनि भान पारि सबमा * भयाली पिटायो अनी ।
लीयो मन्सुब कृष्णका सँग लड़ी * नाम् तोड्छु त्यस्को भनी। २ ।।

भन्दोभो दुतलाइ डाकि कन फेर् * झट् द्वारिकापुर् महाँ ।
कृष्णै लाइ गएर भन्नु तईं ले * सम्झाइ यो बात् त्यहाँ ।।
मेरो भेष तँ त्यागि आ शरणमा * की ता लाड़ाई गरी ।
आफ्नू बल् र बहादुरी प्रकट गर् * रण्मा अगाड़ी सरी ।। ३ ।।

सम्चार् यो लिइ दूत् पुग्यो उहि घरी * द्वारावती पुर् महाँ ।
भन्दो भो सब हाल यो प्रभुजिका * साम्ने सुनाई त्यहाँ ।।
दूत् देखी सब हाल् सुनेर हरिले * भन्नू भयो यो अनी ।
हे दूत् ! भन् गइ आउँछू शरणमा * चिन्ता नले क्यै भनी ।। ४ ।।

येती बात् सुनि दूत् गयो जब हरी * उठेर सोही घरी ।
प्रस्थान् गर्नु भयो लिएर सँगमा * ठूलो फउज् रिस् गरी ॥
काशीमा पुगि फुक्नुभो प्रभुजिले * खूब् शंख जोलै जसै ।
आयो शब्द सुनेर पौण्ड्रक पनी * लड्छू भनी झट् तसै॥५॥

लाग्यो पौण्ड्रक छोड्न शस्त्रहरु धेर् * सोही बखतमा त्यहाँ ।
पैह्ले सैन्यहरू सबै गरि विनाश् * फेर् चक्र ली हात् महाँ ॥
काटी पौण्ड्रकको गिराइ दिनुभो * श्रीकृष्णले शिर् जसै ।
जीव् निस्की मिलिगो तुरुन्त हरिमा * ध्यान्का प्रताप्ले तसै॥६॥

त्यस्ले रूप् नकली धरेर हरिको * गर्दा विरोध् द्दढ् गरी ।
थीयो दुष्ट तथापि मुक्त हुनगो * संसार-सागर् तरी ॥
वेग्ले फेर् शिर पौण्ड्रको उड़ि गिऱ्यो * चोक्मा महल्का जसै ।
देखी शिर् नृपको सुदक्षिण' कुमार् * शोक् गर्न लाग्यो तसै॥७॥

'जस्ले व्यर्थ पिताजि लाइ यसरी * माऱ्यो म छोड्छू कहाँ' ।
लीनेछू बदला भनीकन विचार् * त्यो गर्न लाग्यो त्यहाँ॥
फिर्नूभो पुरिमा हरी पनि सबै * यादव् हरू साथ् लिई ।
सोच्यो फेर् नृप-पुत्रले शिवजिको * गर्छू म तप् मन् दिई॥७॥

वैरी नष्ट म गर्न पाउँ जसले * अन्यायमा मन् धरी ।
माऱ्यो आइ पिताजिलाइ त्यसको * नाश् हुन्छ जुन् रित् गरी ॥
माग्छू सोहि म वर् भनेर विनती * पारी लिएथ्यो जसै ।
भन्नूभो शिवले पनी उही घरी * मन्मा विचारी तसै ॥८॥

दिन्छू वर् म तँलाइ गर् हवनको * आरम्भ पैह्ले गई ।
उल्टो मन्त्र जपेर आहुति दिएस् * त्यो देखि खूशी भई ॥

कृत्या-रूप् धरि शत्रु नाश् गरि दिनन् * यज्ञाग्निले त्यै घरी ।
यो आज्ञा सुनि त्यो सुदक्षिण चल्यो * शङ्करजिका पद् परी ।१०।

उल्टो मन्त्र जपेर गर्न विधि साथ् * लाग्यो हवन् त्यो जसै ।
अग्नी खुशि भई प्रकट हुन गए * कृत्या-स्वरूप्ले तसै ॥
भीषण् मूर्ति धरी लिई त्रिशुल एक् * हात्मा ति कृत्या त्यहाँ ।
तिम्रो शत्रु विनाश् म गर्छु भनि झट् * जाँदी भई छिन्महाँ ॥११॥

कृत्या त्यो पुगि द्वारिकापुरि तरफ् * आफ्ना प्रकाश्ले गरी ।
आँटी दग्ध सबै गराउन जसै * डर्ले भई थर्-हरी ॥
यादव् सब् हरिका गई शरणमा * पर्दा भएथे जसै ।
धैर्य्यै दी सबलाइ चक्र हरिले * छोड़ी दिनूभो तसै ॥१२॥

आयो चक्र जसै लखेटि भयले * भागेर कृत्या गई ।
काशीमै गई भस्म छिन्भरि महाँ * सब्लाइ गर्दी भई ॥
कोटी सूर्य समान तेज धरि फेर् * पोंची सुदर्शन् पनी ।
सारा काशि जलाइ खाक् गरि दिए * तिन्ले छिनैमा अनी॥१३॥

## द्विविद वध लीला (१२७)

राजन् ! बानर एक् थियो द्विविद नाम् * कोही ठुलो वीर् त्यहाँ ।
रामूले त्यस्कन मार्नुभो जसरि सब् * विस्तार गर्छू यहाँ ॥
मन्त्री सुग्रिवको मयन्द कपिको * भाई र फेर् भौमको ।
मित्रै हो अधिको र श्रीहरि उपर् * बस्थ्यो लिई ईर्ख त्यो ॥१॥

मार्‍यो गैकन भौम लाइ जसले * उस्लाइ कैह्ले यहाँ ।
मार्नै लाइ म पाउँला भनि सदा * गम् गर्दथ्यो मन् महाँ ॥

तस्मात् एक्दिन माछुं कृष्ण-बलराम् * लाई भनी कोप् गरी ।
जाँदो भो पुरि द्वारिका विच सबै * हूँदा भए थर्-हरी ।।२।।

थीएनन् बलरामजी उस बखत् * रैवत-पहाड्मा गई ।
धेर् रानीहरु साथमा लिइ विहार् * गर्थे अती खुश् भई ।।
लाग्यो पत्थर हाड् गिराइ बहुतै * उत्पात गर्नै जसै ।
हाहाकार् ! गरि पौरवासिहरु सब् *व्याकुल् भए धेर् तसै ।।३।।

काहाँ छन् हरि-राम् भनी द्विविद त्यो * रैवत् गिरीमा गई ।
लाग्यो खोज्न र देखि राम्कन वहाँ * उफ्र्यो अती खुश् भई ।
थीए सुन्दरि हेरुका रुख मनी * लुगा सबै धेर् थरी ।
थाल्यो च्यात्न समाति सुन्दरि हरू *व्याकुल् भए त्यो घरी ।।४।।

उत्पात् धेर् गरि झम्टि शब्द अति घोर्* गर्थ्यो द्विविद् वीर् अनी ।
डल्लो एक् लिइ हान्नुभो बलजिले * बानर् हटाऊँ भनी ।।
झन् रुख्मा चढि उफ्रि मुत्न पनि खूब् * लाग्यो उसै बीच् महाँ ।
थीए रूख् मनि वस्त्र भूषण जती * सब् नष्ट पार्‍यो त्यहाँ ।।५।।

फेरी वारुणिका घड़ा जति थिए * सब्लाइ फोर्-फार् गरी ।
ढोली पोखि बगाइ औंधि अझ झन् * त्यो गर्न लाग्यो अरी ।।
त्यो देखी अति क्रुद्ध भै बलजिले * मूसल् लिई हात् महाँ ।
हान्नू भो अति बेगले द्विविद फेर् * उफ्रेर आयो त्यहाँ ।।६।।

पर्वत् तुल्य शरीर् बढ़ाइ रुख एक् * हान्यो उखेली जसै ।
बीचैमा बलरामले धरि लिई * भाँची दिनूभो तसै ।।
अर्को फेरि उखेलि वृक्ष रिसले * झम्टेर आयो अनी ।
खोसी त्यै रुख रामले कपि उपर् * हाने हटाऊँ भनी ।।७।।

यस्तै रित्सित वृक्ष पत्थर हरू * बानर् रिसाई अती ।
हान्थ्यो श्रीबलराम पक्कि सहजै * तोड्थे ति आए जती ॥
सब् पत्थर् सकियो र फेरि रिसले * केही न पाई त्यहाँ ।
एक् मुक्का गइ वेगले बलजिको * हान्दो भयो शिर् महाँ ॥८॥

त्यस्लाई छलि रामले पनि हलो * हान्नू भयो बेग् गरी ।
लाग्दा त्यो अति चोट् परेर रगतै * छाद्दै हट्यो त्यस् घरी ।
फेर् भीड्यो बलरामका सँग गई * लड्छू म कुश्ती भनी ।
भारी कुस्ति कपी र श्रीबलजिको * धेर्-बेर् हुँदो भो अनी ॥९॥

दुःखित् सब्कन देखि फेर् बलजिले * मार्ने इरादा धरी ।
मन्टो पक्कि दबाउँदा गिरि गयो * बानर् उँचो स्वर् गरी ॥
त्यस्को लाश् जिमिमा गिरी हुन गयो * भारी अवाज् पो त्यहाँ ।
खूशी भैकन पुष्प-वृष्टि सब देव् * गर्दा भए राम् महाँ ॥१०॥

यसरि द्विविद् बानर्, लाइ रामले निभाई ।
खुशि भइ घर माहाँ, फिर्नुभो डर् हटाई ॥
सुनि कन सब हाल् यो, रामको गुण् बखानी ।
गरन सब प्रशंसा, गर्दथे हर्ष मानी ॥११॥

साम्ब विवाह कौरव गर्व हरण लीला ( १२८ )

राजन्! साम्बजिले जसोरि गइ फेर् * त्यै हस्तिनापुर् महाँ ।
दुर्योधन्कि कुमारिका सँग बिहा * गर्दा भए त्यो यहाँ ॥
गर्छु वर्णन वीर् सुयोधनजिकी * पुत्री अती सुन्दरी ।
थीइन् लक्ष्मि समान नाम् लक्ष्मणा * थीयो बखान् पुर् भरी ॥१॥

बीहा गर्छु म पुत्रिको भनि 'सुयो- * धन्' ले विचारी त्यहाँ ।
भारी उत्सव साथ् स्वयम्वर रचे * संचार् उसै बिच् महाँ ॥
सूनी साम्ब ति पुत्र श्री हरिजिका * सब्का अगाड़ी गई ।
कन्या लाइ हरी लिए बलजफत् * अत्यन्त शूरो भई ॥२॥

देश्-देश्का जति भूपति हरु थिए * लाचार सब् ती बनी ।
चुप्-चाप् लागि रहे र कौरवहरू * थीए जती वीर् अनी ॥
क्रोधित् भैकन येसलाइ अहिले * पक्रेर ल्याऊँ भनी ।
आए हाँक् दिइ वीर् महारथिहरू * बल्का थिए जो धनी ॥३॥

हे दुर्बुद्धि ! तँ क्षुद्र यादव ! रती * डर्-भर् न ली मन्महाँ ।
कन्या हाम्रि हरी लगिस् अब बता * उम्केर जालास् कहाँ ॥
दुर्योधन्, विर कर्ण, शल्य अरु द्रोण् * इत्यादि जो जो थिए ।
यस्तै रित्सित साम्बलाइ दिइ हाँक् * चौतर्फि घेरी लिए ॥४॥

त्यो देखीकन साम्बले पनि सहज् * वर्षा शरैको गरी ।
लागे सब् सित युद्ध गर्न उ बखत् * एक्लै अगाडी सरी ॥
क्यै बेर् सम्म लड़ेर साम्ब विरले * सब्लाइ व्याकुल् गरे ।
त्यो देखी सब कौरवादि विरले * अन्यायमा मन् धरे ॥५॥

प्रत्येक् हामि लड़ेर त्यस्कन कठिन् * भो जित्न लाई यहाँ ।
तस्मात् हामि सबै मिली गरुँ प्रहार् * एक् साथ जाला कहाँ ॥
यस्तो आपसमा मतो गरि अनेक् * एक्साथ शर् त्याग् गरी ।
ती सब्ले सुत अश्व साम्ब विरका * मारी दिए त्यै घरी ॥६॥

यै रित्ले विरथी गराइ पहिले * हुल् बाँधि सब्ले त्यहाँ ।
राखे रथ् बिच साम्बलाइ धरि फेर् * लीई गए घर् महाँ ॥

नारद्ले उहि बीच गैकन 'सुयो- * धन्' लाइ सूचन् गरी ।
हुन् यी कृष्णजिका कुमार् भनि दिए * इन्लाइ रत्ती भरी ॥७॥

दुख् केही न दिए हरी जब यहाँ * सब् फौज सङ्मा धरी ।
कुद्दै भैकन आउलान् तब गरे * जो गर्नु काम् त्यै घरी ॥
सम्झाई यसरी ति नारद गए * फेर् द्वारिका पुर् महाँ ।
यो-यो भो भनि हाल सब् प्रभु कनै * बिन्ती चढाए त्यहाँ ॥८॥

सुन्नूभो जब कृष्णले सकल हाल् * नारदजि देखी अनी ।
गर्छु कौरव-कुल् विनाश् , हुन गए * साह्रै घमण्डी भनी ॥
लाग्नू भो जब जान यादवि फउज् * साथ्मा लिई कोप् गरी ।
भन्छन् श्रीबलराम झट् प्रभुजिका * सामू अगाड़ी सरी ॥९॥

हे भाई ! सुन जान्छु कौरव कहाँ * ऐह्ले म बात्चित् सबै ।
ठीक्ठाक् पारि लिएर साम्बकन झट् * फिर्नेछु चाँडो अबै ॥
यी बात् रामजिको सुनी हुनु भयो * श्रीकृष्ण राजी जसै ।
उद्धव् हेरु लिएर साथ् चढ़ि गए * रथ्मा ति रामूजी तसै॥१०॥

पुगे राम् जब हस्तिनापुर नगीच् * उद्धव्जि दूत् भै बनी ।
सम्चार् श्री बलराम आगमनको * भन्दा भए झट् अनी ॥
खुशी भै सब कौरवादि विरले * आदर् बहुतै गरी ।
ल्याए श्री बलराम लाइ घरमा * भक्ती मनैमा धरी ॥११॥

बल्राम् लाइ गुरु भनेर मनमा * राजा सुयोधन् त्यहाँ ।
सोध्छन् नम्र भएर सब् कुशल बात् * शिर् राखि पाऊ महाँ ॥
भन्नू भो सुनि रामले सब कुरा * सब् लाइ सूचन् गरी ।
हे वीर् हो ! तिमिहेरुले गरि लियौ * अन्याय खूब् यस् घरी ।१२।

पक्री थुन्नु उठेर हूल् सकलले * यौटा उपर् यो पनी ।
कुन् हो क्षत्रिय-धर्म लौ भन तिमी * मन्मा बिचारी अनी ।।
राख्यौ बाँधि यसोरि साम्बकन फेर् * कुन् कारणैले यहाँ ।
त्यस्ले कुन् अपराध् गर्‍यो हरि-कुमार् * कम्ती छ कुन् बात् महाँ १३

जस्मा शक्ति छ सो स्वयंवर महाँ * गै लिन्छ कन्या हरी ।
यस्मा केहि अधर्म देख्तिन म ता * यो पुत्रि बीहा गरी ।।
भन्थे श्रीहरि गर्छु ध्वंस कुरु-कुल् * सारा म ऐह्ले गई ।
रोकें हुन्न विरोध गर्नु भनि झट् * मैले दयालू भई ।।१४।।

तिम्रो होस भलो भनी गरि बिचार् * आएँ म ऐह्ले यहाँ ।
मान्दैनौ यदि बात यो तिमि भने * होला विनाश् छिन् महाँ।।
यस्तै रिस्सित रामले सब कुरा * सम्झाउँदा मा पनी ।
झन् दुर्योधन भन्न बात् न सहि यो * लाग्यो घमण्डी बनी।।१५।।

व्यर्थैका यि कुरा सुनाउनु न होस् * ऐह्ले गुरूजी ! यहाँ ।
दिन्थैं केहि सजाय क्यै अरु भए * छोड्थें म तेसै कहाँ ।।
येती बात् भनि फेरि भन्न रिसले * ऊठेर चर्को गरी ।
लाग्यो सब् कन केहि भन्न उ बखत् * शेखी मनैमा धरी ।।१६।।

हुन् ती यादव क्षुद्र हामि हरुका * जुत्ता समान्‌का यहाँ ।
खोज्छन् हामि समान भै चढ्न ती * हाम्रा उपर् शिर् महाँ ।।
बीहा-बारि गराइ हामि हरुले * सम्बन्ध गर्दा महाँ ।
ती सब्‌को हुनगो घमण्ड बहुतै * पाएर सम्मान् यहाँ ।।१७।।

निन्दा यै रितले अनेक् तरहका * दुर्योधनैले गर्‍यो ।
सुन्दा त्यो असहन् भएर बलराम्- * लाई ठुलो रिस् पर्‍यो ।।

भन्नू भो सुन कौरवादि विर हो ! * जस्लाइ ईश्वर् भनी ।
गर्छन् पूजन प्राणि जन्हरु सबै * गन्धर्व धौता पनी ।।१८।।

यस्ता कृष्णजिलाइ यस् अधमले * निन्दा बहूतै गर्‍यो ।
तस्मात् यस्कन शेखि तोड़ि अहिले * लौ दण्ड गर्नू पर्‍यो ।।
येसैको गरि पापले तिमि हरू * नाश् हून लाग्यौ यहाँ ।
निन्दा श्री हरिको गरेर अहिले * को बाँच्छ संसार् महाँ ।१८।

येती बात् भनि फेर् हलो पृथिविमा * गाड़ेर झट् त्यै घरी ।
आँट्नूभो यमुनाजिमा नगरि त्यो * हाल्छू भनी सुर् गरी ।।
त्यो देखी धृतराष्ट्र भीष्म अरु फेर् * सारा अगाडी सरी ।
लागे गर्न स्तुती क्षमा गरनु होस् * भन्दै पुकार् धेर् गरी।।२०।।

हे शेष-रूप ! भगवन् ! महिमा न जानी ।
यस्ले गर्‍यो हजुरको अपमान् न मानी ।।
माफ् बक्सियोस् अधम मूर्ख भनेर जानी ।
राखी दया न हुनुहोस्, मनमा रिसानी ।।२१।।

यस्तै बिन्ति अनेक धेर् अरु सबै * भीष्मादिले जब् गरे ।
बलरामले पनि झट् प्रसन्न हुनगे * खैंची हलो पास् धरे ।।
दुर्योधन् पनि आइ राम्-चरणमा * लत्री अधीन् भै पर्‍यो ।
माफ् होस् जानिन नाथ् कसुर् जति गरें * भन्दै पुकारा गर्‍यो ।२२।।

थीयो मूर्ख घमण्डि त्यो तर पनी * सम्झाइ रामले सबै ।
भन्नूभो अब देखि शेखि न गरेस् * यस्ता प्रकार्को कबै ।।
यस्तै रित्सित कौरवादि विरका * शेखी टुटेथ्यो जसै ।
पुत्री साम्ब कनै बिहा गरि दिए * तिन्ले खुशी भै तसै ।।२२।।

दास्-दासी गज अश्व भूषण अनेक् * रत्नादि हेरू पनी ।
दीए छोरि जुवाइँ लाइ बहुते * खुशी हउन् यी भनी ।।
कन्या लाइ विदा गरेर रथमा * राम्जी चढी त्यै घरी ।
साथमा पुत्र-वधू र पुत्र लिइ घर् * फिर्नू भयो दङ् परी ।।२४।।

हे राजन् ! सुन हस्तिनापुरि हलो * राम्ले धसाई त्यहाँ ।
लीँदा खैँचि रिसाइ ढल्कि अझतक् * देखिन्छ कोल्टे उहाँ ।।
यो यो हाल भयो भनी बलजिले * विस्तार् गरी सब् कहे ।
सूनी कृष्णजि, उग्रसेन् नृपति सब् * आनन्द मानी रहे ।।२५।।

नारद श्रीकृष्ण माया दर्शन लीला ( १२९ )

राजन् ! नारदका भयो मन महाँ * एक् दिन् विचार् यो त्यहाँ।
रानी सोह्र हजार एक शय आठ् * यिन्का हरी सङ् महाँ ।।
बस्छन् लौं कसरी समान् सब महाँ * राखेर प्रेम् हर्-घरी ।
यो बात् बुझ्छु भनी उठि चलि गए * वायू-गतीले गरी ।।१।।

पौंचे सुन्दर द्वारिकापुरि महाँ * राम्रा महल् धेर् त्यहाँ ।
थीए सुन्दर बाग फल्-फुल समेत् * फूली रहेका जहाँ ।।
सारस्, मोर, चकोर पंछिहरु सब् * आनन्द स्वर्ले गरी ।
गर्थे गान् हरिको सुशोभित भई * बाग्मा ति सब् हर् घरी ।।२।।

यै रित्का अरु धेर् असंख्य चिजबीज् * देखी महल् बाग् पनी ।
पैह्ले रुक्मिणिका महल् तिर गए * नारद्जि हेर्छु भनी ।।
ताहाँ रुक्मिणिका महल् तिर महाँ * राज् गर्नु हुन्थ्यो हरी ।
उठ्नुभो मुनिलाइ देखिकन झट् * आदर् र सत्कार् गरी ।।३।।

आसन्मा धरि फेर् प्रणाम् गरि कुशल् * सोधी प्रभूले अनी ।
भन्नूभो ऋषिजी ! कृपा गरि ठुलो * दर्शन् दिनूभो अनी ॥
नारद्ले पनि हात जोरि स्तुति खूब् * गर्दा भए हे हरी ! ।
प्राणीको सब पाप छुट्छ प्रभुको * दर्शन् हुनाले गरी ॥४॥

यस्ता ईश्वर पारब्रह्म हरिको * पाएर दर्शन् यहाँ ।
मेरो जन्म सुफल् भयो हुन गएँ * कृतार्थ नाथ् ! मन् महाँ ॥
आज्ञा पाउँ म जान्छु नाथ ! अब ता * भन्दा भए ती जसै ।
बीदा बक्सनुभो बुझी सकल भाव् * तिन्का हरीले तसै ॥५॥

हूँदा भ्रम् मुनिलाइ भेद् लिन भनी * आए मुनी यस् घरी ।
यिन्लाई म छकाउँछू भनि अनेक् * रूप्का हुनूभो हरी ॥
ताहाँ देखि गएर नारद जिले * श्री सत्यभामा कहाँ ।
देखे श्री हरिलाइ खेल् हरु अनेक् * खेली रहेका त्यहाँ ॥६॥

हुन् ठूला भनि गर्नुभो प्रभुजिले * आदर् मुनीको अनी ।
साथ्मा श्रीहरिको रही अलिक बेर् * जान्छू जगन्नाथ् ! भनी ॥
बीदा भै अनि फेरि जाम्बवतिका * नारद्जि घर्मा गए ।
रानीले बुकवा लगाउदिछँदी * नाथ्लाइ देख्ता भए ॥७॥

फेरी नारद झट् उठी चलि गए * कालिन्दिका घर् महाँ ।
राज् हुन्थ्यो हरि रानिलाइ सँग ली * एकान्त खोपी महाँ ॥
ताहाँ देखि पनी फिरी मुनी गए * फेर् मित्रविन्दा कहाँ ।
ब्राह्मण् लाइ गराउँथे खुशि भई * भोजन् प्रभूजी जहाँ ॥८॥

गए फेर् सत्याका महल बिच नारद्ऋषि जसै ।
वहाँ गर्नू हुन्थ्यो हरि बसि विहार् प्रेम्सित तसै ॥

यही रित्ले नारद् अरु अरु महलमा पनि गए ।
सबै ठाम्मा प्रेम्ले हरिकन ति देख्ता पनि भए ॥९॥

कहीं गर्थे भोजन् हरि कहिं बसी स्नान् खुशि भई ।
कहीं गर्थे यज्ञै पनि कहिं सभाका बिच रही ॥
सयल् गर्थे कौशल् सित बसि परस्पर् हरि त्यहाँ ।
हँसी, ठट्टा, खेल्बाड् सकल महिषीका सँगमहाँ ॥१०॥

गर्थे श्री हरि पाठ्-पुजा कहिं 'गऊ- * दान्' कहिं बालक् लिई ।
काख्मा खूब खेलाउँथे कहिं हरी * नाच् गानमा मन् दिई ॥
हेर्थे खूब् खुशि भै यही तवरले * प्रत्येक घर्-घर् महाँ ।
देखे नारद्ले प्रभाव् प्रभुजिको * आश्चर्य मानी त्यहाँ ॥११॥

लागे नारद भन्न फेर् मगन भै * हे नाथ ! माया पती ।
माया यो सब नाथकै बुझ्नि लिएँ * पार् पाउँदैनन् यती ॥
मैले आज नजानि व्यर्थ प्रभुको * चर्चा गरें जो यहाँ ।
त्यस्को माफ् गरिबक्सियोस् लिइ दया * मेरा उपर् मन् महाँ ॥१२॥

यस्तो बिन्ति सुनेर नारदजिको * मन्मा खुशी भै अती ।
भन्नू भो हरिले न मान मनमा * नारद्जि शङ्का रती ॥
माया मेरि प्रबल् छ खूब सबमा * यस्का वशैमा परी ।
भुल्छन् सब् जन देवता ऋषि पनी * मानू नट्टवा सरी ॥१३॥

माया लाइ जिती फरक् रहुँ भनी * गर्छन् कती बल् पनी ।
सक्तैनन् तर तैपनी भुलि सदा * बस्छन् ति लाचार् बनी ॥
माया मेरि मलाइ नै पनि सदा * छोड्दीन ता फेर् कती ।
मायाको म कुरा गरूँ बुझि लिनोस् * शङ्का न मानी रती ॥१४॥

आज्ञा यो हरिको सुनीकन मुनी * हर्षित् भई मन् महाँ ।
बिन्ती फेरि गरे प्रभो ! नभुलुँ फेर् * मायाकि बन्धन् महाँ ॥
नाथ्को भक्ति रहोस् सदा मनमहाँ * बिन्ती म यै गर्दछू ।
अज्ञान् नष्ट गराइ बक्सनु हवस् * पाऊ विषे पर्दछू ॥१५॥

बिन्ती यो सुनि मर्जि भो प्रभुजिले * धन्दा न मान्नोस् रती ।
शुद्धात्मा हुनुहुन्छ तैपनि ऋषे ! * भन्छू रहोस् सद् मती ॥
फेर् बीदा भइ हर्ष मानि बहुतै * नारद्जि धाम्मा गए ।
संसारी झइँ भै हरी पनि अनेक् * कौतूक गर्दा भए ॥१६॥

श्रीकृष्ण इन्द्रप्रस्थ गमन लीला ( १३० )

राजन् ! एक्दिन कोहि विप्र हरिका * पौंची सभा बीच् महाँ ।
हात् जोरी हरिका अघिल्तिर गई * सामू खड़ा भै त्यहाँ ॥
लागे हेर्न र नाथबाट खुशि भै * सोध्नू भयो यो पनी ।
कुन् काम् पर्न गयो र हे द्विजपते ! * आयौ बताऊ भनी ॥१॥

आज्ञा यो प्रभुको त्यहाँ ति द्विजले * सूनी लिएथे जसै ।
खूशी भैकन गर्न बिन्ति हरिमा * लाग्दा भए झट् तसै ॥
हे नाथ् ! वीर् मगधेन्द्रले रणमहाँ * साम्ने अगाड़ी सरी ।
राख्यो भूपतिहेरु जीतिकन बीश् * हज्जार पूरा गरी ॥२॥

फेरी ती सबलाइ हालिकन नेल् * थूनेर भयाल्खान् महाँ ।
राखेको छ दिएर कष्ट बहुतै * बिन्ती गरूँ के यहाँ ?
ती सब्ले मकनै, गएर हरिमा * हाम्रो सबै हाल् पनी ।
बिन्ती गर्नु भनी पठाउँनु हुँदा * आयें म दूत् झैं बनी ॥३॥

तस्मात् बिन्ति म गर्दछु यदुपते ! * नाथ्कै भरोसा धरी ।
बस्छन् ती सब भूपती दुखित भै * रात्-दिन् पुकारा गरी ।।
हर्नु होस् दुख नाथले ति सबको * ऐल्हे गई झट् त्यहाँ ।
दुखभञ्जन् भनि नाम श्री प्रभुजिको * प्रख्यात छ संसार् महाँ ।४।

यस्तो विप्रजिको सुनेर विनती * उद्धार गर्छु भनी ।।
भन्नू भो अति खूशि भै प्रभुजिले * चिन्तित् बहूतै बनी ।
लाग्नू भो अनि फेरि गर्न मनमा * फिक्री जसै त्यै घरी ।
आए नारदजी त्यहाँ हरि सँगै * भेट् गर्न इच्छा गरी ।।५।।

देखी नारदलाइ खूब पहिले * आदर् गरी फेर् त्यहाँ ।
सोध्नू भो हरिले बताउनु हवस् * के-के छ हाल् लोक् महाँ ।।
प्रश्नै यो हरिको सुनेर मुनिले * बिन्ती गरे त्यै घरी ।
पाण्डव् यज्ञ म गर्दछू भनि 'तयार् * छन्' नाथकै आश् धरी।।६।।

हे नाथ् ! पाण्डव राजसूय गरने * इच्छा हुँदा मन् महाँ ।
गर्छन् आश हजूरकै गरि दिनोस् * इच्छा पुरा गै त्यहाँ ।।
यस्तो बिन्ति सुनी कसोगरुँ भनी * दो मन् भई श्री हरि ।
भन्नू हुन्छ कता म जाउँ सबले * सल्लाह द्यौ यस् घरी ।।७।।

सोध्नू भो अनि फेरि उद्धवजिका * सङ्मा बताऊ यहाँ ।
पैल्हे जाउँ मधूपुरि कि पहिले * पाण्डवहरू छन् जहाँ ।।
यस्तो प्रश्न सुनेर श्री प्रभुजिको * उद्धवजिले झट् त्यहाँ ।
हात् जोरि बिनती गरे उचित हो * जानू दुबै ठाम् महाँ ।।८।।

हे नाथ् ! भन्दछु तैपनि हजुरले * पाण्डव् तरफ्मा गई ।
यज्ञै पूर्ण गराउनू उचित हो * ऐल्हे दयालू भई ।।

पैह्ले गै लिनु पर्छ भूपति हरू * सब्लाइ वशमा गरी ।
मारी फेर् मगधेन्द्रलाइ उपकार् * गर्नू हवस् त्यै घरी ।।९।।

हीन् बुद्धी म त हूँ म जान्दिन अरू * उचित्-अनूचित् पनी ।
आफैं अन्तरयामि छौ सकल बात् * जान्ने जगत्का धनी ।।
उद्धवले विनती गरे प्रभुजिमा * यस्ता प्रकार्को जसै ।
यो बात् योग्य भन्यौ भनी गरनुभो * स्वीकार् हरीले तसै ।।१०।।

ब्राह्मण्का मुख तर्फ हेरि अनि फेर् * मर्जी भयो यो पनी ।
मार्नेछू म गएर त्यो मगधको * राजाकनै धीर् बनी ।।
आज्ञा यो सुनि विप्रले प्रभुजिको * हर्षित् बहूतै भई ।
सम्चार् यो सब नर्पती सँग महाँ * भन्दा भए झट् गई ।।११।।

फेर् उग्रसेन नृपका हरि सामु जाई ।
बीदा भई कन असल् रथ झट् सजाई ।।
रानीहरू सँग लिई अरु फौज सारा ।
चढ्नू भयो रथ उपर् ब्रजका पियारा ।।१२।।

सब् लाई सँगमा लिई हरि जसै * पाल्नू भयो रथ् चढी ।
देश्-देश्का नृपहेरु बीच् बिचमहाँ * पर्थे जती त्यस् घरी ।।
गर्थे ती सब खातिरी प्रभुजिको * लम्बेर पाऊ परी ।
तिन्को आदर भक्ति देखि प्रभुजी * खूशी हुँदै त्यो घरी ।।१३।।

यस्तै रित्सित मत्स्य उत्तर अनेक् * देश् लाइ नाघी त्यहाँ ।
पुग्नू भो हरि खूब शोभित भई * फेर् इन्द्रप्रस्थै महाँ ।।
सूने श्रीहरि पाल्नुभो भनि खबर् * श्री धर्मराज्ले जसै ।
सङ्मा भाइहरू लिएर खुशि भै * बाजा बजाई तसै ।।१४।।

आदर् पूर्वक नाथ लाइ सिंदुरे * यात्रा गरी फूल् छरी ।
ल्याए रानिहरू समेत् पुरि महाँ * आनन्द मङ्गल् गरी ॥
प्रीति पूर्वक भेट-घाट सबले * साथ्मा हरीका गरे ।
त्यस् बेला महाराज् युधिष्ठिरहरू * आनन्दमा खूब् परे ॥१५॥

पाई दर्शन नाथको युवति सब् * मोहित् भई मन् महाँ ।
लागे हेर्न बसेर क्वे छत महाँ * क्वे झ्यालका बिच् त्यहाँ ॥
हेर्दै सब् युवती र फेर् नगरको * शोभा पनी श्रीहरी ।
हिंड्थे खुशि भएर रैति सबको * मन्लाइ मोहित् गरी ॥१६॥

पुग्नू भो हरि कुन्तिका महलमा * सोही बखत् झट् अनी ॥
नाथ्का सासु गएर कुन्ति उभिइन् * अत्यन्त हर्षित् बनी ॥
मन्मा हर्ष बहुत् भएर हरिको * दर्शन् हुनाले गरी ।
लागिन् कुन्ति बहाउने हरषका * आँशू नयन्मा भरी ॥१७॥

कुन्ती फुपू हुन् भनि पाउ माहाँ ।
राखे हरीले शिर लाइ ताहाँ ॥
फेरी प्रणाम् रानि हरू गएर ।
गर्दा भए नम्र अती भएर ॥१८॥

रानी कृष्णजिका थिए जति सबै * तिन्लाइ झट् त्यै घरी ।
रानी द्रौपदिले लगिन् महलमा * आदर् बहुतै गरी ॥
दर्शन् फेर् हरिको गरेर बहुतै * खुशी भई मन् महाँ ।
धेरै बेर गरी परस्पर अनेक् * वार्ता कुशल्को त्यहाँ ॥१९॥

सब् हाल् आपसको सुनी खुशि भए * दूबै थरी त्यस् घरी ।
लागिन् द्रौपदि गर्न श्रीप्रभुजिको * सेवा अती प्रेम् गरी ॥

तारा-मण्डल बीच पूर्ण शशि भैं * अत्यन्त शोभित् भई ।
थाल्नू भो हरि राज गर्न दिन दिन् * पाण्डव् सभामा गई ॥२०॥

कैह्ले श्रीहरि खेल्दथे गइ शिकार् * अर्जुन् समेत् वन् महाँ ।
कैह्ले अर्जुन लाइ ज्ञान उपदेश् * दिन्थे खुशी भै त्यहाँ ॥
गर्थे पाण्डव हेरु श्री प्रभुजिको * सेवा–टहल् हर्–घरी ।
यै रित्ले हरि राज् हुँदा सकलको * शोकादि गैगो टरी ॥२१॥

एक् दिन् श्रीहरिका युधिष्ठिरजिले * हात् जोरि सामू गई ।
बिन्ती पारि लिए उसै बखतमा * अत्यन्त नम्रित् भई ॥
हे नाथ् ! धेर् दिन देखि यज्ञ गरने * इच्छा हुँदा मन् महाँ ।
दीएको हुँ हजूर लाइ तकलीफ् * डाकेर ऐल्हे यहाँ ॥२२॥

तप् यज्ञै सबको दिने फल हजूर् * आफैं हुनाले गरी ।
गर्छन् पूजन प्राणि सब् हजुरकै * भक्ती मनैमा धरी ॥
तस्मात् बिन्ति म गर्दछू यदुपते ! * शिर् राखि पाऊ महाँ ।
इच्छा पूर्ण गराइ बक्सनु हवस् * आएँ शरण्मा यहाँ॥२३॥

बिन्ती येति सुनि युधिष्ठिरजिको * हाँसेर खूब् प्रेम् गरी ।
भन्नू भो हरिले पुरा म महाराज् * गर्नेछु सब् दुख् हरी ॥
राजा हेरु जिती सबै पृथिविको * भाई हजुर्का गई ।
ल्याउन् दौलत खूब् जमा गरि बहुत् * अत्यन्त शूरा भई ॥२४॥

थाल्नूहोस् अनि यज्ञ साइत असल् * हेरेर त्यै दिन् महाँ ।
आज्ञा यो सुनि फेर् युधिष्ठिरजिले * चार् भाई लाई त्यहाँ ॥
दीए हूकुम भाइ हो ! तिमि हरू * अत्यन्त खूशी भई ।
ल्याऊ दौलत जीति सब् नृपहरू * चारै दिशामा गई ॥२५॥

यो आज्ञा सुनि चार भाइ खुशि भै * चारै दिशामा गए ।
कयै दिन्मा लिइ द्रव्य धेर् नृप जिती * सब् आइ पुग्दा भए ।।
दौलत् अर्पण सब् गरेर अनि ती * राजा युधिष्ठिर् त्यहाँ ।
थीए बिन्ति गरे खुशी भइ बहुत् * भाईहरूले त्यहाँ ।।२६।।

यस् बेला प्रभु नाथ् ! मगध्पति बड़ो * नामी हुनाले गरी ।
फक्यौँ हामि अजेय जानि न लड़ी * शङ्का मनैमा परी ।।
भीमार्जुन् सहदेव आदि सबको * सूनी वचन् यो त्यहाँ ।
उद्धव्ले विनती गरे अघि सरी * फेरी उसै बिच्महाँ ।।२७।।

दानी खूब् छ मगध्पती यस घरी * त्यै कारणैले गरी ।
हे नाथ् ! धर्म सहाय भै अजय त्यो * हूँदो भयो यस् घरी ।।
उद्धव्का थि कुरा सुनी मन महाँ * श्री धर्मराज्को अती ।
चिन्ता पर्न गयो गरूँ अब कसो * हे नाथ् ! जगत्का पती ।।२८।।

जरासन्ध वध लीला ( १३१ )

राजन् ! श्री हरिले बुझेर सब बात् * श्री धर्मराज्को त्यहाँ ।
मर्जी भो गरुँला उपाय महराज् ! * चिन्ता नहोस् मन् महाँ ।।
येती बात् भनि धर्मराज सित फेर् * भन्नू भयो यो पनी ।
भीमार्जुन् दुइ भाइ लाइ सँग ली * जान्छू मगध्काँ भनी ।।१।।

चाँडै नै दुइ भाइ लाइ सँग ली * श्री कृष्णजी त्यै घरी ।
पाल्नू भो मगधेश वध् गरनको * सङ्कल्प मन्मा गरी ।।
ब्राह्मण्को धरि भेष् तिनै जनहरू * पुग्दा भएथे जसै ।।
ब्राह्मण् जानि गरे मगध् नृपतिले * खातिर् बहूतै तसै ।।२।।

यस्लाई अब छल्छु ज्ञान कहि धेर् * ऐह्ले भनी मन् महाँ ।
शिक्षा दीन अनेक लाग्नु हरि भो * सोही बखत्मा त्यहाँ ।।
राजन् ! भन्छु जती म बात् सुनिलिनोस् * हित् हुन्छ त्यस्ले अती ।
ब्राह्मण् हुन् सबमा ठुला बुझि लिनोस् * शंका न ली एक् रती ।। ३।।

ब्राह्मण् तुष्ट गराउना कन अघी * राजा हरिश्चन्द्र ले ।
धेरै कष्ट सहेर मानि कन फेर् * ब्राह्मण्-वचन् इन्द्रले ।।
भोगे कष्ट अनेक् अघी बलि ठुला * राजा पनी जो भए ।
पृथ्वी सब् दिइ दान विप्रकन फेर् * वैकुण्ठमा ती गए ।।४।।

हून् ठूला भनि विप्रलाइ अघि धेर् * राजा हरूले पनी ।
दानदी तुष्ट गरे म भन्छु अधिराज् * बुभ्नू हवस् ठीक् भनी ।।
तस्मात् दानि भनेर नाम् हजुरको * प्रख्यात् हुनाले यहाँ ।
क्यै चीज् माग्न भनेर हामि अहिले * आयौं तपाईं कहाँ ।।५।।

शिक्षा यै रितले अनेक् प्रभुजिले * गर्नू भएथ्यो जसै ।
सूनी फेर् मगधेन्द्र सोचि मनमा * भन्दो भयो यो तसै ।।
भिक्षुक् भै तिमिहेरु आज मकहाँ * आयौ तथापी पनी ।
हैनौ ब्राह्मण क्षत्रि हौ तिमि हरू * आयौ कपट्-रूप् बनी ।।६।।

आफ्नू नाम र ग्राम् बताउ पहिले * साँचो न ढाँटी रती ।
इच्छा पूर्ण गराउँलां पछि म फेर् * राखी धरम्मा मती ।।
आदर् गर्छु सदा म विप्रहरुको * सब्मा यि ठूला भनी ।
ब्राह्मण् भिक्षुकलाइ गर्दिन विमुख् * कस्तै हवस् तापनी ।।७।।

यस्ता बात् गरि त्यो जरासुत रह्यो * एक् छिन् त मौनै धरी ।
औसर् जानि प्रभूजिले पनि यि बात् * भन्नू भयो गम्र गरी ।।

हे वीर् ! क्षत्रिय हूँ म कृष्ण बुझिल्यौ * यी भीम, अर्जुन् भनी ।
आयौं वर् यहि माग्न यौ समरको * इच्छा छ हाम्रो पनी ॥८॥


यस्ता बात् हरिको सुनी मगधराज् * हाँसेर क्यै त्यै घरी ।
लाग्यो भन्न अघी म देखि डरले * भागी गयौ हे हरी ! ॥
तस्मात् के म लडूँ तिमीसित त्र त्यौ * तिम्रो हवीगत् कती ।
अर्जुन् छन् लड्का कसो गरि भिडूँ * मिल्दैन जोडी रती ॥९॥

छन् यी भीम अवश्य जोडि बलमा * मेरा समान्का यहाँ ।
यिन्का साथ् भिडि लड्नलाइ रति क्यै* मान्दीन लाज् मन् महाँ ॥
ब्राह्मण्-रूप लि यस् बखत् तिमिहरू * आयौ अगाडी सरी ।
हो यो धर्म गृहस्थको गरि लिन् * संमान खातिर् गरी॥१०॥

तस्मात् लौ पहिले गराउँछु यहाँ * भोजन् अनी फेर् पछी ।
आउन् लड्न यि भीम रङ्ग-भुमिमा * झट्-पट् कछाडे कसी ॥
पैह्ले येति भनी गरेर बहुतै * आदर् लगी घर् महाँ ।
ती तीनै जन लाइ भोजन असल् * त्यस्ले गरायो त्यहाँ॥११॥

भोजन् खूब् गरि निस्कि सब् चलिगए* थीयो अखाड़ा जहाँ ।
भीड़े ती दुइ वीर भीम् मगधराज् * ताल् ठोकि त्यै बीच्महाँ ॥
भारी दूइ गदा उठाइ दुइ वीर् * लड्दा भए हाँक् गरी ।
ठूलो शब्द भयो भिड़ीकन गदा * ठोक्दा महाँ त्यै घरी॥१२॥

दश् हजार् गजका समान बलिया * थीए दुवै वीर् त्यहाँ ।
हान्थे वज्र समान् गदा घत बुझी * जोर्ले परस्पर् महाँ ॥
बज्रन्थ्यो दुइका शरीर् बिच गदा * पर्थ्यो र चोट् तै पनी ।
दुख् केही रतिभर् नमानि अरु झन् *लड्थे जितौंला भनी॥१३॥



यस्तै रितिसित दिन्भरी लड़ि गदा- * युद्धै दुवै ती जसै ।
पर्थ्यो राति गएर खान्-पिन गरी * विश्राम गर्थे तसै ॥
भोली पल्ट उठेर फेर् लड्दथे * मन्मा ठुलो इख् धरी ।
जोर्लें सिंह समान गर्जि ति दुबै * ताकी प्रहारै गरी ॥ १४ ॥

सत्ताइस् दिन यहि रितिसित बित्यो * हार्-जित् नभै क्यै जसै ।
शोच्नू भो हरिले विचारि मनमा * मार्ने उपायै तसै ॥
जन्मेथ्यो जब यो जरा-सुत दुई * फ्याँक् पो भएको थियो ।
यौटी राक्षसिले गएर दुइ फ्याँक् * जोर्दा जुटी सो गयो ॥ १५ ॥

नाम् त्यस् राक्षसिको जरा भनि थियो * त्यै कारणैले गरी ।
त्यस्को नाम् हुनगो जरासुत 'जरा- * सन्धै' भनी लोक् भरी ॥
सूनी यो समचार् बृहद्रथ भनी * त्यस्का पिता जो थिए ।
तिन्ले ज्योतिषिहेरु डाकि शिशुको * चीह्ना बनाई लिए ॥ १६ ॥

सोधेथे द्विजराज ! हेरि ग्रह-फल् * भन्नू हवस् यो पनी ।
बालक्का ग्रह छन् खराब् कि बढ़िया * होला कउन् नाम् भनी ॥
सोद्धा ज्योतिषिहेरुले गरि विचार् * भन्दा भए यो अनी ।
होला बालक यो बड़ा बलि 'जरा- * सन्धै' भनी नाम् पनी ॥ १७ ॥

मर्नै छैन कदापि सन्धि न फटी * होला अमर् यो यहाँ ।
येती बात् भनि ज्योतिषीहरु गए * बीदा भई घर् महाँ ।।
सोची येति प्रभूजिले बल दिई * ताहीं इशारा गरी ।
पात् यौटा चिरि भीमसेन् कन दिए * संकेत् गरी त्यै घरी ।।१८।।

यस्तै रितुसित पात् समान् चिर भनी * बूझे इशारा जसै ।
टाङ् च्याती भिमले जरासुत कनै * द्वी फ्याँक पारे तसै ।।
चिर्दा टाङ् धरि त्यो मगध्पति मर्‍यो * सोही बखत्मा अनी ।
वर्षाए भइ खूशि देवहरुले * माला फुलैको पनी ।।१९।।

राज्गद्दी सहदेव पुत्र कन दी * सब् राज्यको भार् त्यहाँ ।
पाल्नू भो हरि सब् थिए नृपहरू * थूना परेका जहाँ ।।
बन्धन् बाट फुकाइ श्री प्रभुजिले * प्रत्यक्ष रूप्ले गरी ।
दर्शन् दीनु भयो जसै प्रभुजिका * हात् जोरि पाऊ परी ।।२०।।

लागे गर्न स्तुती हरी ! जगतका * मालिक् हजूरै भई ।
सृष्टी, पालन, नाशको सकल काम् * गर्नै सबैमा रही ।।
जस्ले ध्यान् सब रोज गर्छ मनमा * भक्ती सहित्ले यहाँ ।
आखीर्मा तिनि मुक्त भै भव तरी * जान्छन् परम्पद् महाँ ।२१।

नाथ्को भक्ति अटल् रहोस् मन महाँ * सब् दिन् न बिर्सौं भनी ।
गर्छौं बिन्ति थियौं घमण्डि बहुतै * नाथ्लाई कैल्है पनी ।।
याद् मन्मा न गरेर नास्तिक सरी * बस्थ्यौं सदाकाल् यहाँ ।
दर्शन् श्रीहरिले दिंदा दुख छुटी * खुशी भयौं मन्महाँ ।।२२।।

यस्तै रित्सितका अनेक् स्तुति गरे * राजा हरूले जसै ।
खूशी भै हरिले वचन् प्रिय अती * भन्नू भयो फेर् तसै ।।

हे राजाहरु हो ! सदा मन महाँ * खूब् शुद्ध भाव्ले गरी ।
मेरो ध्यान् सुमिरन् गरे पछि सहज् * जान्छौ जगत् पार् तरी ॥

चिन्ता केहि न ली गएर घरमा * आनन्द पूर्वक् गरी ।
नीती पूर्वक राज् चलाइ बस फेर् * विप्रै उपर् प्रेम् धरी ॥
त्यागी काम र क्रोध, लोभ, अभिमान् * एकाग्र ली मन् महाँ ।
मेरो भक्ति भजन् गरे घर बसी * के हुन्छ गै वन् महाँ ॥२४॥

अर्को भन्छु म मुख्य बात अभिमान् * कैल्हे न गर्नू रती ।
जस्ले शेखि गर्‍यो पर्‍यो नरकमा * कष्टादि भोगी अती ॥
गर्दामा अभिमान रावण, नहुष् * पैल्हे जती वीर् थिए ।
सारा वंश समेत नाश् हुन गई * राज्-पाट त्यागी गए॥२५॥


यस्तै धेर् उपदेश् सुनेर हरिको * राजाहरू सब् त्यहाँ ।
पाऊमा हरिको धरी शिर बहुत् * गद्-गद् भए मन् महाँ ॥
सन्मान् राजकुमारले पनि गरे * सब्लाइ खूब् त्यै धरी ।
भोजन् बेस् पहिले गराइ कपड़ा * सुन्दर् दिए मन् हरी॥२६॥

फेर् सब्लाइ तयार् गरी रथ दिए * जाउन् घरैमा भनी ।
राजा हेरु भई बिदा चरणमा * नाथ्का परी झट् अनी ॥
खूशी भै रथमा चढ़ी चलि गए * आफ्ना जसै घर् महाँ ।
भीमार्जुन् सहदेव साथ् हरि पनी * फिर्नू भयो झट् त्यहाँ ॥२७॥

राजसूययज्ञ, शिशुपाल बध लीला ( १३२ )

रथ्माथी चढ़ि इन्द्रप्रस्थ पुरिमा * पाल्नू भयो नाथ् जसै ।
खूशी भै सुनि धर्मराज् सकल हाल् * श्रीकृष्ण देखी तसै ॥

भन्छन् हे हरि ! लौ हजुर् बिनु यहाँ * हुन्थ्यो पुरा याग् कहाँ ।
आधार् मान्छु प्रभूजिकै हर घड़ी * आशा धरी मन्महाँ ॥१॥
बिन्ती येति गरी युधिष्ठिरजिले * फेर् यज्ञ खातिर् त्यहाँ ।
निम्ता सब् पृथिवी भरी नृपतिका * भेज्दा भए पास् महाँ ॥
बिस् हजार् अरु आठ सै नृपति सब् * जम्मा भई त्यै घरी ।
निम्ता पाइ ति इन्द्रप्रस्थ पुरिमा * हाजिर् भए झट् गरी ॥२॥
फेर् राजा धृतराष्ट्र भीष्म कुरुकुल् * द्रोणादि लाई पनी ।
निम्ता गर्नु भयो युधिष्ठिरजिले * हुन् मान्य मेरा भनी ॥



यस्तै रित्सित भेटि दौलत अनेक् * लीएर सङ्मा त्यहाँ ।
आए देश विदेशका नृपहरु * खूशी भई मन् महाँ ॥३॥
फेरी इन्द्र, कुबेर्, वरुण्, ऋषि मुनी * इन्द्रादि द्यौता सबै ।
दिक्पाल् सिद्ध महर्षिहेरु पनि सब् * हाजिर् भए हर्ष भै ॥
पैह्ले शुद्ध गराइ भूमि पछि फेर् * सुन्का हलोले त्यहाँ ।
जोती मण्डप यज्ञको गरि लिए * तैयार् उसै बीच् महाँ ॥४॥
रानी द्रौपदि साथमा लिइ भई * दीक्षित् युधिष्ठिर् अनी ।
यज्ञै मण्डपमा बसे खुशी भई * गर्छु म यज्ञै भनी ॥

कश्यप्, व्यास, वशिष्ठ, नारद, च्यवन् * गौतम् र देवल् भए ।
अत्री, पिप्पल, धौम्य आदि मुनिगण् * वेद्-मन्त्र पढ्दै रहे ।।५।।

लाग्यो वेद्-विधिले हवन् हुन त्यहाँ * वेद्का विधान्ले गरी ।
भारी राजसु यज्ञको शुरु भयो * शोभा भई त्यस् घरी ।।
त्यै बीच्मा महराज् युधिष्ठिरजिले * सोधी लिए यो पनी ।
भन्नूहोस् सब जन् ! गरूँ म पहिले * पूजा त कस्को भनी।।६।।

भन्छन् यो सुनि राजपुत्र सहदेव् * राजा मगध्का त्यहाँ ।
पैह्ले पूजन गर्नु पर्छ भगवान् * श्री कृष्णजीको यहाँ ।।
साक्षात् ईश्वर पूर्ण-रूप भगवान् * चौधै भुवन्का धनी ।
यस्ता नाथ्कन पूज्नु पर्छ सबले * पैल्हे यि पूज्यै भनी।।७।।

सुन्ना साथ् सबले यि बात्, सरहनी * गर्दा भए खूब् त्यहाँ ।
'हो साँचो पहिले पुजा प्रभुजिको * गर्नू उचित् हो यहाँ' ।।
गद्-गद् भैकन धर्मराज हरिको * सोही बखत्मा त्यहाँ ।
लागे पूजन गर्न खूब् विधि सहित् * भक्ती लिई मन् महाँ।।८।।

पैल्हे रत्न जड़ीत सुन्दर असल् * सिंहासनैमा धरी ।
रानी अष्ट महीषि साथ बहुतै * सर्जाम् तयारी गरी ।।
भेटी रत्न चढ़ाइ प्रेम् सँग अती * पूजा हरीको गरे ।
फेर् आभूषण दिव्य वस्त्र, गहना * पैह्राइ पाऊ परे ।।९।।

हे लोकेश्वर ! विश्व-रूप भगवान् ! * प्रेमूले शरण्मा लिने ।
भक्तैजन् हरुको सबै दुख हरी * कर्मानुसार् फल् दिने ।
यस्ता श्री हरिका परी चरणमा * बिन्ती म गर्छू यहाँ ।
मेरो यज्ञ सुफल् गराइ दिनु होस् * राखी दया मन् महाँ १०।।

यस्तै धेर् स्तुति नाथको गरि लिए * श्री धर्मराज्ले जसै ।
आकाश्वाणि पनी भयो जय हरी * भन्दै उ बेला तसै ।।
वर्षाए फुल कृष्णका उपरमा * द्यौता हरूले पनी ।
साह्रै खुशि भए सबै नृप हरू * हे नाथ ! धन्यै ! भनी ११।।

यो सुन्दा असहन् भएर शिशुपाल् * एक्लै उठी त्यै घरी ।
रिस्ले मुर्मुरिएर क्रोधित भई * निन्दा हरीको गरी ।।
लाग्यो भन्न सुनाइ हे सुजन हो ! * भन्छू सुनील्यौ सबै ।
यौटा बालकका कुरा पछि यहाँ * लाग्यौ सबै अन्ध भै।१२।।

मेरो चित्त बुझेन एक् जउन हो * सामान्य ग्वाला यहाँ ।
त्यस्को पूजन क्यै न बूझि गरदा * आश्चर्य भो मन् महाँ ।।
जस्को क्यै पनि छैन निश्चय पिता * माता र जात्को पनी ।
जस्ले छोरि, बुहारि गोपहरुका * दीयो बिगारी अनी।१३।।

जो घर्-घर् घुसि चोरि हुर्मत लिंदै * गर्थ्यो उपाधी अती ।
जस्ले छल् गरि इन्द्रको पनि हर्यो * पूजा न ली लाज् रती ।।
ढाँट्नू छल्नु फगत् कपट् गरि सदा * गर्ने खराब् काम् जउन् ।
स्त्रीमा लम्पट मन् परी गरि लिने * दुर्बुद्धि नीच् हो तउन्१४।।

यस्ता निन्दित कृष्णको गरि पुजा * साह्रै खराब् काम् गर्‍यौ।
काहाँ शङ्कर, इन्द्रलाइ तजि यो * नीच् कर्ममा मन् धर्‍यौ ।।
काहाँ कश्यप, व्यास, नारद मुनी * इन्द्रादि द्यौता कहाँ ।
काहाँ जङ्गलि कृष्ण त्यो हुन गयो * ठूलो कसोरी यहाँ ।।१५।।

यस्तै कृष्णजिलाइ गालि शिशुपाल् * दींदो भयो धेर् जसै ।
त्यो सूनी असहन् भएर मनमा * व्याकुल् भए सब् तसै ।।

हे पापिष्ट ! तँ कालका वश परी * निन्दा हरीको यहाँ ।
गर्छस् क्यै डर भर् न ली यसरि लौ * हाम्रा अगाड़ी महाँ ।।१६।।

येती बात् भनि मार्नलाइ भिमसेन् * दौड़े गदा ली जसै ।
रोक्नू भो हरिले समाति करले * सोही बखत्मा तसै ।।
भन्नूभो सुन हे वृकोदर ! तिमी * रिस् थाम ऐल्हे भनी ।
यस्को एक् शयसम्म गालि सहने * मेरो प्रतिज्ञा छ नी।।१७।।

ऐल्हे जान्छ मरी स्वयं हरिप यो * एक्-एक रेखा यहाँ ।
राखेकोछु खिंची-खिंची जमिनमा * प्रत्येक गाली महाँ ।।
यो सूनी सबले गरे विनति नाथ् * यो भेद सारा अबै ।
आज्ञा होस् सुनुँ हामि यस् विषयको * संदेह जावस् सबै ।।१८।।

कारण् के छ शये तलक् सहि लिने * गाली हजुर्ले यहाँ ?
यस्तो बिन्ति सुनेर श्री प्रभुजिले * मर्जी भयो झट् त्यहाँ ।।
भन्छू लौ सुन भेद यस् विषयको * पैल्हे जउन् काल् महाँ ।
जन्मेथ्यो उस काल नेत्र तिन हात् * यस्को थिए चार् त्यहाँ१६।।

ज्योतीषी हरुले भने उस बखत् * गर्दा विचार् यस् घरी ।
जानील्यौ शिशु हुन्छ यो अति बली * विख्यात रावण् सरी ।।
एक् बात्को डर यो पनी छ सुनिल्यौं * जस्ले लिंदा काख् महाँ ।
गिर्लान् हात् दुइ नेत्र एक् उस बखत् * होला उही काल् यहाँ २०।।

यस्को मृत्यु हुने छ त्यै पुरुषका * हात् देखि जान्नू भनी ।
भन्दा ज्योतिषि हेरुले हुन गइन् * माता विकल् खूब् अनी ।।
एक्दिन् यस् शिशुपाललाइ लिइ नी * आइन् मथूरा महाँ ।
क्रमले बालकलाइ काख बिचमा * लींदाभए सब् त्यहाँ।।२१।।

मैले फेर् पछि काखमा जब लिएँ * यस्लाइ झट् त्यै घरी ।
दूई हात् अरु एक् नयन् गिरि गए * यस्का अकस्मात् झरी ।।
यो देखी जननी अती भय गरी * लागिन् ति भन्नै त्यहाँ ।
यस्माथी करुणा रहोस् हरि ! फुपू- * को पुत्र जानी यहाँ।।२२।।

तिन्को यो सुनि बिन्ति गालि शय तक् * यस्को सहूँला भनी ।
भन्दा फेरि म देखि ठुक्क भइ ती * जाँदी भइन् घर् अनी ।।
विस्तार् येति गरेर श्री प्रभुजिले * रेखा थिए सब् जती ।
गन्नू भो शय देखि धेर बढ़ता * थीए ति रेखा तती।।२३।।

त्यो देखी हरिले उसै बखतमा * हानेर चक्रै त्यहाँ ।
काटी शिर् त्यहिं मारि बक्सनु भयो * गीन्यो भुमीतल् महाँ ।।
जीव् निस्की शिशुपालको हरिमहाँ * मिल्दो भयो झट् गई ।
द्यौताले जय शब्द साथ फुलको * वर्षा गरे खुश् भई।।२४।।

पार्षद् त्यो हरिको थियो आघि मुनी- * जीको परी श्राप् त्यहाँ ।
त्यस्ले तीन पटक् लियो जनम यस् * सन्सार सागर् महाँ ।
पैल्हे जन्म महाँ हिरण्य भइ त्यो * जन्म्यो हरीले पनी ।
उद्धार् त्यस्कन मारि गर्दिनु भयो * नृसिंह रूप्को बनी।।२५।।

जन्म्यो रावण भै र फेरि हरिले * दोस्रा पटक्मा पनी ।
राम्-रूप् भैकन मारि मुक्ति दिनुभो * जावस् परम्-धाम् भनी ।।
जन्म्यो यस् घरि फेर भएर शिशुपाल् * श्रीकृष्ण औतार् धरी ।
मार्दा त्यो पुगिगो परम्-पद महाँ * संसार सागर् तरी ।।२६।।

येही रीत् क्रम पूर्वकै प्रभुजिले * तीन् बार औतार् धरी ।
मुक्ती त्यस्कन दीनुभो खुशि भई * त्यस्का उपर् प्रेम् गरी ।।

भन्छू फेरि अगाड़ि हे नरपते ! * त्यो यज्ञ भारी त्यहाँ ।
देखी खूब् सहुनी गरे सकलले * खूशी भई मन् महाँ ।।२७।।

यज्ञैको सब काम् समाप्ति गरि फेर् * गोदान-आदी गरी ।
ब्राह्मण् याचक लाइ तृप्त गरि फेर् * खूशी भए बेसरी ।।
फर्के सब् अति खूशी भै घर फगत् * राजा सुयोधन् त्यहाँ ।
पाण्डव् माथि धरेर इख् मन-मनै * फिर्दा भए घर् महाँ ।।२८।।

विस्तार् येति सुनी परीक्षितजिले * सोधी लिए फेर् अनी ।
कस्कस्ले कुन काम् गरे शुक ऋषे ! * भन्नू हवस् त्यो पनी ।।
दुर्योधन् नृपले अघी सरि कउन् * काम् यज्ञमा गै गरे ।
सारा खूशि भए परन्तु तिनिले * पाण्डव् उपर् इख् धरे ।।२९।।

यस्को कारण हो कउन् कहनु होस् * वर्णन् गरी त्यो पनी ।
प्रश्नै यो सुनि भन्दछन् शुक मुनी * राजन् ! म भन्छू भनी ।।
राजन् ! श्रीहरिलाइ यज्ञ बिचमा * सब्ले यि मुख्यै भनी ।
ठान्थे सब्कन भार् दिएर प्रभुले * राख्दा भए फेर् अनी ।।३०।।

अवभृत स्नान, यज्ञकर्म वर्णन लीला ( १३३ )

भोजन्को सब काम् ति भीम्कन दिए * जान्ने यिनै छन् भनी ।
अर्जुन् खातिरि गर्दथे सकलको * किंकर् समान्का बनी ।।
गर्थे फेर् सहदेव विप्र हरूको * पूजन् अती प्रेम् गरी ।
हेर्-चाहा सब गर्दथे नकुलजी * सामग्रिको ठीक् गरी ।।१।।

धोई विप्रजिको चरण्-जल लिने * काम् गर्नु हुन्थ्यो हरी ।
दिन्थे ब्राह्मणलाइ दान दक्षिना * वीर् कर्ण खूब् त्यै घरी ।।

दुर्योधन् धनको अधीपति भई * घेर् ली कपट् मन् महाँ ।
गर्थे खर्च सकी दिऊँ भनि सबै * पाण्डव्हरूको त्यहाँ ।।२।।

झन्-झन् श्रीहरिको कृपा हुन गई * धन् कोशमा बढ्दथ्यो ।
कम्ती केहि नभै बरा-बर सबै * काम्काज ठीक् चल्दथ्यो ।।
हात्मा चक्र थियो सुयोधनजिको * त्यस्का प्रभावले गरी ।
एक्को चार् भई पूर्ण धन् ढुकुटिमा * हुन्थ्यो अधिक् झन् भरी।३।।

कम्ती केहि थिएन तैपनि पछी * होला अभाव् की भनी ।
चिन्ता घेर भयो युधिष्ठिरजिमा * सो मेट्न लाई अनी ।।
अर्जुन्लाइ कुबेर् कहाँ नृपतिले * कर्जा लि आऊ भनी ।
बीदा दीकन फेर् पठाउनु हुँदा * अर्जुन् पुगे झट् अनी ।।४।।

देखी अर्जुन लाइ आदर गरी * सोधे कुबेर्ले जसै ।
आफ्नू मत्लब सब् कहे उहि घरी * अर्जुन्जिले झट् तसै ।।
सूनी खुब् खुशि भै असंख्य धन झट् * सोही बखत्मा त्यहाँ ।
लौ लैजानु हवस् भनीकन दिए * शंका न ली मन् महाँ ।।५।।

अर्जुन्जी धन ली युधिष्ठिरजिका * सामू ति जाँदा भए ।
त्यो सब् श्रीमहराजले खुशि भई * काम्मा लगाई दिए ।।
यस्तै रित्सित भारि राजसुय त्यो * हूँदो भयो खूब् त्यहाँ ।
भैगो काम् जब यज्ञको सब पुरा * निर्विघ्न त्यै बीच् महाँ ।।६।।

निस्के स्नान् अवभृत् गराउन भनी * थीए त्यहाँ सब् जती ।
कर्त्तालाइ अगाड़ि लाइ कन झट् * मन्मा खुशी भै अती ।।
मङ्गल् वाद्य बजाइ घेर् तरहका * लावा अबीर् फुल् छरी ।
चल्थे कस्विहरू अगाड़ि सबका * गान् गाउँदै मन् हरी ।।७।।

नाना भूषण, वस्त्र पैह्रि शिरमा * शिर्पेच धारण् गरी ।
घोड़ा, रथ्, गजमा चढ़ी सब चले * राजाहरू दङ् परी ॥
श्रृंङ्गार् भारि गरी अनेक गहना * लाई, सबै आङ् महाँ ।
निस्के गर्न भनेर स्नान 'महिषी- * हेरू' रती भै त्यहाँ ॥८॥

यस्तै रित्सित खूब सज्जित भई * राजा युधिष्ठिर् जसै ।
गङ्गामा गइ स्नान गर्न विधिले * लागे शुची भै तसै ॥
लागे फेर् सब गर्न वेद-ध्वनि खूब् * ब्राह्मण् ऋषीगण् पनी ।
साथ्मा लीकन रानि द्रौपदि सहित् * हर्षित् बहुतै बनी ॥९॥

पैह्ले स्नान् गरि फेर् युधिष्ठिरजिले * सारा शरीर् भर् महाँ ।
सौगन्धी छिटि वस्त्र भूषण नयाँ * धारण् गरे फेर् त्यहाँ ॥
यस्तै रित्सित फेरि बन्धु र अरू * रानी हरूले पनी ।
जलमा गैकन स्नान् गरेर कपड़ा *पैह्रे अती खुश् बनी॥१०॥

वर्षाए फुल देवता सकलले * खूशी भई त्यस घरी ।
फेर् स्नानादि सकी फिरे नगरमा * सब् साथ मङ्गल् गरी ॥
सब्ले त्यस् घरि खूब् युधिष्ठिरजिको* भारी प्रशंसा गरे ।
गाई गीत सुकीर्तिका मन-मनै * आनन्दमा सब् परे॥११॥

दुर्योधन मान भङ्ग लीला ( १२४ )

यस्ता रित्सित राजसूय गरि खूब् * नाथ्का प्रभावले त्यहाँ ।
ठूलो कीर्ति भयो युधिष्ठिरजिको * सारा तिनै-लोक् महाँ ॥
रात्-दिन् घर्-घर गान गर्न सब जन्* लागे अती दङ् परी ।
क्या बात् धन्य भनी युधिष्ठिरजिको * भारी प्रशंसा गरी ॥१॥

सङ्मा लद्मि समान द्रौपदि प्रिया * रानी लिई शोभिई ।
बस्थे खुश् भइ श्रीयुधिष्ठिर सदा * श्रीकृष्णमा मन् दिई ॥
कुन्ती केहि थिएन रत्न मयका * दर्बारमा त्यस् घरी ॥
गर्थे लद्मि समान रानि हरिका * शोभा त्यहाँ हर्-घरी ॥२॥

हीरा मोति र लाल नीलमणिसमेत् * पन्ना जड़ी सुन् महाँ ॥
राम्रामा पनि हद्दको मय रचित् * दर्बार् थियो जुन् त्यहाँ ॥
पाँच् भाइ विर पाण्डवादि सँगमा * रानी लिई द्रौपदी ।
गर्थे राजसि सौख्य दिन्-दिन सदा * राखी धरम्मा मती ॥३॥

शाही दिव्य सभा महाँ कुरुपती * सङ्मा हरीका रही ।
भाई हेरु समेत इन्द्र सरि खूब् * अत्यन्त शोभित् भई ॥
सुन्थे धर्म कुरा उसै बखतमा * हेर्छू सभा लौ भनी ।
आए भाइ र इष्ट-मित्र सँग ली * राजा सुयोधन् पनी ॥४॥

मायाले मय दैत्यको रचित त्यो * दिव्यै सभाको जसै ।
देखे सुन्दरता सुयोधनं जिले * मोहित् भए खूब् तसै ॥
झलकन्थे मणिका प्रभा वरि-परी * थीए तलाऊ जहाँ ।
झल्कन्थे जल स्वर्ण भित्तिहरुको * छाया त पर्दा महाँ ॥५॥

यस्तो दिव्य अमरपुरी झइँ सभा * देखेर खूब् डाह ली ।
झन् दुर्योधनका पर्‍यो मन महाँ * अत्यन्त धेर् खलबली ॥
तिन्लाई भ्रम यो पर्‍यो जल भनी * चल्दा हुँदी थल् महाँ ।
लागे वस्त्र सँभाल्न स्थल् भनि गिरे * जाँदा हुँदी जल् महाँ ॥६॥

यस्तो चाल अजब् सुयोधनजिको * देखेर खूब् त्यै घरी ।
हाँसे द्रौपदि आदि रानिहरू सब् * हँस्सी ठट्टै गरी ॥

भन्छिन् द्रौपदि फेरि छेड् गरि अहो ! * हे बैन्हि हो ! यी यहाँ ।
अन्धा हुन् कि कसो कि क्यै पिइ नशा * आए सभा बीच् महाँ७॥

यो केही अरु ह्वैन अन्ध-कुलमा * पैदा हुनाले गरी ।
छन् आँखा त पनी लिई कुलमहाँ * चल्छन् यि अन्धै सरी॥
यस्तै छेड़ गरिन् रही महलमा * द्रुपद्-सुताले जसै ।
खूब् ऊँचो स्वरले वृकोदर पनी * हाँस्ता भए फेर् तसै ८॥

रोक्थे सक्भर धर्मराज् तर पनी * झन् भीम हाँस्तै रहे ।
सुन्दा हँस्सि लिएर डाह जलि खूब् * फर्की सुयोधन् गए ॥
त्यै दिन् देखि लिएर बैर कुरुराज् * राजा सुयोधन् पनी ।
लागे गर्न ति यत्न पाण्डु-सुतको * सर्वस्व खोसूँ भनी ॥९॥

रोपियो बिज भार हर्न भुमिको * भन्ने हिसाबले गरी ।
हूँनूभो मनमा प्रसन्न त पनी * मान्दा भए खेद् हरी ॥
त्यो देखी बहुतै दुखित् हुन गए * मन्मा युधिष्ठिर् त्यहाँ ।
केही काल् बसि इन्द्रप्रस्थ हरि फेर् * फिर्नू भयो घर् महाँ।१०॥

शाल्व प्रद्युम्न संग्राम लीला ( १३५ )

बिस्तार् येति गरी परीक्षितजिका * साम्ने अरू फेर् पनी ।
लागे श्री शुकदेव भन्न जसरी * मानिस् सरीका बनी ॥
शाल्वै लाइ विनाश् गरे प्रभुजिले * विस्तार गर्छू भनी ।
थीयो शाल्व असूर एक् हरि उपर् *राख्थ्यो विरोध् त्यो पनी १॥

राजन् ! रुक्मिणिको बिहा अघि हुँदा * राजा शिशूपाल् जसै ।
हारे शाल्व पनी डराइ घरमा * भाग्दा भए झट् तसै ॥

त्यै दिन्देखि लिएर इख् मन महाँ * यादव् निभाऊँ भनी ।
लाग्यो त्यो तप गर्न श्रीशिवजिको * भक्ती सहित् दृढ् बनी ।।२।।

क्यै दिन्मा तपदेखि शम्भु खुशि भै * प्रत्यक्ष रूप्ले त्यहाँ ।
दर्शन् दीकन भन्नुभो खुशि भएँ * तप् देखि तिम्रो यहाँ ।।
इच्छा जे मनमा छ माग भनि यो * आज्ञा सुनेथ्यो जसै ।
हात् जोरीकन शाल्वले खुशि भई * बिन्ती चढ़ायो तसै ।।३।।

हेनाथ ! दिव्य विमान एक् अति असल् * जस्का उपर्मा चढ़ी ।
जाहाँ जान म चाहुँला उहिं पुगोस् * वायू समान् बेग् गरी ।।
इच्छाचारि हवस् र देव-दनुजे * मानिस् हरूले पनी ।
तोड्दा तोड़ि नशक्नु नाथ ! दिनुहोस् * त्यस्तै विमान् एक् भनी।।४।।

यो बिन्ती जब तेसले गरि लियो * खूशी भई त्यै घरी ।।
डाकी फेर् मयलाइ श्री शिवजिले * आज्ञा दिए झट् गरी ।
आज्ञा माफिक क्षोभ नाम् अति असल् * योटा विमान् झट् त्यहाँ ।
तैयारी गरि शाल्व लाइ त्यसले * दीयो उसै बीच्महाँ ।।५।।

यस्तो दिव्य विमान पाइ खुशि भै * त्यो शाल्व घर्मा गयो ।
मारे श्रीशिशुपाल लाइ सुनि यो * झन् क्रुद्ध हूँदो भयो ।।
मारे मित्रकने भनी रिस लिई * यादव् विनाशछू भनी ।
धेर् फौज् ली चढ़ि त्यै विमान् उपर त्यो * जाँदो भयो झट् अनी।।६।।

लाग्यो त्यो पुगि द्वारिका पुरि नगीच् * उत्पात गर्नै अती ।
घेरा दी चउतर्फ बाट जल फेर् * वर्षा गरायो कती ।।
कैह्ले फ्याँ कि शिला र वृक्ष अरु धेर् * आँधी चलाई त्यहाँ ।
अन्धकार् गरि आँधि धेर् गरन त्यो * लाग्दो भयो सब् महाँ ।।७।।

देखी यो डर्ले भयातुर भए * सब् पौरवासी जसै ।
हात्मा शस्त्र लिएर झट् अघि सरे * प्रद्युम्नजी फेर् तसै ।।
धैर्यै दी सबलाइ, रथ् चढि चले * प्रद्युम्न वीर् त्यै घरी ।
निस्के सात्यकि साम्ब वीर्हरु पनी * हात्मा हतीयार् धरी ।।८।।

लागे लड्न ति यादवादि रणमा * त्यस् शाल्वका पास् गई ।
नाना शस्त्र प्रहार् गरे मनमहाँ * अत्यन्त क्रोधित् भई ।।
वर्षायो शर शाल्वले पनि गरी * माया बहूतै त्यहाँ ।
हानी बाण प्रद्युम्नले हरि लिए * माया उसै बीच् महाँ ।।९।।


फेर् हानी अरु बाण घेर् रथ र सुत्- * लाई गिराई लिए ।
पच्चिस् शर् अरु हानि घाउ जिउमा * त्यस्का लगाई दिए ।।
जान्थ्यो व्याकुल भै र भागि कहिले * अदृश्य भै त्यो त्यहाँ ।
गर्थ्यो राक्षसि छल् विमान् बिच चढी * संग्राम भूमि महाँ ।।१०।।

हान्थे यादव वीर्हरू पनि अनेक् * ताकेर शर् त्यस् महाँ ।
यस्तै रित्सित खूब् भयङ्कर अती * हूँदो भयो रण् त्यहाँ ।।
त्यै बीच्मा दुतमित् भनी अति बली * मन्त्री अगाड़ी सरी ।
आयो लड्न प्रद्युम्नका सँग महाँ * अत्यन्त बेग्ले गरी ।।११।।

प्रद्युम्नका उपर बाण दियो चलाई ।
काटे प्रद्युम्न विरले टुकुरा बनाई ।।
एक् बाण हानि कन फेरि दिए गिराई ।
क्यै काल मूर्च्छित परी कन फेर् रिसाई ।।१२।।

आयो गदा लिइ दुगूरि अगाड़ि माहाँ ।
हान्यो प्रद्युम्न विर माथि उजाइ ताहाँ ।।

लाग्दा गदा हृदयमा अति चोट खाई ।
मूर्च्छित् भए हरि-कुमार् रति होश् न पाई ।।१३।।



सम्भेर धर्म सुतको रथमा सुताई ।
प्रद्युम्न वीर्कन लग्यो सुतले हटाई ।।
त्यो देखि मन्त्रि खुशि भैकन गर्जि आयो ।
यादव् उपर् गरि प्रहार् शर धेर् चलायो ।।१४।।

यादव्हेरु लिई सहास्, तर पनी * लड्दै रहे धीर् धरी ।
राक्षस्-मंत्रि उपर् अनेक् शर प्रहार् * सोही बखत्मा गरी ।।
फेरी सारथिले जगाउँछु भनी * प्रद्युम्न लाई त्यहाँ ।
हाँक्यो वस्त्र लिएर लागि ति उठे * प्रद्युम्न तत्काल् महाँ।१५।

भन्छन् सारथिलाइ चेत् भइ अनी * प्रद्युम्नजी त्यै घरी ।
ल्याइस् हे सुत ! लौ मलाइ किन हो * ऐह्ले हटाई वरी ।।
हट्दामा यसरी, कलङ्क हुनगो * वीर् पुत्रको नाम् महाँ ।
यस्तै रित्सित खेत धेर् गरि लिए * प्रद्युम्नजीले त्यहाँ ।।१६।।

आफ्ना मालिक श्रीहरी-सुत बहुत् * खेद् गर्न लागे जसै ।
बिन्ती सारथिले गऱ्यो उहि बखत् * हात् जोरि हाँसी तसै ॥
हे नाथ् ! रण् बिच मूर्च्छित् रथि हुँदा * रथमा सुताई त्यहाँ ।
ली जानू परसारि पर्छ सुतको * हो धर्म जानी यहाँ ॥१७॥

नीती येहि विचारि नाथ्कन यहाँ * ल्याएर रक्षा गरी ।
राखें श्रम् हरि चेत् हवस् भनि नता * जान्थें म पाप्मा परी ॥
लड्नू होस् पुरुषार्थले अब प्रभो ! * शङ्का न ली क्यै रती ।
यस्तो बिन्ति सुनेर रुक्मिणिकुमार् * भन्छन् बुझी मन् अती।१८।

भैगो जो हुनु बात यो तँ न गरेस् * साथ्मा कसैका पनी ।
गर्नन् हँस्सि सुनेर वीर् हरु सबै * लाछी भगूवा भनी ॥
लड्छू फेरि बढ़ाइ रथ् तँ लगिदे * त्यो मन्त्रि होला जहाँ ।
त्यस्को प्राण विनाश् न पारि अहिले * छोड्छू म तेसै कहाँ ॥१९।

आज्ञा यो सुनि रथ् फिराइ सुतले * फेर् ली गयो रण् महाँ ।
देखी लड्छु भनेर मन्त्रि रिसले * आयो चुरींदै त्यहाँ ॥
दिव्यै बाण प्रद्युम्नले धनु महाँ * राखेर सन्धान् गरी ॥
हानी अश्व र सारथी धनु सबै * काटी दिए त्यै घरी ॥२०॥

फेर् एक् बाण् अति तेजवान् गरि प्रहार् * त्यस् मन्त्रिको शिर् त्यहाँ ।
काटी झट्ट दिए गिराइ हरिका * वीर् पुत्रले रण् महाँ ॥
फेरी सात्यकि साम्बले पनि अनेक् * वीर्लाइ मन्थन् गरी ।
मार्दा भागि गए र क्वै डुबि मरे * जल्मा अनेक् त्यै घरी।२१।

यस्तै रित्सित वीर् महारथि जउन् * मन्त्री थियो त्यो त्यहाँ ।
मर्दा राक्षसि सैन्यका बिच ठुलो * हा हा ! पऱ्यो क्षिन् महाँ॥

सत्ताइस् दिन सम्म ये तवरले * संग्राम भारी भयो ।
काँतर् भीरु जती थिए ती सबको * चेतै हराई गयो ॥२२॥

शाल्व वध लीला ( १३६ )

राजन् ! त्यो घरि इन्द्रप्रस्थ पुरिमा * राज् गर्नु हुन्थ्यो हरी ।
देख्नू भो हरिले उसै बखतमा * दुःस्वप्न निंद्मा परी ॥
सब् हाल् जाहिर ता थियो तर पनी * माधव् जगत्का धनी ।
लाग्नूभो अति गर्न किकि उ बखत् * संसारि जस्ता बनी ॥१॥

फेरी भन्नु भयो युधिष्ठिरजिका * साथ्मा महाराज् ! यहाँ ।
देखें आज खराब स्वप्न बहुतै * सुत्ता हुँदी रात् महाँ ॥
क्यै उत्पात् घरमा भयो कि भनि मन्* शङ्कित हुनाले गरी ।
बीदा दीनु हवस् म जान्छु घरमा * ऐह्ले भनी त्यै घरी ॥२॥

बीदा भै हरि श्री युधिष्ठिरजिका * सङ्मा चढ़ी रथ् महाँ ।
फिर्नू भो बलराम लाइ सँग ली * चाँड़ै उसै बीच् महाँ ॥
देखीए बहुतै न जाति अशकुन् * जाँदा पनी झन् अती ।
हाँकी रथ् हरि पुग्नुभो पुरि नजीक् * वायू समान् ली गती ॥३॥

देख्नू भो अति घोर-युद्ध हरिले * सोही बखत्मा जसै ।
राख्नू भो बलराम लाइ पुरिमा * रक्षार्थ ताहीं तसै ॥
फेर् रथ्मा चढ़ि बेगले यदुपती * पाल्नू भयो रण् महाँ ।
घुम्थ्यो शाल्व विमान् चढ़ी नभमहाँ * चेष्टा गरी घेर् त्यहाँ ॥४॥

देख्यो श्रीहरिलाइ शाल्व विरले * सोही बखत्मा जसै ।
बर्छी एक उठाइ सारथि उपर् * हान्दो भयो झट् तसै ॥

त्यो बर्छी विचमै गिराइ टुकरा * काटेर झट् त्यै घरी ।
ढाक्नू भो हरिले विमान् असुर्को * आपना शरैले गरी ॥५॥

शर्ले सर्प समान बेह्रिन गई * 'क्षोभै' विमान् त्यो घरी ।
लाग्यो फन्फनि घुम्न त्यो गगनमा * हेर्दा त चक्रै सरी ॥
देखी अद्‌भुत कर्म शाल्व विरले * भाला उठाई त्यहाँ ॥
हान्यो श्रीहरि माथि ताकि रिसले * फेरी उसै बीच् महाँ ॥६॥

बीच्मै काटि दिनू भयो प्रभुजिले * भाला पनी त्यो जसै ।
हान्यो फेर् शर तानि श्रीप्रभुजिका * लाग्यो भुजामा तसै ॥
बाधा धेर परे झई गरि धनू * हात्‌देखि नाथ्ले त्यहाँ ॥
भैंमा दीनु भयो गिराइ तहिं झट् * लीई लहड् मन् महाँ ॥७॥

यो देखी सब यादवी फउजमा * खल्बल् पर्‍यो त्यस् घरी ।
लाग्यो हाँक् दिइ भन्न शाल्व खुशि भै * सामू हरीका सरी ॥
शङ्खासुर् अरु भौमसुर् र शिशुपाल्- * लाई अनेक् छल् गरी ।
मारिस् तापनि आज उम्कि त कहाँ * जालास् बता हे हरी ! ॥८॥

आजै तोड्दछु शेखि यस् रणमहाँ * तेरो म छोड्छू कहाँ ।
साटो लिन्छु म प्रेमि-मित्र शिशुपाल् * वीर्को म ऐह्ले यहाँ ॥
सुन्नू भो जब शाल्वको बहुत हाँक् * यस्तै प्रकार्को त्यहाँ ।
भन्नू हुन्छ रिसाइ श्रीहरि वृथा * गर्छस् तँ के बात् यहाँ ॥९॥
साँचै वीर् यदि होस् भने तँ रणमा * गर् युद्ध सामू सरी ।
देखा शक्ति छ पो भने बल सबै * के हुन्छ बक्वाद् गरी ।
येती बात सुनि दौडि वेग्‌सित गदा * हान्यो रिसाई जसै ।
काट्नू भो हरिले सहज् सित गरी * टुक्रा हजारौं तसै ॥१०॥

फेर् हान्नू हरिले भयो लिइ गदा * त्यस्का उपर् शिर् महाँ ।
बेहोश् भैकन शाल्व झट् गिरि गयो * बाधा परी धेर् त्यहाँ ॥
होश् पाई पछि फेरि गर्छु भनि छल् * अदृश्य भै त्यै घरी ।
योटा दूत पठाउँदा उ हरिको * हुँदै अगाडी सरी ॥११॥

लाग्यो गर्न दुखित् भएर विनती * यादव् सरीको भनी ।
हे नाथ्! छल् गरि पछि शाल्व विरले * मार्छू अवश्यै भनी ॥
आकाश्मा वसुदेव लाइ लिइ गो * त्यो देखि ऐहे वहाँ ।
भेजिन् देवकि माइले भकन खूब् * हुँदै प्रभूथ्यैं यहाँ ॥१२॥

यस्तै रित्सित दूत विन्ति गर्दै * थीयो उसै बीच्महाँ ।
मायाले नकली बनाइ वसुदेव्-* लाई समाती त्यहाँ ॥
आयो शाल्व प्रभूजिलाइ दिइ हाँक् * भन्दो भयो यो अनी ।
काट्छू शिर् वसुदेवको अब तँ हेर् * ऐहे समर्मा भनी ॥१३॥

त्यस्ले फेर् वसुदेवको शिर त्यहाँ * सामने हरीको गई ।
काट्यो भूमिमहाँ पछारि अनि फेर् * गर्थ्यो अती खुश् भई ॥
मायामा नकली उनेर शिर त्यो * श्रीकृष्ण लाई त्यहाँ ।
लाग्यो फेरि घमण्ड गर्न बुझिले * यस्ता प्रकार्ले यहाँ ॥१४॥

मारी सब् यदुवंशिलाइ म अटल् * गर्नेछु राज्यै भनी ।
त्यो देखी भगवान कृष्णजि पनी * व्याकुल् बहूतै बनी ॥
क्यै काल्सम्म भएर मूर्च्छित अनी * फेर् दिव्य दृष्टी गरी ।
हेर्दा यो छल मात्र हो भनि बुझी * ठीनू भयो त्यो घरी ॥१५॥

आँट्नूभो अब मार्छु यस्कन भनी * सोही बखत्मा जसै ।
माया सब् हटि शाल्वलाइ नगिचै * देख्नू भयो झट् तसै ॥

लाग्यो उड्न विमानमा बसि जसै * श्रीकृष्णले त्यै घरी ।
हानी एक गदा गिराइ दिनुभो * त्यस्को विमान् चूर् गरी ॥
न्यो देखी हरिलाइ मार्छु भनि खुब् * त्यो शाल्व क्रुद्ध भई ।
आयो भारि गदा लिएर हरिको * झम्टेर साम्नू गई ॥
ताड्नू भो बिचमै गदा प्रभुजिले * आफ्ना गदाले गरी ।
फेर् आर्को लिइ एक् गदा अति ठुलो * आयो अगाड़ी सरी ॥१७॥

त्ये बीच्मा हरिले रिसाइ बहुतै * छोड़ेर चक्रै त्यहाँ ।
काटी दीनु भयो गिराइ शिर त्यो * वीर् शाल्वको रण् महाँ ॥
गीन्यो त्यो शिर काटिई प्रभुजिका * हात् देखि रण्मा जसै ।
जीव् निस्की हरिमा मिल्यो सुर-मुनी * खूशी भए सब् तसै ॥१८॥

दन्तवक्र विदूरथ बध लीला ( १३७ )

राजन् ! माइ ति दन्तवक्र विदुरथ् * नाम्का दुई वीर् त्यहाँ ।
थीए वीर् शिशुपालका अनुज खूब् * नाथ्माथि इख् मन् महाँ ॥
राख्थे फेर् हरिले उसै बिच महाँ * त्यस् शाल्वलाई जसै ।
मार्नू भो सुनि यो खबर् फउज ली * आए दुई वीर् तसै ॥१॥

पौंचे घेर् लिइ फौज युद्ध-भूमिमा * लड्ने इरादा धरी ।
लागे हाँक् दिइ भन्न श्रीप्रभुजिका * साम्नू अगाड़ी सरी ॥
मेरा दाज्यु र शाल्व मित्र जसरी * मारिस् अनाहक् महाँ ।
त्यस्लै मार्न तँलाइ राखि मतलब् * आएँ म ऐल्हे यहाँ ॥२॥

तेरो ज्यान् पहिले लिएर पछि सब् * यादव् जती छन् सबै ।
मार्छू छोडछु कहाँ अगाड़ि सरि आ * तागत् भए झट् अबै ॥

यस्तो हाँक् गरि झट् गदा हरि उपर् * ताकेर हान्यो जसै ।
त्यसलाई छलि हान्नुभो प्रभुजिले * आपनू गदा फेर् तसै ॥३॥

लाग्दा खूब् कठोर् गदा उहि बखत् * बाधा परी धेर् त्यहाँ ।
दन्तैवक्र मरी गयो हल-हली * छादी रगत् रण् महाँ ॥
तेज् निस्की हरिमा मिल्यो उहि बखत् * भाई मरे लौ भनी ।
आयो झट् विदुरथ् रिसाइ बहुते * नाथ्लाइ तुच्छै गनी ॥४॥

त्यसलाई पनि नाथले सहजमा * हानेर चक्रे त्यहाँ ।
काटी दीनु भयो गिराइ कन शिर् * संग्राम-भूमी महाँ ॥
बाँकीका अरु सैन्य दल् पनि जती * थीए उसै बीच् महाँ ।
संहार् गर्नु भयो जसै खुशि भए * प्राणीहरू सब् त्यहाँ ॥५॥

लागे किन्नर हेरु नाच्न खुशि भै * गन्धर्व हेरू पनी ।
गर्थे गान् हरिको बखानिकन यश् * हर्षित् बहूतै बनी ॥
बाजा धेर बजाइ इन्द्रपुरिमा * आनन्द मंगल् भयो ।
वर्षाए फुल देवता सकलले * बाधा सबैको गयो ॥६॥

ठाँट् पारीकन अप्सरा हरु पनी * नाच्थे अती खुश् भई ।
लागे खूब् स्तुति गर्न सिद्ध मुनिगण् * हात् जोरि साम्नू गई ॥
हे नाथ् ! मार्नु भयो यि पार्षद् अघी * नाथ्कै थिए श्राप् परी ।
पैह्ले जन्म महाँ हिरण्य र हिर- * ण्याक्षै भई रूप् धरी ॥७॥

जन्मे रावण कुम्भकर्ण भइ फेर् * ऐह्ले यि फेरी यहाँ ।
आए खूब् बलि दन्तवक्र शिशुपाल् * भै यस् धरातल् महाँ ॥
मारी इन्कन मुक्ति बक्सनु भयो * तीन् बार् लडाईं गरी ।
उद्धार् भैकन यी परम् पद महाँ * पुग्दा भए श्राप् टरी ॥८॥

यै रित्ले स्तुति धेर् गरी ऋषि मुनी * जाँदा भए धाम् महाँ।
मारी शाल्व र दन्तवक्र विदुरथ् * भूको हरी भार् त्यहाँ ॥
फिर्नू भो हरि द्वारिका-पुरिमहाँ * सब्लाइ साथ्मा धरी।
देखी नाथ्कन सब् खुशी हुन गए * आधार ली त्यस् घरी॥८॥

सूत पौराणिक वध लीला (१३८)

मारी दुष्ट असुर् ति दैत्य खल सब् * राजन्! हरी राम्-अनी।
बस्थे खुश् भइ द्वारिकापुरी महाँ * साह्रै दयालू बनी ॥
देखी ठाँट हुने लडाइँ अति घोर् * पाण्डव् र कौरव् महाँ।
मन्मा फेर् बलरामजी गुनि विचार् * गर्दा भए यो त्यहाँ ॥१॥

कौरव्को म मदत् गरूँ यदि भने * छन् ती बड़ा दुर्मती।
पाण्डव् तर्फ मिलूँ भने दुख अती * मान्छन् ति कौरव् जती ॥
तस्मात् ठान्छु म योग्य ह्वैन रहनू * याहाँ भनी त्यै घरी।
जान्छू तीर्थ म घुम्न लौ भनि गए * बल्रामजी झट् गरी ॥२॥

पैह्ले राम् गइ झट् प्रभास बीचमा * स्नानादि सब् काम् गरी।
गंगादी नदिमा नुहाइ घुमि फेर् * खूशी भई त्यै घरी ॥
पोंचे गैकन नैमिषारण महाँ * थीए मुनीगण् जहाँ।
भक्ती लीकन ध्यान् गरी बसद्थे * एकाग्र भै मन् महाँ ॥३॥

देखी श्री बलरामलाइ सबले * सम्मान धेरै गरी।
राखे आसनमाथि ल्याइ उठि झट् * हर्षित् भई त्यै घरी ॥
व्यास्का गद्दिमहाँ थिए सुत जउन् * पौराणिकै नाम् भनी।
छोड्नू हुन्न भनेर गद्दि न उठी * ताहीं रहे ती अनी ॥४॥

उठेनन् जब सूतजी उहि घरी * मन्मा रिसाई अती ।
मन्नूभो बलरामले सब सँगै * हो यो बड़ो दुर्मती ॥
यस्लाई अभिमान् भए छ बहुतै * सब् शास्त्र जान्ने भनी ।
यस्को पर्दछ शेखि तोड्नु अपमान् * यस्ले गऱ्यो मूढ् बनी ॥५॥

व्यास्जीको हुनगै कृपा असल यो * पाएर गादी यहाँ ।
आसन्मा बसि बाँच्छ खूब्सित पुराण् * यस् पुण्य-क्षेत्रै महाँ ॥
यो सूत् हो अघि जातिको अति अधम् * भो उच्च लौ यस् घरी ।
यस्लाई अब राख्नु हुन्न भनि ठीक् * मन्मा विचार् यै गरी ॥६॥

हान्नूभो कुशले जसै बलजिले * सोही बखत्मा त्यहाँ ।
शिर् काटीकन त्यो मऱ्यो सुत, सबै * ऋषी हरू मन्महाँ ॥
दुःखित् भैकन हात जोरि बलराम्- * जीका शरण्मा परी ।
लागे गर्न ति बिन्ति शेष अवतार् * साक्षात हे राम् हरी ! ॥७॥

रक्षा गर्न भनेर भक्तजनको * औतार भूमी महाँ ।
लीनू भो धरि तन् मनुष्य सरिको * यस्ता हजुर्लै यहाँ ॥
पापी जन्हरूको गरेर क्षय फेर् * भार् भूमिको सब् हरी ।
राख्नू हुन्छ अटल् ध्वजा धरमको * उद्धार सब्को गरी ॥८॥

यस्ता नाथ् कन छैन दोष् तर पनी * लोकका रितीले यहाँ ।
काटी ब्राह्मण लाग्नगो हजुरमा * हत्या ठुलो शिर् महाँ ॥
मार्दा इन्द्रजिले वृत्रासुर अघी * लाग्यो र हत्या जसै ।
सत्काम् धेर गरी लिएर तिनिले * हत्या छूटेथ्यो तसै ॥९॥
'हे सर्वज्ञ ! हजूर लाइ सब यो * मालूम् छ यस्तो भनी ।
प्रायश्चित्त अवश्य केहि अहिले * गर्नू हवस् तै पनी' ॥

यस्ता ती ऋषिहेरुका सुनि वचन् * मन्‌मा ठुलो खेद् परी ।
सोध्नू भो बलरामले उहि बखत् * नम्रै भई मान् गरी ॥१०॥

जुन् काम्‌ले गरि भन्नुहोस् ऋषिपते ! * यो ब्रह्महत्या टरी ।
जाला, गर्दछु सोहि काम अहिले * भन्छू म साँचो गरी ॥
आज्ञा भो सब बात् कृपा गरि ठुलो * तस्मात् यती बात् पनी ।
शिक्षा पाऊँ कउन् जतन् गरिलिंदा *यो पाप छुट्ला भनी ॥११॥

प्रश्नै यो बलरामको सुनि सकी * सारा मुनीश्वर् त्यहाँ ।
भन्छन् सामु सरेर नाथ् ! हजुरले * सोध्नू भयो जो यहाँ ॥
सब् जाहेर् छ हजूरमा तर पनी * नाथ्का अगाड़ी महाँ ।
गर्छौं बिन्ति गएर तीर्थहरुमा *गर्नू हवस् स्नान् वहाँ ॥१२॥

श्री गोदावरि बद्रिनाथ र प्रयाग् * सर्यू र फेर् नर्मदा ।
रामेश्वर् मथुरा अवन्ति अरु धेर् * तीर्थैं हरुमा सदा ॥
गर्नुहोस् घुमि केहि दिन् हजुर गै * स्नानादि, हत्या अनी ।
जाला नष्ट भएर फेर् हजुरको * हूनेछ रक्षा पनी ॥१३॥

खाली भो प्रभु ! व्यासको त अहिले * गादी पनी क्वै यहाँ ।
राखी बक्सनुहोस् खटन् गरि कुनै * सत्पात्र लाई यहाँ ॥
फेरी दानव एक् ठुलो छ बिलबल् * नाम्‌को यहाँ हर्-घरी ।
आई यज्ञ विनाश गर्छ दुख दी * उत्पात ठूलो गरी ॥१४॥

त्यस्लाई पनि मारि बक्सनु हवस् * हे नाथ ! चाँड़ै भनी ।
बिन्ती ती ऋषि हेरुले जब गरे * बल्‌रामजीले पनी ॥
खूशी भैकन भन्नु भो ऋषिपते ! * चिन्ता रती मन् महाँ ।
गर्नू पर्दछ के ? म मार्छु सहजै * त्यस्लाइ ऐहे यहाँ ॥१५॥

मारैं जुन् सुतलाइ पुत्र उसकै * राखेर गद्दी महाँ ।
सुन्नूहोस पुराण् तपाइँ हरुले * निश्चिन्त भै लौ यहाँ ॥
पैल्हे येति भनेर फेरि सुतको * डाकेर छोरो त्यहाँ ।
सारा शास्त्र पुराण बाँच्न अधिकार् *शक्ती दिए छिन् महाँ ॥१६॥

भन्नू भो अनि फेरि श्रीबलजिले * हे पुत्र ! लौ सद्-मती ।
गद्दीमा बसि सब् पुराण् तिमि कहू * शङ्का न ली एक् रती ॥
सारा सिद्ध मुनीश्वरादि हरुले * बल्रामजीको त्यहाँ ।
आज्ञा यो सुनि यज्ञ गर्न खुशि भै * लागे उसै बीच्महाँ ॥१७॥

बिल्वल दानव वध लीला ( १३९ )

हे भूपते ! सब् ऋषि हेरु फेरी ।
याग् गर्न थाले न लगाइ देरी ॥
तेसै घरी भारि हुरी बतास ।
लागी सबै चीज गऱ्यो सखाप ॥१॥

मासू, रगत्, पीप र हाड़ पानी ।
वर्षी गयो चार तरफ् खरानी ॥
माटो र ढुङ्गा गुहु मुत् बराबर् ।
वर्षा भयो चार तरफ् सरासर् ॥२॥

व्याकुल् भई सब् ऋषि हेरु ताहाँ ।
दौड़ी गए त्राहि पुकारि वाहाँ ॥
श्री रामका पास पुगेर फेरी ।
बिन्ती गरे झट् न लगाइ देरी ॥३॥

उत्पात यो बिल्बलले गरेको ।
हेर्नोस नाथ् ! सामु अघी सरेको ॥
यै बिन्ति रामूमा ऋषिहेरु गर्थे ।
जोड़ी दुबै हात अगाड़ि सर्थे ॥४॥

त्यै बीचमा बिल्बल औंधि गर्दै ।
माया गरी रूप अनेक धर्दै ॥
आकाश देखी झट पृथ्वि माहाँ ।
खस्दो भयो बिल्ब-दनूज वाहाँ ॥५॥

झट् यज्ञमा गै चिज नाश पार्‍यो ।
पक्री ऋषीलाइ पनी पछार्‍यो ॥
लाग्यो उपाधी गरि घुम्न वाहाँ ।
पक्री लिए राम गएर ताहाँ ॥६॥

टुप्पो हलाको धरि तेस लाई ।
आकाशका तर्फ दिए उड़ाई ॥
फेरी हलैले खिंचि झट्ट ताहाँ ।
जोर्लै पछारी कन पृथ्वि माहाँ ॥७॥

हानी मुशल् बज्र समान फेरी ।
मारे असुर् त्यो न लगाइ देरी ॥
देखी पराक्रम् ऋषिहेरु ताहाँ ।
अत्यन्त गद्-गद् भइ चित्त माहाँ ॥८॥

लागे स्तुती नम्र भएर गर्न ।
श्री रामका पाउ विषे ति पर्न ॥

हे नाथ ! हाम्रो दुख-दर्द लाई ।
खूशी भई दीनु भयो हटाई ।।९।।

मारी अधम् दानव लाइ याहाँ ।
कल्याण दी नाथ् सब लोक माहाँ ।।
यस्तै प्रकार्को स्तुति पाठ गर्दै ।
श्रीराममा तन्-मन चित्त धर्दै ।।१०।।

पूजा गरे खूशि भएर ताहाँ ।
माला असल् दिव्य बनाइ वाहाँ ।।
श्री रामजी खूशि भएर फेरी ।
भन्छन् मुनीका मुख तर्फ हेरी ।।११।।

बीदा दिनोस् घुम्दछु तीर्थ केही ।
इच्छा मलाई अहिले छ येही ।।
येती भनी राम उठेर फेरी ।
जाँदा भए झट् न लगाइ देरी ।।१२।।

बलराम तीर्थयात्रा गमन लीला ( १४० )

हे राजन् ! बलराम् उठेर गइ झट् * स्नान् कौशिकीमा गरी ।
फेर् मानससरमा गए मुनि अनेक् * साधू सबै सङ् धरी ।।
गंगा-सागरमा पुगी कन गरे * सत्कार्य सारा त्यहाँ ।
फेर् रामूजी गइ पशुराम प्रभुको * माहेन्द्र पर्वत् महाँ ।।१।।

दर्शन् झट्ट गरी हिंडे खुशि भई * श्री शैल पर्वत् महाँ ।
पैह्ले स्कन्दजिको गरेर दरशन् * गोदावरीमा त्यहाँ ।।

दर्शन् बेंकटमा गरेर शिवको * अत्यन्त खूशी भई ।
फेर् कावेरि गएर दर्शन गरी * काञ्चीपुरीमा पनी ॥२॥

गै दर्शन् हरिको गरे खुशि भई * श्रीरङ्गजीमा अनी ।
दक्षिण् श्री मथुराजिमा पुगि अनी * गर्दा भए स्नान् त्यहीं ।
सेतूबन्धनमा पुगेर बलजी * खूशी भए मन् महाँ ।
स्नान्-पूजा गरि फेर् ऋषी सहित् झट् * रामेश्वरैमा त्यहाँ ॥३॥

दर्शन् श्री शिवको गरी दश हजार् * गोदान् गरे खुश् भई ।
फेरी स्नान् कृतमाल ताम्र नदिमा * गर्दा भए झट् गई ॥
दर्शन् फेरि गरे अगस्त्य मुनिको * मल्याचलैमा त्यहाँ ।
दक्षिण् सागर पौंचि फेर् उहि बखत् * दुर्गा कुमारी जहाँ ॥४॥

बास् गर्थिन् गइ दर्शने गरि लिए * गद्-गद् भई मन् महाँ ।
गै स्नान् रामजिले गरे मुनि सहित् * पञ्चाप् सरैमा त्यहाँ ॥
फाल्गुण् तीर्थ महाँ नुहाइ हरिको * दर्शन् गरे खुश् भई ।
दश् हज्जार् गउदान् पनी गरि दिए * फेर् तीर्थ केरल् गई ॥५॥

स्नान् गर्दै बलरामजी चलि गए * गोकर्ण तीर्थैं गई ।
दर्शन् श्री शिवको गरेर तहिं फेर् * अत्यन्त खूशी भई ॥
आर्या द्वीप निवासिनी जननिको * दर्शन् गरे झट् अनी ।
फेर् ताप्ती बिच स्नान् गरेर बलराम् * पायोष्णि जलमा पनी ॥६॥

सूर्याकार् अरु तीर्थमा पुगि गए * माहिष्मतीमा भई ।
रेवा तीर्थ र दण्डकै वन महाँ * यस्तै प्रकारले गई ॥
रामले स्नान र पूजनै गरि तहाँ * खूशी बहूतै भए ।
यै रितले घुमि तीर्थ धेर् अरु पनी * रामजी प्रभासमा गए ॥७॥

ताहीं ब्राह्मण देखि भारत-समर् * ठूलो ति सुन्दा भए ।
धेरै वीर्हरु सब् बिते फगत वीर् * भीम्सेन् सुयोधन् रहे ॥
दूबै वीर् इख ली समर् बिच गदा * युद्धै ति गर्छन् भनी ।
सुन्दा यो अति दुःख मानि मनमा * सम्झाइ द्यूँ गै भनी ॥८॥

पाल्नू भो कुरुक्षेत्रमा नजरले * देख्नू भयो चाल् पनी ।
लड्थे ती दुइ हातमा लिइ गदा * सोही बखत्मा अनी ॥
देखे पाण्डव हेरुले शिर धरी * पाऊ परे झट् तसै ।
यो यो भो भनि हाल् कहे समरको * सब्ले बुझाई जसै ॥९॥

सम्झाई कन भन्नु हुन्छ बलराम्- * जी दूइ लाई त्यहाँ ।
लड्छौ हे विर हो ! वृथा किन दुवै * ईर्ष्या लिई मन् महाँ ॥
बाँकी छौ तिमि दूइ केवल सबै * बीती सके यो घरी ।
जे हून् अब भैगयो तिमि दुई *रिस्राग सब् त्यागगरी॥१०॥

आपस्मा मिल युद्ध देखि पर भै * प्रीती धरी मन् महाँ ।
कल्याण् केहि रती म देख्दिन विनाश्* गर्दा कुलैको यहाँ ॥
यस्तै धेर् बलरामले गरि लिए * शिक्षा तथापी पनी ।
लागे लड्न नमानि अति दुइ वीर् * हात्मा गदा ली अनी ॥११॥

हूनीहार न भै रहन्न विधिको * लेखान्त केही गरी ।
मेटी मेटि नसक्नु हो भनि बुझी * लड्छन् दुवै ईख् धरी ॥
गर्न्यैछन् हरि सत्र् म जान्छु घरमा * भन्ने विचार् ली त्यहाँ ।
फिर्नू भो बलरामजी उहि घरी * श्रीद्वारिकापुर् महाँ ॥१२॥

गर्नू भो बलरामले जति लिला * फेर् तीर्थ-यात्रा जती ।
प्रातःकाल महाँ उठेर जसले * लीएर भक्ती अती ॥

जो यो गर्दछ पाठ त्यस्कन सबै * ऐश्वर्य सुख् सब् यहाँ ।
मिल्छ केहि हबैन कम्ति पछि त्यो *जाला परम्पद् महाँ।।१३।।

सुदामा दुःख निवारण लीला ( १४१

राजन्! ज्ञानि बड़ा सखा प्रभुजिका * नाम्का सुदामा भनी ।
ब्राह्मण् एक थिए दुखी तर पनी * निर्लिप्त मन्का बनी ।।
बस्थे ब्राह्मणि एक् थिइन् अति सुशील्* तिन्की अती दुख् परी ।
आइन् पेट् भरि खान लाइ न मिली * एक्दिन् अगाड़ी सरी।।१।।

भन्छिन् ब्राह्मणि स्वामिदेव! यसरी * कस्ता हिसाब्ले यहाँ ।
दिन् काट्नू अति दुःख भो धन बिना * बुझ्नू हवस् मन् महाँ ।।
सुन्छू नाथ् ! हरि द्वारिका पुरि महाँ * दान्-धर्म सब् दिन् गरी ।
बस्नू हुन्छ ति विप्र दुःखि हरुका * ऊपर् सदा प्रेम् धरी ।।२।।

मैत्री श्री हरिका सँगै हजुरको * पैह्ले हुनाले यहाँ ।
भेट्नै जानु भए अवश्य दुख दूर् * होला भनी मन् महाँ ।।
ठान्छू, दुःख कती सहूँ पतरि भो * सारी र चोली पनी ।
खाने चीज् पनि छैन केहि घरमा * गर्नन् कृपा नाथ् भनी।।३।।

भयौं हामी साह्रै गरिब कसरी बाँच्नु मइले ? ।
कती तुन्नू सारी पतरि भइगो नाथ ! अहिले ।।
अरू छैनन् लूगा इजत कसरी थामि रहनू ? ।
सबै हँस्सी गर्छन् विपद् कति यो नाथ ! सहनू ।।४।।

न केही आम्दानी न त छ कछु रोजगार धनको ।
न कोही दाता छन् न त छ कहिं आधार मनको ।।

असल् लूगा लाई सँगिनिहरु हिंड्छन् खुशि भई ।
शरम् मानी बस्छू नसिब कम सम्झी घर गई ।।५।।

म जान्छू काम् पर्दा जब छिमिकिनीका घर महाँ ।
सबै गर्छन् हेलाँ दुखिनि भनि छेड् खूब् गरि त्यहाँ ।।
कती गन्थन् गर्नू कति सहि रहूँ यो दुख हरे ! ।
अवश्यै दुख् होला दुर यदि गई उद्यम गरे ।।६।।

सबै भन्छन् पण्डित् अति असल विद्वान् यिनि भनी ।
विचारी हेर्नू होस् घड़ि भर बसी ज्योतिष पनी ।।
जसै जान्छू घर्मा छिमिकिनि हरूको म कहिले ।
उ आई माग्नै कि भनिकन ति भाग्छन् नि पहिले ।।७।।


गरी गन्थन् यस्तै अधिक पतिदेव्का सँग रही ।
भनिन् फेर् हे स्वामी ! रहुँ दुख कठिन् यो कति सही ।।
गई भेट् श्रीनाथ्का सँग गरि लिनोस् लौ यहि घरी ।
सबै होला पूरा मनकि अभिलाष् दर्शन गरी ।।८।।

यस्तो आफ्नि पियारिको दुख पुकार् * सूनी सुदामा त्यहाँ ।
भन्छन् मन् बुझि हे पियारि ! तिमिले * ठीक् बात् भन्यौ लौ यहाँ ।।
मान्यै जन्हरु सीत गर्न भनि भेंट् * जाँदा हुँदी क्यै पनी ।
सौगात् लीकन जानु पर्छ बुझिल्यौ * शास्त्रोक्त बात् हो भनी ।।९।।

तस्मात् क्यै चिज द्यौ बटुलि अहिले * जान्छू भनेथे जसै ।
सूनी स्वामिजिका वचन् गृहिणिले * सोही बखत्मा तसै ।।
खोजी मेलि गरी मुठी तिन जती * चामल् कनीका लिइन् ।
मैलो एक पुरानु सानु कपड़ा * झीकेर बाँधी दिइन् ।।१०।।

पोको चामलको उही बगलमा * लीई सुदामा जसै ।
लागे मार्ग महाँ हिंड़ीकन तिनी * मन्मा विचार्नैं तसै ।।
यस्तो बेरुप छू न केहि कपड़ा * आङ्मा छ माग्ने सरी ।
जाऊँ लौं कसरी महल् बिच प्रभू- *जीका म लौं यस् घरी।।११।।

कुरूप् विप्रै जानी कछु मकन हेला गरि हरी ।
विखुश् भै दींदैनन् मकन दरशन् की उस घरी ।।
अनेक् यस्तै गर्दै मन-मन विचारी नगिचमा ।
महल् माहाँ पूगे जब प्रभु पनी सोही बिचमा ।।१२।।



खड़ा देखी विप्रैकन चिन्हि गई आदर गरी ।
अती प्रेम्ले भेट् झट्-पट गरि लिनू भो उहि घरी ।
धरी बाहू दूबै लगि महलमा खूब् खुशि भई ।
गरे आलिंगन् फेर् प्रिय वचन नाथ्ले पनि कही ।।१३।।

चरण् धोई शिर्मा उहि जल महार्चन् गरि अनी ।
धरी सिंहासन्मा गरि लिनु भयो आदर पनी ।।

भई मग्नै प्रेममा कमल-नयनै देखि जल धेर् ।
बहाई झट् सेचन् पनि गरि लिए देह भरि फेर् ॥१४॥

लिई चन्दन् फूल् श्री यदुपतिजिले फेर् कर भरी ।
जलाई धूप्-बत्ती विधि सहित पूजन् पनि गरी ॥
बहुत् रङ्का मेवा फल-फुल थलीया बिच धरी ।
सुदामाजी लाई दिनु तहिं भयो खूब् हित गरी ॥१५॥

थिए लूगा-फाटा अति मलिन सारा जिउ महाँ ।
कुरूप् यस्ता विप्रैकन पलङ माथी धरि त्यहाँ ॥
हुकुम् पाई नाथ्को महिषि हरिकी झट् उहि घरी ।
बड़ो प्रेम्ले हाँकिथन् बसि चमर खुश् भै कर धरी ॥१६॥

हरी तिन्का रानीहरु अघि सरी खूब् खुशि भई ।
सुदामाको गर्थे टहल बहुतै तत्पर रही ॥
कसैले पैह्लाए असल कपड़ा भूषण पनी ।
लगाई दिन्थे फेर् फुलकि गजरा सुन्दर अनी ॥१७॥

सत्कार् यै रितले गरेर अनि फेर् * श्री कृष्णजीले त्यहाँ ।
सोध्नू भो प्रिय बात् भनेर बहुतै * हर्षित् भई मन् महाँ ॥
पैह्ले हामि दुई सँगै गुरुजिका * घर्मा बसी पढ्दथ्यौं ।
हाँस्नू खेल्नु शयन् पनी दुइ जना *एक्साथ् सधैं गर्दथ्यौं १८॥

त्यो सब् बात् अघि प्रीतिको मन महाँ * याद् क्यै त्र की त्यो पनी ।
आज्ञाले गुरुका दुई जन गयौं * एक् दिन् वनैमा अनी ॥
खोजौं लौं समिधा भनेर वनमा * डुल्दा हुँदी त्यै घरी ।
पायौं दुःख बहुत् भिजेर झर-झर् * पानी असीना परी ॥१९॥

हिँड्नै लाइ कठिन् भयो र डरले * ताहीँ ओडार्मा गई ।
सूत्यौँ फेरि गुरू खबर् लिन भनी * पाल्नू भयो खुश् भई ॥
दीनू भो वरदान् उठाइ करले * ताहीँ गुरूले पनी ।
सारा शास्त्र हरू हउन् छिन महाँ * कण्ठाग्र तिम्रा भनी॥२०॥

आयौँ घर् फिरि यो सुनी गुरुजिको * आज्ञा खुशी मै अनी ।
ताहाँ देखि भएन हामि दुइको * भेट्घाट कैल्यै पनी ॥
सूनेथैं पछि फेर् विवाह गरनू * भो लौ भनी घर् गई ।
सम्झन्थैं दिनहूँ र दर्शन दिनू * भो खूब् कृपालू भई ॥२१॥

मेरो धन्य रहेछ भाग्य यसरी * प्यारा सखाको यहाँ ।
दर्शन् पाउनु आज हे प्रिय सखे ! * खूशी भएँ मन् महाँ ॥
यै रित्ले अति प्रेम राखि हरिले * गर्नू भयो बात् जसै ।
मुग्धै भै कर जोड़ि नम्र विनती * गर्छन् सुदामा तसै ॥२२॥

हे ईश्वर् ! म गरीब ब्राह्मण उपर् * साक्षात् हजुर्ले यहाँ ।
भारी गर्नु भयो अनुग्रह प्रभो ! * राखी दया मन् महाँ ॥
दर्शन् मात्र हुँदा समस्त खल जन् * जस्का कृपाले गरी ।
जान्छन् सब् छुटि पाप् परम्पद महाँ* संसार सागर् तरी ॥२३॥

यस्ता श्रीहरिको कृपा अब भई * यो क्षुद्र ब्राह्मण् पनी ।
ऐल्हे जान्छ छुटी सबै विषय-ताप् * देखिन् विशुद्धै बनी ॥
यस्तै रित्सित बिन्ति पारि अनि फेर् * मन्मा सुदामा त्यहाँ ।
गर्छन् शोच् कसरी म यो प्रभुजिमा * चामल् चढ़ाऊँ यहाँ ॥२४॥

तिन्को यो बुझि चित्तको सकल भाव् * हे मित्र ! के यो भनी ।
चामल् त्यो लिइ एक् मुठी खुशि हुँदै * खाईं लिनूभो पनी ॥

खाई दो मुठि फेरि खान मुठि एक् * लाग्नू भएथ्यो जसै ।
लक्ष्मीको अवतार रुक्मिणिजिले *रोकी लिइन् झट् तसै ।२५।।

भन्छिन् रुक्मिणि नाथ ! यो दुइ मुठी * खाएर नाथ्ले यहाँ ।
दीनू भो दुइ लोक अर्पण गरी * आश्चर्य भो मन् महाँ ।।
मैलाई पनि दीनु हुन्छ कि भनी * नाथ्लाइ रोकी लिएँ ।
खाँदा मुट्ठि तिनै त्रिलोक हुनगो * दान् जानि सूचन् दिएँ२६।

हे नाथ् ! ब्राह्मण् फेरि यी अति कुलीन्* त्यागी म देख्छू यहाँ ।
यिन्लाई रति छैन लोभ धनको * पाऊँ भनी मन् महाँ ।।
यस्तो बिन्ति सुनेर रुक्मिणिजिको * श्री कृष्णजीले अनी ।
भन्नू भो सुन प्यारि ! यी अतिप्रिये * हुन् मित्र मेरा भनी ।।२७।।

गर्छन् यी अति प्रेम भक्ति म उपर् * आनन्द पूर्वक् गरी ।
ठान्छन् यी सब सौख्य भोग् जगतका* तुच्छै सरी हर् घरी ।।
फेरी लौ सुन हे प्रिये ! मकन जो * ल्याएर क्यै चीज् पनी ।
भक्ति पूर्वक गर्छ अर्पण उही * ठान्छू म मीठो भनी ।।२८।।

फेर् ती ब्राह्मण लाइ भन्नु हरिले * भो मित्र ! सौगात्[१] यहाँ ।
दीनू भो अतिबेस् मिठो भनुँ कती * खुशी भएँ मन् महाँ ।।
यस्तै रित्सित प्रेमका गरि कुरा * रात्री भएथ्यो जसै ।
भोजन् खूब असल् गराउनु भयो * तिन्लाइ नाथ्ले तसै ।।२९।।

१--अघि सान्दीपनी ऋषिका घरमा विद्या पढ्दा खेरि एक दिन श्रीकृष्णजी र सुदामाजी दुवै वनमा दाउरा खोज्न गएका थिए। ऋषिपत्नीले खाजा खान भनेर दिएका चना सुदामाले रात्रिमा एक्लै खाये। साथीको भाग हरेको पापले अत्यन्त गरीब भएर धेरै कालसम्म रहे। पछि सुदामाले कृष्णलाई अघि खाएका चनाको भार तिरे र त्यसै दिनदेखि सुदामा पनि धनी भए। कृष्णजीले पनि पहिलेको ऋण उठाउनू पर्ने हुनाले सुदामाले ल्याएका दुइ मुठी कनिका खाए।

फेरी दुग्ध समान सुन्दर असल् * सेज्का उपर्मा धरी ।
विश्राम् गर्नु हवस् भनेर प्रभुजी * पाल्नू भयो प्रेम् गरी ।।
हिंड्दा धेर थकाइ लाग्न गइ खूब् * श्रीकृष्णको मन् महाँ ।
भक्ती लीकन मग्न भै पलँगमा * सूते सुदामा त्यहाँ ।।३०।।

त्यै बीच्मा हरिले तयार् गरि दिए * सुन्दर् महल् एक् रची ।
दास्, दासी, गज, अश्व, दौलत सबै * बाँकी न राखी रती ।।
यावत् सब् सुखभोगका चिज हरू * तैयार पारी त्यहाँ ।
दीनूभो हरिले ति विप्रकन खूब् * खूशी भई मन्महाँ ।।३१।।

भोली पल्ट सबेर् उठेर सब पाठ् * पूजा समाप्ती गरी ।
बीदा हूँन भनी गए महलमा * जाहाँ थिए नर्-हरी ।।
हे नाथ् ! बक्सनुहोस् बिदा म घरमा * जान्छू सदा प्रेम् रहोस् ।
नाथ्को भक्ति न बिर्सुं हर्घरि चरण् *मा ध्यान् अटलभै जमोस् ३२

यै रित्ले गरि बिन्ति श्रीप्रभुजिका * सङ्मा सुदामा जसै ।
लागे जान बिदा भएर हरि फेर् * गद्गद् हुनूभो तसै ।।
प्रेम्मा मग्न भई लिएर करुणा * आँसू नजर्मा भरी ।
बीदा बक्सनु भो खुशी भई प्रभू- * जीले पनी त्यै घरी ।।३३।।

फर्के मार्ग महाँ जसै मन मनै * सोच्छन् सुदामा त्यहाँ ।
आदर् गर्नु भयो ठुलो प्रभुजिले * राखी दया मन् महाँ ।।
ठान्छू यो करुणा हुनू प्रभुजिको * ऐह्ले म धन्यै भनी ।
पाप्को मूल् धन फेरि केहि न दिनू * ठूलो कृपा यो पनी ।।३४।।

बेस् हो द्रव्य न लीनु द्रव्य रहँदा * होला अती नीच् मती ।
भन्ने जानि फगत् बिदा दिनु भयो * खुश् छू म मन्मा अती ।।

धन् पाईकन भुल्दथें विषयमा * व्यर्थे असल् भो भनी ।
भन्दै यो मनमा विचारि खुशि भै * जान्थे सुदामा अनी ।।३५।।

पोँचे सोहि महल् नगीच गइ फेर् * सोही बखत्मा जसै ।
देखी दिव्य महल् त्यहाँ हुन गए * साह्रै चकित् पो तसै ।।
लागे गर्न विचार भ्रम् परि अती * कस्को महल् हो यहाँ ।
देख्छू स्वर्ग समान हामि हरुको * झुप्रो गयो त्यो कहाँ ।।३६।।

मेरी पत्नि गइन् कता कि मइले * बाटो बिराएँ भनी ।
लागे गर्न यि खूब सोच मनमा * धेरै चकित् भै बनी ।।
देखे फेरि तलाउ धेर विमलै * जल्ले भरेको त्यहाँ ।
हात्ती अश्व र रथ् पनी अगणितै * थीए तबेला महाँ ।।३७।।

सुन्दर् फेरि महल् वरीपरि अनेक् * फूल्का बगैंचा पनी ।
सोधे फेरि नगीच् गई महलमा * कस्को महल् हो भनी ।।
लागे छक्क भएर हेर्न जब ती * भक्तै सुदामा त्यहाँ ।
निस्किन् ब्राह्मणि देखि स्वामिकन झट्* खुश्भै उसै बीच्महाँ ।।३८।।

साथमा सुन्दरि दासिहेरु लिई धेर् * मङ्गल् बहूतै गरी ।
स्वामी लाइ लिई गएर घरमा * राखिन् अती प्रेम् धरी ।।
सुन्का झारि महाँ लिएर जल फेर् * धोइन् चरण् त्यै घरी ।
पैह्राइन् अनि फेरि रेशमि अनेक् * वस्त्रै पनी हित् गरी ।।३९।।

माला फेर् फुलका सुगन्धित पनी * सब् सुन्दरीले त्यहाँ ।
पैह्राए मिलि खुशि भै चमर ली * हाँक्थे सुदामा महाँ ।।
साक्षात् श्री हरिका झैं महलमा * खोपी अनेकौं त्यहाँ ।
देखे स्वर्ग समानका सकल चीज् * सुन्दर् महल् बीच्महाँ ।४०।।

तस्वीर् रङ्ग बिरङ्गका कति थिए * पानस् दीवाल्गिर् पनी ।
थीए सुन्दर रत्नका मणि जडित् * खम्बा अनेकौं अनी ।।
दिव्यै रत्नमयी पलङ्बिच सफेद् * ब्रोछ्याउना खूब् त्यहाँ ।
थीए भूल् चँदुवा पनी अति असल् * बेस् शोभिएका जहाँ ।४१।

केही बेर तलक् घुमी वरि-परी * हेरी अति खुश् भई ।
फेर् वार्ता अति प्रेम साथ् गरन ती * लागे पलङ्मा गई ।।
नाथको पूर्ण कृपा भएर अहिले * हाम्रो सबै दुख् गयो ।
खुल्यो भाग्य दरिद्र सब् टरि गयो * साफल्य जन्मै भयो ।।४२।।

रहोस् लागी सब् दिन् हरि-चरणमा मन् दृढ् भई ।
न छूटोस् ध्यान् कैल्हे पनि प्रभुजिको भोग् बिच रही ।।
गरी वार्ता यस्तै सकल सुख भोगी तर पनी ।
सदा बस्थे दूबै विषय सुख स्वप्ना सरि गनी ।।४३।।

अटल् सुख् स्वर्गैंका झईं अयस भोगी पछि पनी ।
गए दूबै नाथ्को भइकन दया मुक्त ति बनी ।।
सुदामा ब्राह्मण्को चरित नर जो गान गरला ।
सबै सुख् भोगी त्यै पछि छुटि सहज् पारि तरला ।।४४।।

कुरुक्षेत्र स्नान वर्णन लीला ( १४२ )

राजन् श्रीहरि-राम् अनेक् तरह का * यस्तै लिला धेर् गरी ।
बस्थे दिन्-दिन द्वारिकापुरि महाँ * खुश् भै मनुष्यै सरी ।।
लाग्यो सूर्य-ग्रहण् उसै घरि तहाँ * लौ गै नुहाऊँ भनी ।
मन्सुब् आपसमा गरे सकल ती * यादव् हरूले पनी ।।१।।

फेरी यादव, रानी हेरु सब ली * साथ्मा खुशी भै हरी ।
पाल्नूभो कुरुक्षेत्रमा रथ चढी * सोही बखत् प्रेम् गरी ।।
पैह्ले स्नान् गरि फेरि ब्राह्मण हरू * जो जो गएका थिए ।
सब्लाई धन रत्न दान् गरि अनेक् * यादव् हरूले दिए ।।२।।

ब्राह्मण् भोजन फेर् गरे खुशि भई * सोही बखत्मा त्यहाँ ।
आए भेट्न भनेर पाण्डव हरू * कौरव् समेत् सब् वहाँ ।।
हर्षै पूर्वक भेट् गरे सकलले * नाथ्का सँगैमा गई ।
सत्कार् कृष्णजिले पनी ति सबको * गर्नू भयो खुश् भई ।।३।।

सब्ले यादव हेरुको उहि बखत् * साह्रै प्रशंसा गरी ।
भाग्यैको सह्रनी गरे खुशि भई * यिन्का समान् लोक् भरी ।।
होला तक्दिरको धनी कउन लौ * साक्षात् रमाका पती ।
बस्छन् साथ् यिनिहेरुका हर घड़ी * तारीफ् गरूँ धेर् कती ।।४।।

इन्द्रादी सब देवता पनि सदा * जस्को त चिन्तन् गरी ।
ध्यान् गर्छन् उहि लक्ष्मिका पति हरी * यिन्का उपर् प्रेम् धरी ।।
दीनू हुन्छ सहाय बन्धु रुपले * त्यस् निम्ति यिन्का सरी ।
ठूलो धन्य छ कौन लौ भन सबै * सारा तिनै लोक् भरी ।।५।।

आपस्मा यहि रीतले गरि अनेक् * वार्ता कुशल्का त्यहाँ ।
गर्थे तारिफ उग्रसेन नृपको * भीष्मादि आपस् महाँ ।।
सब् रानी हरिका त्यहाँ जति थिए * सब्का सँगैमा गई ।
कुन्ती द्रौपदि दूइले गरि लिए * भेट्घाट खूशी भई ।।६।।

कुन्तीले गइ फेरि श्रीप्रभुजिका * सङ्मा कुशल् क्षेम् सबै ।
सोधिन् नाथ ! दया रहोस् गरिबमा * भन्दै अती हर्ष भै ।।

आए नन्दजि साथमा यशुमती * सब् ग्वाल ली त्यै घरी ।
व्रज्का नारिसमेत भेट्न भनि झट् * थीए जहाँ श्रीहरी ।।७।।

टाढै देखि उठेर गै नगिचमा * राम्-कृष्णजीले त्यहाँ ।
माताका र पिताजिका परनु भो * शिर् राखि पाऊ महाँ ।।
हर्षाश्रु कन कादि ती यसुमती * फेर् नन्दजीले पनी ।
काख्मा ली हरि-रामलाइ खुशि भै * प्रेम् गर्न लागे अनी ।।८।।

गर्नू भो जति बाल-चरित्र हरि-राम् * जीले सबै गान् गरी ।
लागे नन्द-यशोमती खुशि हुँदै * बात् गर्न खूब् त्यै घरी ।।
फेरी सोहि बखत् गई कुशलको * वार्ता जती सब् त्यहाँ ।
खूशी भै वसुदेवले गरि लिए * भेटेर आपस् महाँ ।।९।।

यस्तै रित्सित श्री यशोमतिजिको * साथ्मा खुशी भै अती ।
गर्थे देवकि, रोहिणी मिलि दुई * वार्ता कुशल्का जती ।।
छुट्टा एक तरफ् रही सकल ती * राधादि गोपी पनी ।
हेर्थे कृष्णजिको मुहार् उहि बखत् * आसक्त साह्रै बनी ।।१०।।

जो दिल् हो हरिमा गई मिलिगयो * लोक्लाज मानी फगत् ।
गर्नै ती सकदैनथे मिलनको * तर्खर् न पाई बखत् ।।
हाम्रा माफिक सुन्दरी अरु कुनै * छैनन् जगत् भर् महाँ ।
भन्ने रुक्मिणि रानिहेरु अभिमान् * गर्थे अती मन् महाँ ।।११।।

देखी लज्जित खूब् भए ति मनमा * राधा अती सुन्दरी ।
जस्का दिव्य स्वरूपले चकित सब् * हूँदा भए त्यस् घरी ।।
फेर् गर्छू म यकान्त गोपिनिहरु- * का साथमा लौ भनी ।
लाग्नू भो हरि प्रेम गर्न सबमा * आशक् बहूतै बनी ।।१२।।

सब्लाई गरि अंकमाल खुशि भैं * मन्को सबै ताप् हरी ।
शीतल् मन् हरिले गरी दिनु भयो * सोही बखत् प्रेम् धरी ॥
हर्षित् खूब भई ति गोपिनि सबै * ठट्टा गरेभैं त्यहाँ ।
सम्झाईकन सब् चरित्र अघिको * भन्छन् प्रभू-सङ् महाँ ॥ १३ ।

ब्रज्मा खेल् अघि खेल्नुभो प्रभुजिले * हाम्रा सँगैमा जती ।
बिर्सीबक्सनु भो कि हामि सब याद् * गर्छौं दुखी भैं अती ॥
सक्छौं भुल्न कहाँ दही-दुध अघी * चोरेर खान् भयो ।
ऐह्ले राजसि सौख्यमा परि सबै * त्यो बात बिर्सी गयो ॥ १४ ॥

यस्तो दुःख मनाउ बात सुनि धेर् * ती गोपिनी का हरी ।
ज्ञान्को बात कहेर भन्न उ बखत् * लाग्नू भयो प्रेम् धरी ॥
ज्ञान् होस् लौं तिमिहेरुलाइ भनि हे ! * प्यारीसखी ! यस् घरी ।
भन्छू जान मलाइ ईश्वर भनी * निर्लिप्त भैं ध्यान् गरी ॥ १५ ॥

दुष्टादी सब मारि हर्न भनि भार् * औतार ली जग् महाँ ।
आएको म छु शान्तिस्थापन हवस् * भन्ने विचारी यहाँ ॥
थीयो काम अधिक् र छाड़ि तिमि सब् * लाई म आएँ यहाँ ।
ठान्दा हौ तिमि हेरुले मकन खूब् * निष्ठुर् भनी मन् महाँ ॥ १६ ॥

शिक्षा गर्दछु त्यै छुटोस अहिले * अज्ञान तिम्रो भनी ।
भूठो हो बुझ यो अनित्य जग सब् * संसारि माया पनी ॥
आकाश् तेज र वायु पृथ्वि जलको * पाँच् तत्व सब्मा भरी ।
हुन्छन् कायम प्राणि बस्छु म तहाँ * आत्मा स्वरुप्ले गरी ॥ १७ ॥

पैदा प्राणि भए ति चार् तरहले * बीज् देखि रुख् सब् यहाँ ।
अण्डै देखि बने पखेरुहरु सब् * यो जानि ल्यौ मन् महाँ ॥

गर्छन् भोग् सब कर्मको जनम ली * मानीस जन्तू भई ।
यावत् कीट पतङ्ग भोग गरछन् *योनी प्रत्येकमा रही ।।१८।।

सब्को ली अधिकार गर्दछु म नै * संयोग् वियोग् छिन्महाँ ।
खेलबाडै सरि जान यो जगत हो * मेरो मनुष्-रूप् महाँ ।।
मैले यो सब आत्मज्ञान् कहि दिएँ * यस्को विचार् खूब् गरी ।
माया लाइ हटाइ दूर् रहु सदा * मन्मा मलाई धरी ।।१९।।

माया तुच्छ भनेर जानि सुखको * आशा न ली एक् रती ।
इच्छा सागर झैं छ खींच तिमि सब् * दुर्वासना हो जती ।।
स्नान्को भान लिएर हे सँगिनिहो * आएँ म ऐह्ले यहाँ ।
शिक्षा दीकन ज्ञान् बताउन भनी * तिम्रो सदा मन् महाँ ।।२०।

यस् रित्का हरि देखि पाइ उपदेश् * खूब् हर्षमा सब् परी ।
गर्छन् बिन्ति ति गोपिनी हरु तहाँ * भक्ती मनैमा धरी ।।
थीयौं नाथ् ! दुखि हामि धेर् चरणका* दासीहरू सब् जती ।
मन्को ताप् अहिले हटाइ दिनुभो *राखेर प्रेम्-भाव् अती।।२१।।

माग्छौं वर् अब नाथ ! यै हृदयमै * दर्शन् मिलोस् हर् घरी ।
शान्तीरूप प्रत्यक्ष श्रीहरिजिको * भक्ती सहित् ध्यान् गरी ।।
होस् मुक्ती पछि फेर् मिली हजुरमा * जाऊँ परम्पद् महाँ ।
यो बिन्ती सुनि मर्जिभो प्रभुजिले *खुशी भई फेर् त्यहाँ ।।२२।।

तिम्रो घट्-घटमा गई म रहुँला * शुद्धात्म रूप्ले गरी ।
यै रित्ले भनि गोपिनी सँग तहाँ * प्रेम् गर्नु हुन्थ्यो हरी ।।
पट्रानीहरु नाथका मिलि कुरा * गर्थे ति आपस् महाँ ।
सम्झी प्रेम् अधिको ति गोपिनि सँगै* भुल्नूभयो नाथ् यहाँ ।।२३।।

हामीमा जति छैन प्रेम् तिमि उपर् * कस्तै हवस् ता पनी ।
यस्तो भाव् तिनिहेरुको बुझि म लों * गर्छू परीक्षा भनी ॥
सब्ले हेर उघारि चद्दर भनी * आज्ञा दिनू भो जसै ।
प्रेम्को भाव गजब् छ जान अहिले * भन्ने सुनीयो तसै ॥२४॥

देखे गोपिनि हेरुले हृदय मे * नाथ्लाइ झट् त्यै घरी ।
देखेनन् तर सब् ति रानि हरुले * नाथ्लाइ कस्तै गरी ॥
नाथ्को प्रेम रहेछ गोपिनि उपर् * धेरै भनी सब् त्यहाँ ।
जानी, हुन् यि ठुला भनी मनमनै * हेर्थे परस्पर् महाँ ॥२५॥

भक्ती पूर्वक खूब् प्रणाम् गरि लिए * सब्ले जसै त्यै घरी ।
थीए पाण्डव सब् जहाँ उहिं हरी * पाल्नू भयो झट् गरी ॥
सम्मान् खूब् हरिको गरे सकलले * अत्यन्त खूशी भई ।
वार्ता प्रेम्सित फेर् गरे हरिजिले * सब्का अगाडी गई ॥२६॥

लागे गर्न ति बिन्ति फेर् प्रभुजिको * हूँदा कृपा धेर् अती ।
धन्यै हामि भयौं जनम् सुफल भो * बिन्ती गरौं धेर् कती ॥
आठ् रानी हरिका र द्रौपदि समेत् * जम्मा भई सब् त्यहाँ ।
लागे प्रेम्सित गर्न बात् खुशि भई * फेरी परस्पर् महाँ ॥२७॥

रुक्मिण्यादि रानी विवाह वर्णन लीला ( १४३ )

राजन् ! सोह्र हजार एकशय आठ् * रानी हरीका जती ।
गान्धारी अरु कुन्ति द्रौपदि समेत् * जो जो थिए सब् तती ॥
लागे खुश् भइ गर्न बात् उहि घरी * सामू अगाडी सरी ।
भन्छिन् द्रौपदि खूशि भै रुकमिणी- * जीका उपर् प्रेम् धरी ॥१॥

भन्नूहोस् क्रमसाथ् तपईं हरु सब् * आफ्ना बिहाको यहाँ ।
वर्णन् सब् मकनै सुनूँ भनि भयो * इच्छा अती मन् महाँ ।।
हात्ले हात् धरि रुक्मिणी ति पहिले * विस्तार गर्छिन् अनी ।
गर्छू सुन्नु हवस् बयान दिदिज्यू ! * मेरा बिहाको भनी ।।२।।

मन्मा पाउँ पती हरीकन भनी * ध्यान् गर्दथें हर्घरी ।
चेदीराज् कन दाज्युले दिनुभयो * ख्याले न केही गरी ।।
सब् ठीक् भै शिशुपाल आउन तयार् * हूँदो भएथ्यो जसै ।
मैले त्यै दिन नाथ् कहाँ चिठि दिई * ब्राह्मण् पठाएँ तसै।।३।।

त्यै दिन् पाल्नुभयो कृपा गरि ममा * पीताजी काहाँ हरी ।
निस्कें दर्शन् गौरिको गरुँ भनी * फेरी म झट् त्यै घरी ।।
नाथ्ले झट् धरि बक्सियो गइ जसै * फर्कें म दर्शन् गरी ।
दौड़े सब् नृप हेरु लड्न हरिका * साम्ने अगाड़ी सरी ।।४।।

सब् लाई जिति फेरि ल्याइ मकनै * यस्ता प्रकार्ले यहाँ ।
बीहा गर्नु भयो भनी रुकमिणी * भन्दी भइन् फेर् त्यहाँ ।।
सुन्नूहोस बयान गर्दछु भनिन् * झट् सत्यभामाजिले ।
चोरे कृष्णजिले मणी भनि गरे * शङ्का र पीताजिले ।।५।।

चोरीको अपवाद नाहक जसै * लाग्यो हरीले गई ।
खोजी त्यो मणि ल्याइ झट् दिनुभयो * अत्यन्त खूशी भई ।।
पाऊमा हरि कै परेर मकनै * फेर् नाथकै साथ् महाँ ।
बीहा गर्दिनुभो खुशी गरुँ भनी * मेरा पिताले त्यहाँ ।।६।।

फेरी सामु सरेर जाम्बवतिले * भन्दी भइन् त्यै घरी ।
जस्ता रित्सित भो बिहा उहि यहाँ * भन्छू म विस्तार् गरी ।।

ध्यान् दी सुन्नुहवस् मणी लिन भनी * पाल्नू भयो नाथ् जसै ।
ठूलो युद्ध भयो परस्पर पिता- * जी फेर् हरीमा तसै ॥७॥

सत्ताइस् दिन सम्म युद्ध गरि फेर् * जित्नै न सक्दा महाँ ॥
चीन्हे ईश्वर हुन् भनेर पितुले * मन्ले र फेरी त्यहाँ ।
लाचार् भै परि पाउमा मणि सहित् * दीए मलाई पनी ।
खूशी भै मकनै लिएर पुरिमा * फिर्नूभयो नाथ् अनी ॥८॥

कालिन्दी महिषी बयान् गरुँ भनी * लागिन् सुनी यो त्यहाँ ।
बस्थें श्री यमुनाजिमा हरिजिको * लीएर ध्यान् मन् महाँ ॥
पाल्नू भो प्रभु त्यै घरी गरि दया * अर्जुन् समेत् प्रेम् धरी ।
दर्शन् खूब् खुशि भै गरें प्रभुजिको * लम्रेर पाऊ परी ॥९॥

मेरो प्रीति बुझेर ल्याइ घरमा * नाथ्ले पनी खुश् भई ।
बीहा गर्नु भयो विधी सित भनी * विस्तार येती कही ॥
कालिन्दी चुप भै रहिन् जब तहाँ * झट् मित्रवृन्दा अनी ।
बीहाको सब हाल आफ्नु कहनै * लागिन् म भन्छू भनी ॥१०॥

मेरो जुन् दिनमा स्वयम्वर हुने * ठीक्ठाक् भएथ्यो जसै ।
राजा हेरु अनेक देश भरिका * जम्मा भए सब् तसै ॥
पाल्नू भो प्रभुजी पनी उहि घरी * दर्शन् गरूँ लौ भनी ।
नाथ्का सामु नजीक् गएँ म हरिले * पक्री लिनूभो अनी ॥११॥

झट् रथ्मा मकनै बसाइ अनि फेर् * सब्लाइ जीती त्यहाँ ।
ल्याई गर्नु भयो विवाह प्रभुले * खुशी भई घर् महाँ ॥
तिन्को वर्णन यो सुनेर खुशि भै * सत्या पनी त्यै घरी ।
भन्छिन् आफ्नु विवाहकोसकल हाल् * सब्का अगाड़ी सरी ॥१२॥

बाबाले प्रण गर्नुभो जउन वीर् * एकै पटकमा धरी ।
छेड्ला नाक्कन सात गोरुहरुको * सोही उपर् प्रेम् गरी ।।
कन्यादान् म दिनेछु यो प्रभुजिले * सूनेर आई त्यहाँ ।
छेड़ी नाक ति सात गोरु हरुको * दीनू भयो छिन् महाँ ।।१३।।

यस्ता रितिसित प्रण् स्वयंवर विषे * पूरा गरी त्यो अनी ।
फिर्नू भो लिइ साथमा मकन यो * सूनेर भद्रा पनी ।।
लागिन् भन्न बिहा भयो जसरि सब् * भन्छू म सुन्नोस् यहाँ ।
ठीक्ठाक् भो जब फेर् स्वयंवर हुने * मेरो उसै बीच्महाँ ।।१४।।

देश्-देश्का सब भूपतीहरु थिए * ठाँट् पारि सोही घरी ।
मैले गै हरि लाइ दिव्य वरमाल् * लाई दिएँ पद् परी ।।
बीहा फेरि पिताजिले गरिदिनू * भो खूब खूशी भई ।
लागें प्रेम् सित बस्न श्रीहरि सँगै * द्वारावतीमा गई ।।१५।।

भद्राका मुख देखि येति सब हाल् * सूनी उसै बीच्महाँ !
भन्छिन् गर्छु बयान् भनी अघिसरी * श्रीलक्ष्मणा फेर् त्यहाँ ।।
नारद्का मुख देखि श्रीप्रभुजिको * सूनेर कीर्तन् सबै ।
बस्थें पाउँ पती हरीकन भनी * मन्मा सदा हर्षभै ।।१६।।

गर्थें ध्यान् हरिका चरण्-कमलमा * दिन्-रात प्रेमै गरी ।
मेरो आशय जानि त्यो कठिनको * राखेर प्रण् त्यै घरी ।।
रच्नूभो अति एक् स्वयंवर ठुलो * मेरा पिताले त्यहाँ ।
डाक्नूभो सब देशका नृपहरू * लाई स्वयंवर् महाँ ।।१७।।

बेध्नू मत्स्य नजर् गरी जल महाँ * छाया भनी प्रण् रह्यो ।
बेध्नै त्यो न सकेर मत्स्य सबको * आशा हराई गयो ।।

फ्याँक्थे क्वै धनु भूमिमा सकल विर् * भेऊ न पाई रती ।
यस्तै रित्सित ताकि मात्र शर क्वै *लाचार् भए धेर् कती।।१८।

हे पाञ्चालि! ति वीर अर्जुन पनी * जस्ले स्वयंवर् महाँ ।
मत्स्यै बेधि तपाइँ लाइ सहजै * जीतेर ल्याए यहाँ ।।
यस्ता ती विरले पनी अधि सरी * बाण् ताकि हाने जसै ।
छोयो मात्र, सकेन बेध्न शरले * त्यस् मत्स्यलाई कसै।१९।

पाल्नू भो सबका पछी हरि अनी * बेध्छू म मत्स्यै भनी ।
खेल्वाड् भैं शर हानि काटि दिनुभो * त्यो मत्स्य तुच्छै गनी ।।
आश्चर्यै अति मानि भूपति हरू * लज्जित् भए सब् त्यहाँ ।
आएँ भूषण वस्त्र पैह्रि म पनी * नाथ्का अगाड़ी महाँ।।२०

हेर्थे कल्पि अती मलाइ सब ती * राजा हरू फेर् कती ।
गर्थे आपसमा कुरा हरि तरफ् * गर्दै इसारा अती ।।
हात्मा सुन्दर रत्नको अति असल् * लीएर माला अनी ।
पैह्राएँ हरिलाइ खूब् खुशि भई * मोहित् बहूतै बनी ।।२१।।

वर्षाए फुल देवता सकलले * नाथ्का उपर्मा त्यहाँ ।
बाजा मङ्गलका बजे नटिनि सब् * नाच्थे उसै बीच् महाँ ।।
मेरो त्यै घरि भो बिहा प्रभुजिको * साथ्मा खुशी भै अति ।
धन् दौलत् रथ हात्ति दासिहरु धेर् *वर्णन् गरूँ धेर् कती ।।२२।।

बूवाले सब दाइजो दिनु भयो * नाथ्लाइ अर्पण् गरी ।
राखी सुन्दर रथ् उपर् मकन फेर् * बीदा भई त्यै घरी ।।
अर्जुन्लाइ सँगै लिएर हरि फेर् * फिर्नू भएथ्यो जसै ।
दौडे वीर्हरु धर्न लाइ भनि सब् *सोही बखत्मा तसै ।।२३।।

शारङ्गै धनुको सुनेर सब वीर् * टङ्कार् विचेतै गए ।
गीरे कोहि कठोर शर् शरिरमा * लागेर भागी गए ॥
खैंची गाण्डिव पार्थले शर अनेक् * छर्दा डराई त्यहाँ ।
भागे फिर्नु भयो हरी मकन ली * झट् द्वारिकापुर् महाँ ॥२४॥

त्रैलोक्यका अधिपती प्रभुलाइ पाई ।
बस्छू सदा म हरिका सँगमा रमाई ॥
मेरो नसीब् अति ठुलो भनि चित्तमाहाँ ।
सम्झन्छु धन्य म सरी छ कउन् जगत्मा ॥२५॥

वर्णन् यो सुनि लक्ष्मणा सुमुखिको * रानी हरीका जती ।
थीए सोह्र हजार गर्न वरणन् * लागे बिहाको तती ॥
भन्छन् खुशि भएर सुन्नू अब होस् * हाम्रो जसोरी यहाँ ।
बीहा भो सब भन्दछौं हरिजिको * भक्ती लिई मन्महाँ ॥२६॥

थीयो भौम असुर् बली अति पिता * हेरू कनै रण् गरी ।
त्यस्ले जीति गरी लियो वशमहाँ * सब्लाइ सामू सरी ॥
हामीलाइ हरेर बल् जफतिले * जम्मा गरी सब् अनी ।
राख्यो थूनि गुफाबिचे असुरले * गर्छू म बीहा भनी ॥२७॥
नाथ् बाहेक कुनै सहाय न हुँदा * भक्ती लिई त्यस् घरी ।
हाम्रो दुःख छुटोस् भनी गरन तप् * लाग्यौं भजन् ध्यान् गरी ॥
हाम्रा ऊपर नाथले गरि दया * क्यै दिन्पछी खुश् भई ।
मारी भौम असूर दुख् हरनुभो * रण्मा अगाड़ी गई ॥२८॥

फेर घरमा पछि ल्याइ श्री प्रभुजिले * बीवाह गर्नू भयो ।
पायौं गर्न टहल् हरी-चरणको * खुश् भै सबै ताप् गयो ॥

छौं हामी सब मग्न पाइ पति नाथ् * लाई यसोरी यहाँ ।
गर्छौं नित्य टहल् हरी-चरणको * भक्ती लिई मन् महाँ ।।२९।।

यस्ता तवर्‌सित महीषिहरू सबैले ।
गर्दा बयान् सुनि खुशी भइ फेर् क्रमैले ।।
फेर् द्रौपदीकन सुध्याइ ति सत्यभामा ।
भन्छिन् विवाह वरणन् पनि आफ्नु याहाँ ।।३०।।

गर्नू हवस् सब तपाइँ भनिन् जसैता ।
भन्छिन् ति द्रौपदि पनी खुशि भै तसैता ।।
मेरो विवाह हुनगो जसरी म ऐहे ।
भन्छू हरी-चरणमा धरि ध्यान पैहे ।।३१।।

द्रौपदी विवाह वर्णन लीला ( १४४ )

राजन् ! येति भनेर पाण्डव-प्रिय * ती द्रौपदीजी त्यहाँ ।
गर्छिन् वर्णन त्यो क्रमैसित अनी * सब्का अगाड़ी महाँ ।।
बेध्ला मत्स्य जउन् उपर् नजरले * हेरेर छाया महाँ ।
दिन्छू छोरि म तेसलाइ भनि प्रण् * थीयो पिताको त्यहाँ ।।१।।

देश् देश्का सब भूपती नवकुमार् * राजा सुयोधन् पनी ।
यो सम्चार सुनी पुगे खुशि भई * लौ मत्स्य बेध्छौं भनी ।।
आखिर्‌मा सब मत्स्य बेध्न नसकी * लज्जित् बहुतै भए ।
त्यो देखी तब पाण्डु-पुत्र ति जउन् * वीर् साहिला झट् गए ।।२।।

बेधे मत्स्य चलाइ शर् सहजमा * सब्का अगाडी जसै ।
माला लाइ दिएँ तिनैकन गई * मैले खुशी भै तसै ।।



आए लड्न सुयोधनादि हरु सब् * मन्मा ठुलो रीस् गरी ।
सब्लाई पिटि पाण्डु-पुत्र विरले * ल्याए मलाई हरी ॥३॥

ढोकैबाट पुकारि माइ शुभ चीज् * पायौं भनेथे जसै ।
आपस्मा मिलि बाँडिलेउ भनि यो * आज्ञा दिइन् झट् तसै ॥
आज्ञा यो सुनि माइको उहि घरी * पाँचै जनाले अनी ।
क्रम्साथ् गर्नुभयो बिहा खुशी भई * मोहित् म माथी बनी ॥४॥

गर्छू पाँच् पतिको म चाकरि सदा * अत्यन्त खुशी भई ।
यो बात् द्रौपदिको सुनेर उपहास् * गर्दै अगाड़ी गई ॥
भन्छिन् श्रीहरिकी पियारि महिषी * श्री सत्यभामा त्यहाँ ।
यो बात् हे दिदिज्यू ! सुनेर बहुतै * आश्चर्य भो मन्महाँ ॥५॥

राख्नू हुन्छ कसोरि पाँच् कन सबै * राजी बराबर् गरी ।
केही मन्त्र छ की पती वश हुने * मर्जी हवस् यस् घरी ॥
हामी सोह्र हजार एक शय आठ् * छौं दासि नाथ्का पनी ।
योटा नाथ्कन राजि पार्न न सकी * बस्छौं सदा दिक् बनी ॥६॥

भन्छिन् द्रौपदि रानि सूनिकन बात् * येती अनी त्यै घरी ।
हे बैह्नी ! तिमि भन्दछयौ जउन बात् * लौ सून खूब् ध्यान् गरी ॥
हुन्नन् राजि पती अवश्य कहिल्यै * जादू टुनाले गरी ।
सेवा प्रेम् गरि राख्छु राजि पति सब् * लाई सदा नेम् धरी ॥७॥

तस्मात् नाथ् कन राजि पार्न सहजै * गर्नू तिमीले पनी ।
भक्ती दृढ् गरि जानि लेउ मनमा * यै हो उपायै भनी ॥
यी बात् द्रौपदिका सुनेर बहुतै * श्री सत्यभामा त्यहाँ ।
मस्किन् मानि शरम् मुसु-मुसु सबै * हाँसे परस्पर् महाँ ॥८॥

यै रित्का गरि बात् परस्पर सबै * नारीहरू त्यस् घरी ।
हुन्थे खूशि चरित्र गाइ हरिको * भक्ती मनैमा धरी ॥
फेर् राम् कृष्ण युधिष्ठिरादिहरुका * एकतर्फ सङ्मा रही ।
गर्थे आपसमा प्रसंग वशले * वार्ता अनेक् खुश् भई॥६॥

ऋषिगण समागम लीला ( १४५ )

राजन् ! दर्शन श्रीहरी र बलराम् * जीको गरौं लौ भनी ।
आए त्यै कुरु क्षेत्रमा उहि घरी * सारा मुनीश्वर् पनी ॥
अत्री गौतम अंगिरा भृगु च्यवन् * व्यास् नारदादी जती ।
थीए सब् ऋषिहेरु खूशि मनले * जम्बा भए ती तती॥१॥

पूजा फेर् विधि साथ् गरी खुशि भई * सामान्य जन्का सरी ।
हात् जोरी हरि भन्नु हुन्छ ऋषिका * सामू अगाड़ी परी ॥
दर्शन् दीनु भयो महर्षि हरुको * ऐह्ले मलाई यहाँ ।
ठूलो भाग्य न भै तपाईंहरुको * पाइन्छ दर्शन् कहाँ ॥२॥

आत्मा शुद्ध हुँदैन सन्त मुनिको * दर्शन् विना क्यै गरी ।
यस्तो दुर्लभ पाइ दर्शन अती * खूशी भएँ यस् घरी ।।
गर्नू भो ऋषि हेरुको प्रभुजिले * सम्मान यस्तो जसै ।
लागे फेर् स्तुति गर्न जोरि कन हात् * सब् ती मुनीश्वर् तसै ।।३।।

हे सर्वात्म ! जगत्पते ! यसरि लौ * साक्षात् हजुर्ले पनी ।
आज्ञा भो तिमि ह्यौ ठुला भनि फगत् * केही न जान्ने बनी ।।
ठूला हामि अवश्य हौं किन भने * प्रत्यक्ष दर्शन् गरी ।
पाप्-ताप् देखि छुटेर कञ्चन भई * जान्छौं सहज् पार् तरी ।।४।।

गर्छन् जो शुभकर्म यज्ञ विधिले * हूँला नि मोक्षै भनी ।
फल् पूरा गरि दीनु हुन्छ प्रभुले * ती कर्म सब् मा पनी ।।
आयौं दर्शन गर्न ईश्वर भनी * सम्झेर हे नाथ् ! यहाँ ।
माग्छौं श्रीहरिको कृपा सब सदा * भक्ती धरी मन् महाँ ।।५।।

सारा ती ऋषिहेरुको विनति यो * सूनेर साक्षात् हरी ।
खूशी हूनु भयो र फेर् नृपति सब् * हात् जोरि बिन्ती गरी ।।
भन्छन् हे ऋषिश्वर् ! तपाईंहरुको * दर्शन् हुनाले यहाँ ।
सब् पाप् छुट्नगई मिलोस् विमल ज्ञान् * राखी दया मन् महाँ ।।६।।

यी बात् ती नृप हेरुको सुनि सबै * यस्तो छ ज्ञान् यो भनी ।
ज्ञान्को तत्त्व बताइ धेर उपदेश् * दीए ऋषीले अनी ।।
पाई ती मुनिबाट ज्ञान उपदेश् * राजाहरू खुश् रहे ।
फेरी झट् मुनिछेउ बिन्ति वसुदेव् * हात् जोरि गर्दा भए ।।७।।

हे सिद्धेश्वर तत्त्वज्ञानि ! म अती * छू मूर्ख, केही पनी ।
थाहा छैन बताउनोस् गरि कृपा * सत्कर्म यो हो भनी ।।

जुन् कामले गरि हुन्छ जीव भव पार् * सोही भलाई यहाँ ।
शिक्षा बक्सनु होस् तपाइँ हरुको * पाइन्छ दर्शन् कहाँ ।।८।।

भन्छन् नारद व्यास आदि मुनि सब् * बिन्ती सुनी यो अनी ।
छौ ठूला वसुदेवजी ! तिमि पुरा * छौ भाग्यका लौ धनी ।।
साक्षात् श्रीप्रभु ब्रह्म-रूप हरि-राम् * पुत्रै स्वरूप्ले यहाँ ।
पायौ सब्कन तार्दिने तपसले * जान्छौ परम्पद् महाँ ।।९।।

सोध्यौ तैपनि भन्दछौं सुन तिमी * एक् यज्ञ सोम् नामको ।
भक्ती साथ् गर येहि क्षेत्र बिचमा * होला सुफल् कामको ।।
शिक्षा यो वसुदेवले सुनि लिए * फेरी खुशी भै अनी ।
सोधे हे मुनिवर् ! बताउनु हवस् * जुन्हो विधी त्योपनी ।।१०।।

मेरो साथ् रहि पूर्ण गर्दिनु हवस् * यज्ञै पनी यै घरी ।
मर्जी होस जुटाउना कन सबै * सामग्रि एकेक् गरी ।।
बिन्ती यो सुनि सब् ऋषीश्वर हरू * हर्षित् बहुतै भई ।
लागे यज्ञ गराउनै उहि घरी * त्यै क्षेत्रका बिच् रही ।।११।।

वसुदेव यज्ञ करण लीला ( १४६ )

राजन् ! सब् चिजबीज ठिक्क वसुदेव्-* जीले गरी त्यै घरी ।
थाले यज्ञ ति गर्न दीक्षित भई * भक्ती मनैमा धरी ।।
रानी हेरु अठार सब् सँग लिई * पैह्लै गरी स्नान् अनी ।
पूजा सब् ऋषिहेरुले गरि लिए * अत्यन्त नम्रित बनी ।।१।।

सब् जम्मा ऋषिहेरु भैकन विधी * पूर्वक् सबै काम् त्यहाँ ।
पारे पूर्ण बड़ो खुशी भइ तहाँ * त्यै यज्ञका बीच् महाँ ।।

के ही दिन् पछि यज्ञ पूर्ण हुन गो * देखे सबैले जसै ।
हर्षित् भै वसुदेवको सह्रनि खूब् * गर्दा भए सब् तसै ॥२॥

उत्तम् वस्त्र र दक्षिणाहरु अनेक् * श्रद्धा बहूले घरी ।
दीए सब् ऋषिहेरु लाइ वसुदेव- * जीले समर्पण् गरी ॥
इच्छा पूर्ण हवस् भनी खुशि भई * ती सब् ऋषीले पनी ।
आशीर्वाद दिए लिएर हरिको * भक्ती तरौंला भनी ॥३॥

बीदा भै ऋषिहेरु राम हरिका * साथ्मा खुशीले गरी ।
गाई श्री हरिको चरित्र गुणगान् * घर्मा फिरे त्यै घरी ॥
फर्के सब् नृपती हरू पनि चरण- * मा नाथका शिर् धरी ।
खुशी भै रथ हात्तिमा चढि करी * आनन्द मङ्गल् गरी ॥४॥

नन्दादी हरु छुट्टिने बखतमा * अत्यन्त व्याकुल् भए ।
सम्झाई हरिले बिदा दिनु भयो * संतोष मानी गए ॥
दीनूभो वसुदेवले उस बखत् * नन्दादि लाई तहाँ ।
नाना भूषण वस्त्र हेरु बहुतै * राखेर प्रेम् मन् महाँ ॥५॥

स्नान् दान् सब् गरि क्षेत्रका बिचमहाँ * यस्ता प्रकार्ले त्यहाँ ।
भारी पर्व मनाइ यादव हरू- * फर्के सबै घर् महाँ ॥
खुशी हूँनु भयो हरी ऋषिहरू- * का सङ्गमा भेट् गरी ।
फिर्नू भो अनि साथमा लिइ सबै * रामकृष्ण शोभा छरी ॥६॥

---

वसुदेव कृत श्रीकृष्ण बलराम स्तुति लीला ( १४७ )

राजन् ! श्री वसुदेव लाइ हरि-राम् * ईश्वर् भनी मन् महाँ ।
ज्ञान् भो सब् ऋषिदेखि पाइ उपदेश् * त्यो यज्ञ गर्दा त्यहाँ ॥

आत्मा शुद्ध भएर निर्मल स्वरूप् * मन् भित्र देखे जसै ।
लागे श्री वसुदेव गर्न स्तुति खूब् *राम्-कृष्णको झट् तसै ।।१।।

हे लोकनाथ ! उपदेश् ऋषि देखि पाई ।
ज्ञान् भो हजुर् जगत-नाथ भनी मलाई ।।
साक्षात ईश्वर दुई जन लाइ जानें ।
मेरो जनम् सुफल भो भनि धन्य मानें ।।२।।

सृष्टी स्थिती लय अरु सब काम गर्ने ।
दुःखीत त्राहि जनको सब कष्ट हर्ने ।।
यस्तो हजुर् अखिल ब्रह्म भनेर मैले ।
जानी लिएँ सकल तत्त्व विचारि ऐले ।।३।।

भू-भार हर्न अवतार लिएर याहाँ ।
पाल्नू भयो जनम ली भव बीच माहाँ ।।
मेरा सुपुत्र भइ दैत्य हरू निभाई ।
उद्धार गर्दिनु भयो सब भक्त लाई ।।४।।

थीएँ म मूर्ख र प्रभूकन पुत्र जानी ।
गर्थें म स्नेह सब बात् अति सत्य मानी ।।
ऐल्हे त निर्मल भयो जब ज्ञान् मलाई ।
संसारदेखि मन नाथ ! लिएँ हटाई ।।५।।

भक्ती अटल् बनि रहोस् प्रभुका चरण्मा ।
लीनू हवस् विनति गर्छु यही शरण्मा ।।
पाएँ कृपा विमल पूर्ण भने सहज्मा ।
जानेछु पार् भव तरीकन एक छिन्मा ।।६।।

मायामानै हजुर्का वश परि जति छन् प्राणि सब् नाथ लाई ।
सक्तैनन् चिह्न शेखी भइकन महिमा नाथको मन् जमाई ।।
सक्तैनन् देवताले बल गरि हरिको गान गुन् गर्न लाई ।
सक्छन् स्तव् गर्न काहाँ विषयि र कुमती लोकले मन् लगाई ।।७।।

ईश्वर् भाव् राख्छु मन्मा फगत कुमतिको बात् सबै नष्ट पारी ।
लागोस् लौ श्रीचरण्मा सुमति भनि म यै बिन्ति गर्छू मुरारी ! ।।
यै रित्ले भक्ति धारी मन बिच वसुदेव्ले स्तुती धेर् गरेको ।
सूनी भन्नू भयो खुश् भइकन हरिले प्रेम-वाणी भरेको ।।८।।

ईश्वर् हौ यो भनी सब् जति गरिलिनुभो आज मेरो प्रशंसा ।
भेद् कत्ती छैन बुझ्नोस् अरु कछु मनको एक हो मात्र शङ्का ।।
आत्मा एकै छ खाली फरक छ उ फगत् देह प्राणी हरूमा ।
घट्घट्मा छन् प्रकाशित् भइकन रहने सिर्फ एक् ब्रह्म-आत्मा ।।९।।

ऐनामा प्रतिबिम्ब जाइ परदा * मानिस्हरू रूप् त्यहाँ ।
देख्छन् भिन्न अनेक मूर्ख सरि भै * अज्ञानका वश् महाँ ।।
यौटै हो भनि जान्दछन् सब पुरुष् * यस्को विवेक् ज्ञान् भई ।
आत्मैरूप जगत्-पती सब महाँ * खेल् गर्दछन् स्थिर् रही ।।

यो सब् निर्मल मन् भई सुकृतिले * जानिन्छ ज्ञानी बनी ।
जान्नू होस पिता ! विचारि मनमा * मूल तत्त्व यै हो भनी ।।
मर्जी भो हरिले बुझाइ सब बात् * यस्तै प्रकार्ले जसै ।
विश्वास् भो वसुदेव लाइ मनमा * खुशी भए धेर् तसै।। ११।।

अज्ञान् लाइ हटाइ जानि मनमा * यी पूर्ण ईश्वर् भनी ।
लागे रात्-दिन भज्न पूर्ण हरिका * रूप्मा अती दृढ् बनी ।।

ज्ञान् हूँदा सब मोह दूर् भइ गयो * नाथ्का कृपाले गरी ।
भक्ती पूर्वक प्रेम राखि हरिमा *ध्यान् गर्दथे हर् घरी ।।१२।।

देवकी मृतपुत्रानयन लीला ( १४८ )

राजन् ! एक् दिन माइ लाइ हरिले * राखी कृपा मन् महाँ ।
भन्नू भो ऋण टार्न लाइ जननी ! * ऐह्ले हजुर्को यहाँ ।।
कुन् काम् आज गरौं बताउनु हवस् * येती सुध्नाए जसै ।
हात् जोरी जननी ति देवकि जिले * बिन्ती गरिन् झट् तसै ।।१।।

हे बाबू ! दुखि छू अती मनमहाँ * शोक् पुत्रको धेर् भई ।
ल्यायौ नन्दजिलाइ फेर् गुरुजिको * छोरा जसोरी गई ।।
त्यस्तै रित्सित पुत्रसब् अघि अधम्- * ले मारि दीयो जती ।
ल्याई देउ मलाइ हेर्न अहिले * इच्छा छ मन्मा अती ।।२।।

लीला देखि सबै तिमीकन म ता * ठान्छू जगत्का पती ।
खाली पुत्र भनेर जान्दिन म ता * शङ्का न ली एक् रती ।।
टार्छू ऋण् पनि भन्दछौ किन उसै * पारेर मोहित् यहाँ ।
हौ साक्षात् पर-ब्रह्म मातृ-ऋण लौ * लाग्योनि फेरी कहाँ ।।३।।

बस्छू रोइ सदा म पुत्रहरुको * सम्झेर माया अती ।
मेरो कष्ट हटाइ देउ तिमिले * बिन्ती गरूँ धेर् कती ।।
यो बिन्ती सुनि माइको प्रभुजिले * भन्नू भयो खुश् भई ।
ल्याई दिन्छु म पुत्र माइ ! अहिल्यै * खोजी जहाँ छन् गई ।।४।।

यस्मा गर्नु न होस शोक रति क्यै * बस्नू हवस् धीर् धरी ।
सब् सन्ताप हटाउँनेछु सहजै * आज्ञा शिरोपर् धरी ।।

यस्ता रितिसित माइलाइ हरिले * सम्झाइ झट् त्यै घरी ।
रामूलाई लिइ पाल्नुभो बलि कहाँ * पातालमा श्रीहरी ॥५॥

देखी राम्-हरिलाइ खुशि बलिराज् * अत्यन्त हूँदा भए ।
पूजा भक्ति सहित् गरी चरणमा * लम्बेर पर्दा भए ॥
भेटी उत्तम रत्नहेरु बढ़िया * चिज्-बीज् अनेकौं धरी ।
लागे बिन्ति ति हात जोरि गरने * राजा बली त्यस् घरी ॥६॥

हे नाथ् ! दास उपर् दया गरि बहुत् * आएर दर्शन् यहाँ ।
साक्षात् दीनुभयो जनम् सुफल भो * भक्ती रहोस् मन् महाँ ॥
आज्ञा हुन्छ जउन् म गर्न प्रभुको * हाजिर् छु हे नाथ् ! भनी ।
बिन्ती पारि लिए बली नृपतिले * अत्यन्त नम्रित् बनी ॥७॥

यस्तो बिन्ति सुनी प्रसन्न भइ फेर् * आज्ञा भयो नाथले ।
माता देवकिका कुमार् अघि जती * मारी दियो कंसले ॥
रुन्छिन् माइ सदा ति संझि मनमा * त्यो पुत्र-शोकले गरी ।
आएँ लीन म तिन्कनै बुझ तिमी * यो ल्याइ झट् यै घरी ॥८॥

आज्ञा यो सुनि झट्ट हाजिर गरे * सब् पुत्र लाई त्यहाँ ।
लौ ली पाल्नुहवस् भनेर बलिले * मस्तक् धरे पद् महाँ ॥
सब् ती दाज्यु लिएर साथ हरि-राम् * पाल्नू भयो खुश् भई ।
सुम्पी दीनुभयो पुगेर जननी- * ज्यूका समीप्मा गई ॥९॥

लागिन् चुम्बन गर्न देखि सुत सब् * प्रेमूले लिई काख् महाँ ।
खूशी भै स्तन पान् गराइ ति बसिन् * श्री देवकी फेर् त्यहाँ ॥
देखाई दिनु सम्म कारण थियो * सब् दाज्यु लाई त्यहाँ ।
फेरी श्रीप्रभुले पठाऊनु भयो * आफ्ना परम्पद् महाँ ॥१०॥

सुभद्रा हरण लीला [ १४९ ]

राजन् ! हरीकि बहिनी जसरी हरेर ।
ल्याए ति अर्जुनजिले सुन ध्यान् धरेर ।
सब् तीर्थमा घुमि पछी मुनि-रूप धारी ।
बस्थे ति अर्जुन प्रभास् बिच स्वाँग पारी ॥१॥


ठूला तपस्वि भनि यादव हेरु आई ।
मान् गर्दथे अति खुशी भइ दिल् लगाई ॥
अर्जुन् पनी ति सबलाइ सुनाइ सारा ।
दिन्थे अनेक उपदेश बहाइ धारा ॥२॥

केवल् श्रीहरि मात्र अर्जुन भनी * भेद् जान्नुहुन्थ्यो त्यहाँ ।
हुन् यी सिद्ध अवश्य जानि सबले * विश्वास् लिए मन् महाँ ॥
आदर् साथ् बलरामले घर महाँ * डाकेर खुश् भै अती ।
भोजन् तिन्कन बेस् गराऊनु भयो * जानी महात्मा यती ॥३॥

बेल्लीको उहि बीचमा गरनुभो * वार्ता बिहाको त्यहाँ ।
यादब्का सँगमा हरी र बलराम् * जीले परस्पर् महाँ ॥
दुर्योधन् कन दीनलाइ बहिनी * रामले कुरा गर्नुभो ।
अर्जुन्लाइ दिने विचार हरिले * मन्मा अटल् धर्नुभो ॥४॥

मर्जी भो दिनु पर्छ अर्जुन कनै * बैन्ही सुभद्रा भनी ।
अर्जुन् वीर् पनी खुश् भए प्रभुजिको * जानेर इच्छा अनी ॥
अर्जुन्का सँगमा विवाह गरने * इच्छा हरीको सुनी ।
बल्, कीर्ती, रुप, नाम अर्जुनजिको * सम्भेर मन्मा गुनी ॥५॥

लागिन् मोहित हून, अर्जुन पनी * देखी सुभद्रा अती ।
प्यारी सुन्दरि कामिनी रुपवती * मानू मदन्की रती ॥
आशक् भैकन प्रेम गर्न मनमा * लागे बड़ो ध्यान् धरी ।
आश्रम्मा फिरि आइ अर्जुन रहे * उन्मत्त भूईं सरी ॥६॥
देवी पूजन लाइ यादवहरू * एक् दिन् सबै बन्महाँ ।
नारी हेरु लिएर सब् चलिगए * अर्जुन्जि थीए जहाँ ॥
अर्जुन्का सँगमा गएर झटपट् * श्री कृष्णजीले पनी ।
सल्लाहा गरि भन्नु भो रथ चढ़ी * बैन्ही हरील्यौ भनी ॥७॥



संकेत् यो हरि देखि पाइ खुशि भै * अर्जुन् पनी त्यै घरी ।
बैन्ही श्री हरिकी उड़ाइ रथमा * राखेर झट्-पट् गरी ॥
हाँके रथ् जब रामले नजर भो * अत्यन्त क्रुद्धै भई ।
भन्नू भो अब दण्ड दिन्छु अरजुन्- * लाई म ऐल्हे गई ॥८॥
हाम्रो भारि गन्यो अनादर यहाँ * यस्ले म वीर् हूँ भनी ।
पाई आशय कृष्णको हरि लग्यो * बैन्ही सुभद्रा पनी ॥
आँटे जान भनेर दाज्यु बलराम् * एक्लै जसै त्यै घरी ।
सम्झाई कन भन्नु भो प्रभुजिले * सोही बखत् हात् धरी ॥९॥

हाम्रो अर्जुनले अनादर गर्‍यो * दाज्यै ! जती तै पनी ।
भन्छु अर्जुन योग्य छन् बुझि सबै * त्याग्नू हवस् रिस् भनी ॥
कोही लायक खोजि दीनु परने * हो बैन्हिलाई यहाँ ।
भैगो अर्जुनले लगे किन गरौं * वैरत्व आपस् महाँ ॥१०॥

'तेरै हो सब खेल यो' भनि गरे * रिस् शान्त रामले पनी ।
साथ्मा ली हरिकी पियारी बहिनी * अत्यन्त गद्-गद् बनी ॥
पौंचे अर्जुन हस्तिनापुर महाँ * लीई सुभद्रा जसै ।
देखी सब् पुरजन् नयाँ दुलहि खुब् * मन्मा भए खुश् तसै॥११॥

दासी भूषण रत्न हात्ति रथ धेर् * जम्बा गराई त्यहाँ ।
दाईजो भनि रामले बहिनिको * भेज्नू भयो घर् महाँ ॥
हेरी लग्न असल् बिहा गरि अनी * रानी सुभद्रा लिई ।
लागे अर्जुन गर्न खूब सुख-भोग् * तन्मन् प्रियामा दिई ॥१२॥

श्रुतदेव जनक सन्दर्शन लीला ( १५० )

राजन् ! हरी मनमहाँ अति प्रीति धारी ।
भक्ते उपर् खुशि भई करुणा विचारी ॥
पाल्नू भयो जसरि फेर् मिथिला नगर्मा ।
विस्तार गर्छु सुनि लेउ उही शहर्मा ॥१॥

ब्राह्मण् एक् श्रुतदेव् थिए प्रभुजिको * भक्ती लिई मन् महाँ ।
दर्शन् पाऊँ भनी ति रात-दिन सदा * बस्थे खुशी भै त्यहाँ ॥
राजा फेर् अघि जो जनक् हुन गए * सोही मिथीला महाँ ।
पाए मुक्ति असल् विवेक सब योग् * जानेर जन्मी त्यहाँ ॥२॥

त्यै कुल्मा बहुलाश्व नाम नृपती * भक्ती हरीको गरी ।
बस्थे ती पनि नित्य दर्शन् मिलोस् * भन्ने ठुलो ध्यान् धरी ॥
भक्ती ती दुइको बुझी गरि विचार् * दर्शन् दिऊँ लौ भनी ।
साथ्मा सब् मुनिलाइ ली जनकपुर् * पाल्नू भयो नाथ् पनी ३॥

आए भक्त दुवै सुनेर समचार् * नाथ्को उसै बीच् महाँ ।
पैह्ले शिर् धरि पाउमा प्रभुजिका * पर्थ्री परे ती त्यहाँ ॥
यो देखी हरिले बराबर दुवै * हुन् भक्त मेरा यिनी ।
भेद् कर्त्ती यिनि माथि छैन म कहाँ * जाऊँ नि पैह्ले भनी ॥४॥

मन्मा येति गरी विचार् दुइ तरफ् * एकै अलग् रूप् धरी ।
पाल्नूभो हरि एक साथ दुइका * घर्मा बड़ो प्रेम् गरी ॥
राजा खूशि भए जसै हरि त्यहाँ * पाल्नू भयो त्यस् घरी ।
भक्तीपूर्वक दिव्य आसन उपर् * राखी विधान्ले गरी ॥५॥

पूजा श्री हरिको खुशी भइ गरे * फेरी चरण्मा परी ।
गर्छन् बिन्ति ति हर्ष मानि बहुते * हे पूर्ण ईश्वर् हरी ! ॥
सब्का मालिक आत्मरूप भगवन् ! * राखी दया मन् महाँ ।
दर्शन् बक्सनु भो सुफल् जनम भो * हाम्रा नसिब्ले यहाँ ॥६॥

इच्छा पूर्ण भयो प्रभो ! अब सहज् * जान्छू म संसार् तरी ।
राजाले यहि रीतले अरु अनेक् * बिन्ती गरे ध्यान् धरी ॥
त्यो देखी हरि खूशि भैकन अनेक् * ज्ञान्का कुरा सब् कही ।
एक्काइस् दिन सम्म प्रेम गरि खूब् * राज् गर्नु भो खुश् भई ॥७॥

सोही रित्सित विप्रका घर पनी * एक्काइसै दिन् रही ।
इच्छा पूर्ण गराइ बक्सनु भयो * साह्रै दयालू भई ॥

थीए निर्धनि विप्र ती मन महाँ * भक्ती हरीको धरी ।
गंगा-जल् तुलसी चढ़ाइ हरिको * सन्मान् गरे बेसरी ॥८॥

मर्जी भयो प्रभुजिले अति खूशि मानी ।
हे भक्त ! विप्र ! छु खुशी बुझ सत्य जानी ॥
शिक्षा म गर्दछु तिमीकन केहि याहाँ ।
शुद्धात्म हुन् ऋषिहरू बुझ चित्त माहाँ ॥९॥

पूजा तिमी गर ऋषी गणको रिझाई ।
हुन् तीर्थ-रूप् यिनि ठुला भनि ध्यान् लगाई ॥
गर्दैन धर्म त पनी ऋषिको गएर ।
जो गर्छ दर्शन विनम्र अती भएर ॥१०॥

त्यो हुन्छ कञ्चन शरीर् छुटि पाप सारा ।
यो ज्ञान पाइ हरि देखि ति विप्र प्यारा ॥
पूजा ति सब् ऋषिकनै गरि बेस् विधान्ले ।
भक्ती सहित् खुशि भई तन मन् वचन्ले ।११॥

राज् भो जती दिन हरी तिनि विप्र काहाँ ।
हात् जोरि नित्य गरथे स्तुति सामु माहाँ ॥
पैह्ले रची गरि दिने जगलाइ पालन् ।
फेरी मिलायर लिने गरि सृष्टि नाशन् ॥१२॥

हे नाथ ! ईश्वर ! प्रभो ! परमेश ! स्वामी ! ।
जान्दीन केहि रुप गुण् प्रभुको म कामी ! ॥
अज्ञानि मूढ़ म उपर् करुणा विचारी ।
दर्शन् दिंदा सहज जन्म लिएँ सपारी ॥१३॥

रहोस् भक्ती मन्मा अटल करुणा पाउँ म भनी ।
म यै बिन्ती गर्छू परि पद-कमल्मा दृढ़ बनी ॥
सबै बन्धन् तोड़ी विमल भइ जाऊँ भव तरी ।
गरे ब्राह्मण्ले यो विनति अति खूशी भइ हरी ॥१४॥

भयो मर्जी सम्झी निरगुण स्वरूप्को तिमि यहाँ ।
रहू क्यै दिन् गर्दै भजन पछि मुक्ती पद महाँ ॥
पुगौला भन्ने यो वचन जब मीठा उहि धरी ।
विदा दी फिर्नू भो ऋषि सकल लाई नरहरी ॥१५॥

ब्राह्मण् र भूपति दुबै पछि मुक्ति पाई ।
जाँदा भए भव तरीकन ध्यान् लगाई ॥
येती सुनाइ शुकले मनले विचारी ।
भन्छन् ति वेदस्तुति फेर् अति भक्ति धारी ॥१६॥

### वेदकृत विष्णु स्तुति लीला ( १५१ )

राजन् ! नारद बद्रिकाश्रम महाँ * एक् दिन् ति घुम्दै गए ।
नारायण् सँग पाउमा परि ऋषी * यो प्रश्न गर्दा भए ॥
हे नारायण ! खूब् ठूलो तप गरी * मानिस् सरी रूप् धरी ।
बस्नू हुन्छ हजुर् सदा जगतको * कल्याण चिन्तन् गरी ॥१॥

गर्छू म प्रश्न प्रभु यस् घरिमा मलाई ।
मर्जी हवस् सकल तत्त्वहरू सुनाई ॥
जो वेद छन् ति सबले स्तुति ब्रह्म जानी ।
गर्दा भए कउन रितसित सत्य मानी ॥२॥

नारदको सुनि प्रश्न खुशि हुनुभो * ईश्वर् उसै बीच् महाँ ।
खुशी भै ऋषिलाइ भन्न अनि फेर् * लाग्नू भयो यो त्यहाँ ।।
भन्छू हे मुनिवर् ! म बात अधिको * जस्ता खुशीमा परी ।
प्रश्नै जुन् शनकादिले गरि लिए * भन्छू म विस्तार् गरी ।।३।।

जानी श्री भगवान लाइ निरगुण् * भक्ती सहित् मन् महाँ ।
चार् वेदले धरि ध्यान् स्तुति गरि लिए * निर्गुण् स्वरूप्को त्यहाँ ।।
निर्गुण् रूप् हरि गर्नु हुन्छ रचना * सृष्टी सगुण् रूपले ।
गर्छन् नाश् हरि फेर् शयन् जलमहाँ * इच्छा पुगी हर्षले ।।४।।

योग् निद्रा हरिलाइ पर्छ उ बखत् * ब्रह्मा चतुर्मुख् भई ।
गर्छन् बिन्ति सदा प्रसन्न मनले * नाभी-कमल्मा रही ।।
फेरी त्यै धरि चार वेद् स्तुती बहुत् * गर्छन् हरीको जसै ।
दिन्छन् फेर् हरि जागि सृष्टि गर लौ * भन्ने हुकुम् झट् तसै ।।५।।

भन्छू त्यै सुन वेद्-स्तुती म अहिले * नारद् मुनी ! ध्यान् धरी ।
गर्छन् भै करबद्ध वेदहरु स्तुती * भक्ती सहित् पद् परी ।।
जागा भै भगवन् ! सगुण् रुप धरी * सृष्टी रची छिन महाँ ।
गर्नूहोस् प्रभु ! विश्व पालन सदा * यै बिन्ति गर्छौं यहाँ ।।६।।

हे नाथ् ! विश्वपते ! निरञ्जन स्वरूप् * साक्षात् रमानाथ् हरी ! ।
नाथको सूक्ष्मस्वरूप् अझ्याउन कठिन् * मन्मा ठुलो ध्यान् गरी ।।
सक्तैनन् मुनि जन् पनी हजुरको * ध्यान् गर्नलाई यहाँ ।
गर्छन् जो जन यो भजन् विमल रूप् * धर्छन् प्रभूको त्यहाँ ।।७।।

एक् देखी प्रभु रूप् अनेक धरने * फेरी सबै नाश् गरी ।
एकै भै रहने अनेक् चिज बनी * सुन्का गहना सरी ।।

गाल्दामा सब हुन्छ एक् प्रभुजिमा * मिल्छन् त्यहीं रित् गई ।
सच्चित् रूप हजूरको छ सबमा * व्याप्तै निरन्तर् भई ।।८।।

आफ्नू दोष सबै छिपाइ जसरी * नारी अती प्रेम् गरी ।
पार्छन् मोह सदा पुरुष्‌कन गई * नक्कल् गरी हर्-घरी ।।
त्यस्तै मोह बढ़ाइ लट्टु गरि फेर् * माया हजुर्‌की पनी ।
गर्छिन् वश् सबलाइ मोहिनि-स्वरूप् * अत्यन्त राम्री बनी ।।९।।

माया दूर बिना भई हजुरको * पाइन्छ दर्शन् कहाँ ।
गर्छन् जो जन भक्ति ती सहजमा * जान्छन् परम्-पद् महाँ ।।
पार्नू होस खड़ा सबै कन यहाँ * सृष्टी गरी हे हरी ! ।
भक्ती-मार्ग पनी प्रकट् गरनुहोस् * नाथ्ले करूणा गरी ।।१०।।

कती गर्छन् भक्ती कति तप गरी ध्यान गरछन् ।
कती नाम् मात्रै खूब् जपि सहजमा पार तरछन् ।।
हजुर्‌ले धर्नाले सगुण-रूप सोही जन महाँ ।
भजन् गर्ने छन् सब् गरि हजुरको ध्यान् मनमहाँ ।।११।।

वचन्‌को हो खाली मतलब हरी नाम जपनू ।
शरीर्‌को हो धर्मै तप गरि भजन् गर्न सकनू ।।
नराखी ध्यान् फेर्छन् जति सकल स्वास् व्यर्थ बुझनू ।
प्रभूकै हुन् सारा विभुति जिवधारी बुझि लिनू ।।१२।।

घट घट सब माहाँ सच्चिदानन्द स्वामी ।
प्रकट भइ विराज्नू हुन्छ सत्‌लाइ थामी ।।
प्रभु सत रज आदी तीन गुण् रूप धारी ।
शिव पनि प्रभु आफैं सृष्टिको नाशकारी ।।१३।।

सदा ब्रह्म रुप्ले हजुर् सृष्टि गर्नें ।
प्रकट् विष्णु रुप्ले सबै दुःख हर्नें ॥
प्रभू देखि बाहेक् अरू को छ यहाँ ?
स्तुती गर्न सक्छौं प्रभो ! हामि काहाँ ॥१४॥

यस्तै रित्सित वेद्ले अघि गरे * नाथ्को स्तुती सब् जती ।
फेर् तीनै हरिले भनी कन सबै * विस्तार् सुनाए जती ॥
गर्छन् यो स्तुति पाठ जो मन महाँ * भक्ती सहित् प्रेम् गरी ।
सारा पाप छुटी भई विमल रूप् * जाला भवै पार् तरी॥१५॥

भस्मासुर भस्म लीला ( १५२ )

राजन् ! छ इच्छा मन सुन्न लाई ।
कुन् कुन् कथा श्रीहरिको मलाई ॥
आज्ञा सुनी यो शुकदेवजीको ।
गर्छन् परीक्षित् पनि प्रश्न नीको ॥१॥

शङ्का लाग्छ मलाइ हे ऋषिपते ! * मर्जी हवस् यो यहाँ ।
छन् निर्धन् हरिभक्तसब् किन दुखी * व्याकुल् त संसार् महाँ॥
फेर् ती छन् धनि खूब शङ्करजिको * हुन भक्त सारा जती ।
कारण् यो कहनू हवस् ऋषिपते ! * आश्चर्य लाग्यो अती ॥२॥

भन्छन् फेर् शुकदेव प्रश्न सुनि यो * राजन् ! सुनील्यौ भनी ।
सोधेथे यहि प्रश्न श्रीहरिसँगै * श्री धर्मराज्ले पनी ॥
भन्नूभो प्रभुले युधिष्ठिर ! सबै * छन् भक्त मेरा जती ।
तिन्लाई कहिल्यै म दिन्न करुणा * राखेर धेर् सम्पती ॥३॥

धन् हुँदा मति भ्रष्ट हुन्छ धनले * बिग्रन्छ मानिस् अती ।
धन् पाई भुलि सब् सुकर्म पछि फेर् * मिल्दैन उत्तम् गती ।।
कङ्गालीहरु सब् विरक्त भइ खूब् * भक्ती भजन् गर्दछन् ।
आखीर्मा भइ देह निर्मल सबै * संसार पार् तर्दछन्।।४।।

वैराग्य पैह्ले न भएर मन्मा ।
भक्ती अटल् हुन्न कदापि जन्मा ।।
त्याग् गर्दछन् पत्नि र पुत्र सारा ।
कङ्गाल मानिस्कन जो विचारा ।।५।।

संसारलाइ अति तुच्छ भनेर जानी ।
फेरी विरक्त भइ त्यो हुन जान्छ ज्ञानी ।।
सत्सङ्ग खोज्दछ अनी सतसङ्ग पाई ।
पुग्नेछ उत्तम गती बिच पाप् हटाई।।६।।

आज्ञा भो श्रीयुधिष्ठिर् सित नरहरिले भेद् यो सब् बताई ।
सम्झाई फेर् परीक्षित्कन शुक मुनिजी भन्दछन् मन् लगाई ।।
केही भेद् छैन ब्रह्मा, शिव अरु हरिमा हुन् तिनै एक याहाँ ।
जान्नू गुण्मा फरक् छन् सत, रज, तमले व्याप्त छन् जीवमाहाँ।।७।।

पाऊँछन् मूनि सत् गुण् हुन गइ हरिका भक्तहेरू जगत्मा ।
दींदैनन् भक्तलाई रिस गरि कहिल्यै श्राप् हरी क्वै बखत्मा ।।
दिन्छन् है श्राप ब्रह्मा शिव रज तमगुण्मा हुँदा व्याप्त फेरी ।
हुन्नन् ती मुक्त केही गरि पनि शिवको भक्त छन् जो घनेरी।।८।।

छिन्-छिन्मा पाउँछन् फेर् वर जति शिवका भक्त छन् जान याहाँ ।
वर् पाई ती प्रबल् भै इख धरि शिवकै आउँछन् सामु माहाँ ।

पाई वर् शम्भुदेखी अघि पनि शिवकै साथमा लड्न लाई ।
बाणासुर् दौडि आयो भनिकन इतिहास् सब् सुनाएँ बताई ।।९।।

अर्को भन्छु इतीहास् सुन तिमि अहिल्यै दैत्य एक् दुष्ट भारी ।
थीयो नाम्को वृकासुर् भनिकन शकुनी-पुत्र त्यस्ले विचारी ।।
लीयो सुर् गर्छु तप् लौ भनिकन झट त्यो निस्कि घर्देखि आयो ।
लाग्यो फेर् शोच्न मन्मा गरुँ तप कसको लौ भनी ध्यान् जमायो १०।

भेटी नारद्जि लाई उहि घरी त्यसले सोधि लीयो मलाई ।
भन्नू होस् हे ऋषीश्वर ! तप गरि कसको मिल्छ वर् झट् बताई ।।
यस्तो प्रश्नै मुनीले सुनिकन अलिबेर् सोचि मन्मा विचारी ।
शिक्षा यो झट्ट दीए तप गर गइ लौ शम्भुको भक्ति धारी ।।११।।

पाई नारद देखि अति खुशि भै * त्यो दैत्य वन्मा गई ।
केदारेश्वर बीच गर्न तप् खूब् * लाग्दो भयो दृढ् भई ।।
आसन् बाँधि अटल् जलाइ अग्नि एक् * फेर् अग्निकुण्डै त्यहाँ ।
लाग्यो होम्न शरीर काटिकन त्यो * मासू हवन् बीचमहाँ १२।।

गर्दा यै रितले अधिक् दिन तलक् * होम् तैपनी खुश् भई ।
दर्शन् दीनु भएन श्री शिवजिले * भन्दै चकित् खूब् रही ।।
दिक् मानी कन काट्न शिर् जब तयार् * भो होम्न लाई जसै ।
साक्षात् दर्शन दीनु भो शिवजिले * सोही बखत्मा तसै ।।१३।।

देख्नू भो जब मासु होमिकन सब् * हाड्मात्र बाँकी रह्यो ।
अमृत् सेचन गर्दिंदा उहि बखत् * सुन्दर् शरीरको भयो ।।
आज्ञा भो वर माग जो छ मनमा * इच्छा भनी यो जसै ।
खूशी भै वर माग्न त्यो असुर फेर् * लाग्दो भयो झट् तसै ।१४।

राखूँला जसका म हात शिरमा * हे नाथ ! त्यो त्यै घरी ।
भस्मै होस् वर माग्छु यै हजुरका * साक्षात् कृपाले गरी ॥
लाग्नू भो शिव गर्न सोच सुनि यो * बिन्ती बड़ो मन् महाँ ।
दीऊँ यस्कन वर् अती गजबको * कस्ता प्रकालैं यहाँ ॥१५॥

दींदा यो वर भस्म पारि जन धेर् * दीनेछ दुख् यो अती ।
दीनै यस् घरि वर् पऱ्यो पछि अधम् * गर्ला उपाधी कती ॥
मन्मा यै रितले विचारि दिनुभो * वर् लौ 'तथास्तू' भनी ।
मन्माफिक् वर पाइ खूब् खुशि भई * गम् गर्न लाग्यो अनी ॥
थीयो दुष्ट दनूज त्यो अति अधम् * भन्दो भयो मन् महाँ ।
घर्मा पार्वति ली म जान्छु शिवजी- * लाई जलाई यहाँ ॥
यस्तो दुष्टमती लिई असुर त्यो * ऊठ्यो जसै त्यै घरी ।
दौड्यौ लागि पछाड़ि भागि शिवजी * जानू भयो वेग् गरी ॥१७॥

शङ्कर्जी घुमि सक्नु भो सकल लोक् * इन्द्रादि ध्यौंता पनी ।
रक्षा गर्न समर्थ केहि न पुगी * हेर्थे चकित् खूब् बनी ॥
जान्थ्यो दानव त्यो पनी पछि-पछी * भेट्टाउने सूर् गरी ।
विष्णू-लोक महाँ सदाशिव घुमी * पुग्नू भयो झट् गरी॥१८॥

विष्णूको परि पाउमा शिवजिले * दुःखित् बहूतै बनी ।
बिन्ती गर्नु भयो प्रभो ! सकल हाल् * यस्तो भयो यो भनी ॥
सब् हाल् शङ्करले्खि सूनि हरिले * भन्नू भयो यो त्यहाँ ।
गर्छू केहि उपाय झट्ट शिवजी ! * ऐल्हे विचारी यहाँ ॥१९॥

धन्दा केहि नमान्नुहोस् अब भनी * झट् विप्रको रूप् धरी ।
साम्नू दानवका गई हरिजिले * सोध्नू भयो छल् गरी ॥

आज्ञा भो अति नम्र भै तिमि कहाँ * यस्ता प्रकार्ले गरी ।
जान्छौ दौडि वृथा मलाइ पहिले *विस्तार् कहू यस्घरी ।।२०।।
सक्नेछू यदि गर्न केहि उपकार् * तिम्रो म ऐह्ले यहाँ ।
गर्नेछू भनि भन्नुभो हरिजिले * मोहित् गराई त्यहाँ ।
यस्ता श्रीहरिको सुनी वचन सब् * विस्तार यो हो भनी ।
सब् विस्तार गऱ्यो जसै असुरले * आफ्नू इरादा अनी ।।२१।।
भन्नू भो हरिले सुनी सकल हाल् * विश्वास क्यै मन् महाँ ।
शङ्करको अहिले न मान वरदान् * पाएँ भनी खूब् यहाँ ।।




अर्धङ्गी, गँजडी यि हुन् मन गयो * उठ्ता तरङ् मन् परी ।
बोल्छन् दीकन भक्तलाइ बहुतै * धोका सदा छल् गरी।।२२।।
फेरी श्राप् परि दक्षको हुन गयो * बुद्धी खराब् सङ् महाँ ।
बस्छन् लीकन भूत-प्रेत सकछन् * वर् दीन यी लौ कहाँ ? ।।
तस्मात् हात् धरि आफ्नु मस्तक उपर् * पैह्ले परीक्षा गरी ।
साँचो हो कि झुटो दिए वर भनी * लौ हेरिल्यौ यस् घरी।।२३।
ऐह्ले मालुम हुन्छ सत्य सब बात् * यस्ता हरीको जसै ।
सूनी हात् धरि शीरमा जलि गयो * आफैं असुर झट् तसै ।।

यस्ता रित्सित त्यस् असुर् कन जसै * नाथ्ले जलाई दिए ।
भस्मासुर् भनि नाम त्यो दनुजको * जानी सबैले लिए ।।२४।।

वर्षाए फुल देवता सकलले * आकाश देखी अनी ।
लागे श्रीशिव गर्न स्तुति हरिको * गद्-गद् बहुतै बनी ।।
हे नाथ् ! विश्वपती ! जगत्पति प्रभो ! * हे लोकका नाथ् ! धनी ।
विश्वम्भर् ! परिपूर्ण आदि भगवन् ! * साक्षात् निरन्तर् बनी २५

पालन् नाश् सब गर्नु हुन्छ प्रभु नै * केवल् कृपाले गरी ।
मान्छन् सब् जनले बुझेर प्रभुको * इच्छा नभै के गरी ।।
मेरो शक्ति हुँदैन गर्न रति क्यै * यस्ता हजुर्ले यहाँ ।
सङ्कट् बाट उतारि बक्सनु भयो * राखी दया मन् महाँ ।।२६।

यै रीतले स्तुति गरे शिवले जसैता ।
खुशी भईकन अती हरिले तसैता ।।
भन्नू भयो शिवजिले जति हो मलाई ।
ठूलो तुल्याउनु भयो अति मान् बढ़ाई ।।२७।।

हौं हामि दुइ जन एक विचारि याहाँ ।
ठान्नू न होस रति भेद् दुइ हामि माहाँ ।।
यस्ता वचन् सुनि अती शिव हर्ष मानी ।
जानू भयो भइ विदा उहि बीच जानी ।।२८।।

भृगुलाञ्छन, ब्रह्मा, विष्णु, शिव महिमा वर्णन लीला [ १५३ ]

हे राजन् ! सुन सत्त्व, राजस, तिमी * गुण्मा स्वभाव् यो भनी ।
गर्छु प्रत्यकको बयान् हरिजिको * सात्विक् प्रभाव्को पनी ।।

ज्ञानी तापसि थेर् भृगु-मुनिहरू * भक्ती नियमले गरी ।
बस्थे तीर सरस्वती नदि महाँ * ईश्वर् विषे मन् धरी ॥१॥
गर्थे ती हरिको चरित्र गुण गान् * दिन्-रात त्यै बिच्महाँ ।
ब्रह्मा, विष्णु, महेशका गुण विषे * चर्चा चल्यो तिन् महाँ ॥
हुन् एकै कति भन्दथे कति अनी * भन्थे फरक् छन् पनी ।
तिन्मा श्री भृगुजी गए म तिनको * जाँच् गर्दछु लौ भनी ॥२॥

पैह्ले गै विधिको म बुझ्दछु प्रभाव् * भन्ने विचार्मा परी ।
ब्रह्माका गइ सामुमा भृगु पुगे * निर्धक्क मनले गरी ॥
भूकी मस्तक दण्डवत् नगरि क्यै * तेसै समीप्मा रहे ।
देख्दा यो अपमान कृद्ध बहुतै * ब्रह्माजि हूँदा भए ॥३॥

दिन्छू यस्कन लौ शराप् भनि जसै * ब्रह्माजी उठ्नू भयो ।
सम्झी पुत्र भनेर फेरि रिस-राग् * सब् शान्त नै भै गयो ॥
ताहाँ देखि गएर फेर् भृगु मुनी * कैलाश पर्वत् महाँ ।
गौरी-शङ्करका अगाडि उभिए * केही न बोली त्यहाँ ॥४॥

देखी तिन्कन आउ यो शिवजिले * मर्जी भएथ्यो जसै ।
लागे श्रीशिवका ति गर्न मुनि यो * निन्दा अघोर् फेर् तसै ॥
साह्रै निर्घिनि रूप् अघोरि सरिको * लीई श्मशान् बीच् महाँ ।
यस्तो गाथ् अपवित्र लौ हजुरको * बस्थैं म कैल्हे यहाँ ॥५॥

सोही कारणले म बस्छु अलगै * येती भनेथे जसै ।
रिस्ले ली करमा त्रिशूल् हुनु भयो * शङ्कर् खडा झट् तसै ॥
गौरीले गरि बिन्ति क्रोध् शिवजिको * झट् शान्ति पारिन् त्यहाँ ।
ताहाँ बाट उठेर फेर् भृगु गए *श्रीविष्णुको धाम् महाँ ॥६॥

एक् दम् भित्र सरासरै महलमा ✻ जाँदा भए त्यै घरी ।
थीयो श्रीहरिको शयन् उस बखत् ✻ एक् लात्ति जोरले गरी ॥
हाने श्रीहरि लाइ छाति बिचमा ✻ तिन्ले जसै त्यै घरी ।
जागा भैकन भन्नु हुन्छ ऋषिको ✻ पाऊ मुसार्दै हरी ॥७॥

लाग्यो चोट कि पाउमा भनि अधिक् ✻ आदर् गर्दै झन् त्यहाँ ।
राख्नू भो शिर माथि पाउ हरिले ✻ गद्-गद् भई मन् महाँ ॥
मेरो आज पवित्र भो शरिर यो ✻ पर्दा चरण् यस् घरी ।
राख्छू छातिविषे सदा ऋषिपते ! ✻ यो चिह्न-पद् प्रेम् गरी ॥८॥

यस्तो शान्त स्वभाव राखि हरिले ✻ आज्ञा भएको सुनी ।
नम्रित् भैकन हात जोरि प्रभुको ✻ स्तव् गर्न लागे मुनी ॥
हे नाथ् ! सत्व प्रधान ! हे जगतका ✻ मालिक् रमानाथ् हरी ॥
मैले नाथ ! गरें अनादर अती ✻ माफ् बक्सियोस् यस् घरी ।९।

नाथ्का सत्त्व प्रधान् स्वभाव सबमा ✻ विश्वास पारूँ भनी ।
साह्रै काम अयोग्यको गरि लिएँ ✻ पाऊँ कृपा तै पनी ॥
झन् आदर् गरि मोह पारि दिनुभो ✻ नाथ्ले मलाई यहाँ ।
कैल्है पाउकमल् न बिर्सु परि नाथ् ✻ अज्ञानका वश् महाँ ॥१०॥


आज्ञा भो हरिले प्रसन्न भइ यो ✻ सूनी स्तुति फेर् अनी ।
मन्मा भक्ति रहोस् अटल् ऋषिपते ! ✻ मेरो सदा काल् भनी ॥
मैले आज गरें अनादर भनी ✻ शङ्का न लीनोस् रती ।
मेरो यस् पद-चिह्नले हृदयमा ✻ शोभा बढायो अती ॥११॥

यस्ता वचन् हरिजिको सुनि खूब् रमाई ।
फर्के ऋषी घर तरफ् हरिगून गाई ॥

सब्लाइ श्रीहरिजिको महिमा सुनाए ।।
हुन् मुख्य विष्णु सबले भनि चाल पाए ।।१२।।

विप्र मृतकपुत्र आनयन लीला ( १५४ )

विस्तार् गर्छु अरू म राजन ! हरी * जीको महीमा यहाँ ।
थीए ब्राह्मण एक सद्मति बड़ा * द्वारावती पुर् महाँ ।।
जन्म्यो पुत्र मृतक् उही बखतमा * तिन्का घरैमा जसै ।
लागे गर्न विलाप दम्पति दुवै * गर्दै विचार् यो त्यसै ।।१।।
राजा पापि हुँदा मरे सुत भनी * मुर्दा लगी द्वार् महाँ ।
राखे ब्राह्मणले लगी उहि बखत् * श्री उग्रसेन्का त्यहाँ ।।
लागे भन्न सुनाइ बात नृपती- * लाई बिलौना गरी ।
राजा पापि हुँदा भयौं दुखि सबै * प्राणी भए थर्-हरी ।।२।।
हुन्छन् दुःखित विप्र-गौ हरु जहाँ * जस्का रही राज् महाँ ।
यस्ता नर्पतिका सबै जन अती * गर्छन् ति निन्दा त्यहाँ ।।
द्वापरमै कलिको प्रभाव् हुन गयो * हा दैव् ! लौ यस् घरी ।
हे पापी नृप उग्रसेन् ! कहुँ कती * वार्ता म निन्दा गरी ।।३।।



रोई यै रितले भनी द्विज ति फेर् * फर्यांकेर मुर्दा त्यहाँ ।
आए फर्कि दिएर गालि बहुतै * दुःखित् भई घर् महाँ ।।
यै रित्ले गरि पुत्र आठ् मरि गए * तिन्का क्रमैले अनी ।
सब्लाई लगि द्वारमा धरि फिरे * यस्तै प्रकार्ले तिनी ।।४।।

रह्यो गर्भ आर्को नवै फेर् जसैता ।
गए विप्र झट् राज्-महल्मा तसैता ।
सुनाई सबैमा बड़ो दुःख मानी ।
रिसाई ति भन्दा भए विप्र ज्ञानी ।।५।।

गर्दैनन् जन याद् अनाथ द्विजको * साह्रै बढ्यो पाप् यहाँ ।
ठान्छू क्षत्रियको निरर्थक सभा * धिक्कार् भनी मन् महाँ ।।
यस्तै रिस्सित दीनता गरि वचन् * तिन्ले सुनाए जसै ।
अर्जुन्‌जी उठि झट्ट आइ नजिकै * भन्दा भए यो तसै ।।६।।

धन्दा केहि न मान हे द्विजपते ! * तिम्रो म दुख् हर्दछू ।
आफ्नू दुःख सबै सुनाउ उपकार् * गो-विप्रको गर्दछू ।।
यी बात् अर्जुनका सुनेर द्विजले * सब् हाल भन्दा भए ।
फेर् दुःखित् भइ पार्थका नजिकमा * यी बात तिन्ले कहे ।।७।।

'ठान्छू वीर कुनै रहेनछ यहाँ * मुर्दै सरीका जती ।
हुन् यी क्षत्रिय हेरु यस् मुलुकमा * निन्दा गरूँ धेर् कती' ।।
भन्छन् अर्जुन विप्रका सुनि वचन् * संझाइ फेरी त्यहाँ ।
तिम्रो पुत्र बचाउँला म अहिले * चिन्ता नल्यौ मन् महाँ ।।
विश्वास् केहि नमानि विप्र अनि फेर् * भन्छन् वचन् दृढ् गरी ।
गर्छौ अर्जुन ! लौ कसोरि उपकार् * लाग्दैन विश्वास् रती ।।

बल्राम् कृष्णजिले पनी जउन काम् * गर्नै सकेनन् यहाँ ।
भन्छौ सो तिमि गर्छु काम कसरी * शंका पऱ्यो मन्महाँ ।।९।।

भन्छन् अर्जुन विप्रका सुनि कुरा * यस्ता अनी फेर् त्यहाँ ।
हे ब्राह्मण् ! धनुधारि क्षत्रिय म हूँ * भन्छू म साँचो यहाँ ।।
शम्भूका सँगमा लडी खुशि गरें * फेर् लक्ष्य भेदन् गरी ।
ल्याएँ द्रौपदि लाइ जीति न डरी * सामू अगाड़ी सरी ।।१०।।

ये रित्का अरु धेर् पराक्रम गरें * विस्तार् गरूँ धेर् कती ।
कालै होस् यमराज होस् जउन होस् * मान्दीन डर् एक् रती ।।
जिल्नेछू उसलाइ हर्न सुत जो * तिम्रो यहाँ आउला ।
चिन्ता केहि नमानि बालक सहज् * रक्षा गरी राखुँला ।।११।।

यस्तै खातिरि धेर अर्जुनजिका * सूनेर खुशी भई ।
विप्रै लीकन धैर्य त्यस् बखतमा * बस्ता भए घर् गई ।।
बालक् जन्मनको जसै बखत भो * क्यै दिन् पछी फेर् त्यहाँ ।
सम्चार् गैकन विप्रले कहि दिए * अर्जुन्जिका सङ्महाँ ।१२।

बालक्को अहिल्यै म गर्दछु भनी * रक्षा गई त्यै घरी ।
पौंचे अर्जुन विप्रका घर महाँ * गाण्डीव कर्मा धरी ।।
पैल्हे चार् तिर सूतिका-गृह विषे * शर्-जाल बाँधी लिए ।
कोही पस्न न पाउने गरि त्यहाँ * सब् द्वार रोकी दिए ।।१३।।

अर्जुन् घूमि रहे वरीपरि त्यहाँ * गाण्डीव कर्मा धरी ।
जन्मी ती द्विज पुत्र फेर् अलपिए * पत्तो न हूने गरी ।।
लागिन् ब्राह्मणि भन्न विप्र सँगमा * गर्दै विलाप् खूब् त्यहाँ ।
रुन्थे दिन्भर ता पिई दुध ति सब् * बालक् अघीका यहाँ ।।१४।।

बालक् अलिपगयो नसूनि अहिले * क्यै रून्नु-राम्नू पनी ।
झूटा अर्जुन हुन् वृथा छ मनको * हे नाथ ! आशा भनी ॥
पत्नीको सुनि यो विलाप् उहि घरी * निस्केर विप्रै पनी ।
भन्छन् झूट रहिस् तँ अर्जुन भयो * बालक् अलप् लौ भनी ॥१५॥

झूटो भैकन क्षत्रिले जिउनु हो * 'धिक्कार' धेर् के भनूँ ।
'धिक्कार्' वीर् भनि भन्नु जान तिमिले * 'धिक्कार' गाण्डीव् धनू ॥
निन्दा यै रितको सुनेर बहुतै * दिक् मानि खूब् मन्महाँ ।
गर्छन् अर्जुन त्यस् घरी दृढ भई * यस्तो प्रतिज्ञा त्यहाँ ॥१६॥

ठान्छू यो तिमिले भन्यौ जति कुरा * ऐह्ले म ठीक् हो भनी ।
ल्याई दिन्छु म पुत्र सब् गई जहाँ * ढुँडेर कस्तै पनि ॥
हाजिर् गर्न सकीन ता यदि भने * चौथै भुवन्मा गई ।
गाण्डिव् साथ् जलि मर्छु अग्निबिचमा * ऐह्ले म भस्मै भई ॥१७॥


पैह्ले विप्रजिका अगाड़ि गरि झट् * यस्तो प्रतिज्ञा अनी ।
अर्जुन् ली धनु-बाण फेर् चलि गए * बालक् म खोज्छू भनी ॥
पाताल् लोक् अरु फेर् रसातल वितल् * भूर्लोक सुर्-लोक् महाँ ।
खोजे गै यमराजका पुरि विषे * एकेक् गरी फेर् त्यहाँ ॥१८॥

सब् ठाम्मा घुमि यै तवर् तर पनी * लागेन पत्ता जसै ।
अग्नीमा जलि मर्दछू भनि फिरे * द्वारावतीमा तसै ॥
पैल्हे स्नान् नदिमा गरीकन ठुलो * चीता बनाई अनी ।
आँटे जल्न र जानि बात् हरिजिले * भन्नूभयो यो पनी ॥१९॥

हे भाइ ! छौ धन्य तिमि न जानी ।
पैल्हे प्रतिज्ञा गरि गर्व ठानी ॥

लाग्यौं वचन् गर्न पुरा अहीले ।
तिम्रो वचन् गर्छु पुरा पहीले ॥२०॥

अर्जुन् ! लौ हिंड् जान्छु लीकन कहीं * आज्ञा गरी श्री हरी ।
जान्भो मृत-पुत्र खोज्न चढि रथ् * अर्जुन्जिको साथ् गरी ॥
नाघी सात् द्विप नै त पूर्व तिर फेर् * पैल्हे हरीजी गए ।
फेरी सात समुद्र पार् तरि अनेक् * लोक्लाइ देख्दा भए।२१।



पाल्नूभो प्रभु फेर् अगाडि बढ्दै * घेर् अन्धलोक् भेटिए ।
आफ्नू चक्र तहाँ घुमाइ दिनुभो * उज्ज्वल् सबै देखिए ॥
जल्को धार प्रवाह बेग् गरि तहाँ * बग्दो हुनाले गरी ।
देखी, अर्जुन साथ ली जल महाँ *फाल्हाल्नुभो श्रीहरी॥२२॥

सुन्दर् रत्न जड़ित महल् गजबको * देखेर अर्जुन् त्यहाँ ।
आश्चर्यै गरि हेर्दथे मन महाँ * भन्दै म आएँ कहाँ ॥
शेष्का आसनमाथि पार्षद हरू * आफ्ना सबै सङ् लिई ।
देखे फेर् त्यहिं विष्णु लाइ रहनू * हुन्थ्यो अती शोभिई २३॥

इन्द्रादी सब देव किन्नर मुनी * हात् जोरि सामू रही ।
गर्थे गान्-स्तुति शेषशायि भगवान् * जीको अती खुश् भई ।।
यस्ता दिव्य स्वरूपधारि भगवान् * साक्षात् जगत्‌का पती ।
लाई, देखि गरे प्रणाम दुइले * नम्रित् भई खूब् अती ।।

देखी अर्जुन कृष्ण लाइ भगवान् ! * लक्ष्मी-पतीले पनी ।
खातिर् गर्नु भयो खुशी भइ त्यहाँ * साह्रै कृपालु बनी ।।
कृष्णार्जुन् दुइले कहे सकल भेद् * आफ्नू जती हो जसै ।
'सुम्पी दीनुभयो सबै द्विज-कुमार् * श्रीविष्णुले झट् तसै ।। २५ ।।

मर्जी भो अनि फेरि श्रीपतिजिले * हे कृष्ण ! अर्जुन ! यहाँ ।
कारण् यै परि आउला तिमि दुई * भन्ने बुझी मन् महाँ ।।
राखें ई द्विज-पुत्र लाइ मइले * लैजाउ ली यै घरी ।
ह्वौ मेरै तिमि दुइ अंश बुझिल्यौ * जन्म्यौ पुरुष्-रूप् धरी ।।

आएका तिमि दूइ ह्वौ जगतको * भार् हर्न लाई भनी ।
सब् दुष्टादि विनाश गर्नु जति हो * पूरा भयो त्यो पनी ।।
बेला भो अब फिर्नु पर्छ सुरलोक् * खाली छ गद्दी त्यहाँ ।
आज्ञा श्रीहरिको सुनि द्विज-कुमार् * लीएर झट् सङ्‌महाँ ।। २७ ।।

अर्जुन् लाइ पनी लिएर सँगमा * श्री कृष्णजी त्यै घरी ।
फिर्नू भो द्विज-पुत्र अर्जुनजिले * सुम्पी दिए झट् गरी ।।
पढ्लान् जो जन यो चरित्र उसका * पुत्रै जनम् ली यहाँ ।
मर्नेका पनि पुत्र बाँचि रहनन् * यस्का प्रभाव्‌ले यहाँ ।।

द्वारावती सुख-विहार लीला ( १५५ )

राजन् ! कृष्णजिले मनुष्य सरिका * भै द्वारिका पुर् महाँ ।
गर्नुभो जति सुख्-विहार् सुन सबै * सक्छू म भन्नै कहाँ ॥
गर्छू वर्णन तैपनी सुख-विहार् * श्रीकृष्णको ध्यान् गरी ।
संक्षेप्ले अघि द्वारिकापुरि अती * नाथ्की थिइन् सुन्दरी॥१॥

तीन् लोक्का पति नाथ श्रीप्रभुजिको * इच्छा हुनाले वहाँ ।
आफैं आफ प्रकट् भई बनि गयो * बैकुण्ठ झैं छिन् महाँ ॥
यावत् चीज्-बिज मृत्युलोक विचमा * सुख् भोगका छन् जती ।
दौलत् वैभव सब् थिए सकल चिज् * कम्ती नभै एक्रती ॥२॥

लाखौं अन्गिनती महल्हरु थिए * रत्नादिका बेस् असल् ।
चारौं तर्फ अगम् बड़ा मजबुती * किल्ला थिए दल्-बदल् ॥
हात्ती, अश्व पनी विचित्र सुनका * रत्नै जड़ेका कती ।
थीए गर्न सकिन्न वर्णन पुरा * हामी हरूले रती ॥३॥

छोरा नाति पनाति श्रीहरिजिका * शूर् वीर शोभा गरी ।
निस्कन्थे चढि एक एक रथमा * घुम्नै भनी हर्-घरी ॥
शोभित् सुन्दर लोक-बाट नगरी * थीयो अनेक् रङ्गको ।
फुल्वारी हरु धेर् थिए फुल हरू * फुल्थे गजब् ढङ्गको ॥४॥

मैदान् चार तरफ् थियो अति असल् * अत्यन्त शोभित् भई ।
गर्थे भुन्भुन गान् भ्रमर् हरु घुमी * फल्-फूल् हरूमा रही ॥
जामुन् लिच्चि अनार किंबु निबुआ * फल्-फूलका रुख् जती ।
थीए बाग महाँ किसिम् किसिमका * वर्णन् गरूँ धेर् कती ॥५॥

बोल्थे पक्षि हरू बसेर रूखमा * मीठो मधुर् स्वर् गरी ।
मैना कोइलि लाल ढुक्कुर अगिन् * बुल्बुल् अती मन् हरी ।।
भयालैमा बसि रानिहेरु सुनि बोल् * खोज्थे म सीखौं भनी ।
यस्तो उत्तम द्वारिका बिच हरी * राज् गर्नु हुन्थ्यो अनी ।।

साक्षात् श्रीहरिजी विहार् गरि अनेक् * मानू गृहस्थी सरी ।
राज् हुन्थ्यो भुलि रानिहेरु सबमा * अत्यन्त प्रेमूले गरी ।।
गर्थे सोह्र हजार एक सय सब् * रानी टहल् हर्-घरी ।
प्रेम् राखी तिनि माथि नित्य खुशि भै * गर्थे विहार् श्रीहरी ।।७।।

थीए दिव्य तलाउ बाग् वरिपरी * लाखौं बनेका त्यहाँ ।
बोल्थे सारस हंस पक्षि खुशि भै * ती सब् परस्पर् महाँ ।।
नीला लाल सफेद् कमल् सकलले * शोभा गरेको पनी ।
जस्मा अमृत तुल्य स्वच्छ जलले * पूरा भएको अनी ।।८।।

साथ्मा ली सब रानिहेरु जति छन् * श्रीकृष्ण गर्मी महाँ ।
खूशी भैकन प्रेम साथ् जल-विहार् * नाथ गर्नु हुन्थ्यो त्यहाँ ।।
कैह्ले पानि महाँ चलाचल गरी * छ्यापेर पानी अनी ।
कैह्ले खूब् मलि अङ्ग रानिहरुको * प्रेम् गर्नु हुन्थ्यो पनी ।।९।।

कैह्ले कुत्कुति लाइ रानिहरु सब्- * लाई हँसाई अती ।
चुम्बन् लीकन अङ्कमाल गरनू * हुन्थ्यो जगत्का पती ।।
खोज्थे खूब् भई मस्त रानि सब जब् * विश्राम गर्नैं त्यहाँ ।
राज् हुन्थ्यो सबलाइ ली उतरि झट् * जल्का किनारा महाँ ।।

एक् छिन् मारि थकाइ रानिहरुका * सङ्मा अनेक् रूप् भई ।
हातूले हात् धरि खेल्नु खूब हरिजी * हुन्थ्यो जलैमा गई ।।

सौगन्धी बुकुवा नरम् कर महाँ * लीएर लेपन् गरी ।
घस्थे नाथ्कन गाथमा महिषि सब् * अत्यन्त प्रीती धरी ॥११॥

प्रेम्का वश् परि अङ्कमाल गरि खूब् * नाथ्लाइ रानी पनी ।
गर्थे चुम्बन काखमा लिइ सबै * मोहित् बहूतै बनी ॥
फेर् कस्तूरी सुगन्धि ली महिषिका * आङ्मा बुकूवा मली ।
ताप् हर्थे हरि कुच् समाति करले * ओठ्ले मली खूब् चली ॥

धोई देह गरेर साफ जलका * उत्री किनारा महाँ ।
पैह्रन्थे भइ खूशि रानिहरु सब् * पोशाक भूषण् त्यहाँ ॥
यस्तै रिस्सित रानि हेरु सँगमा * लीई रमाका पती ।
क्रीडा धेर् गरि सुख् बिहार गरनू * हुन्थ्यो खुशीभै अती ॥

श्रोताहेरु पनी खुशी भइ गई * लीला हरीको त्यहाँ ।
हेर्थे दुन्दुभि खूब् बजाइ फुलको * वर्षा गरी शिर् माहाँ ॥
हर्षित् भैकन आप्सराहरु पनी * नाच्थे गई त्यस् घरी ।
गर्थे गान् अरु सिद्ध चारण सबै * गन्धर्व भक्ती धरी ॥१४॥

कीर्ती श्रीहरिको बखानि बहुतै * भाट् बन्दिजन् सब् वहाँ ।
गान् गर्थे यहि रीतको असल खूब् * शोभा थियो पुर् महाँ ॥
प्रेम्मा मत्त भई असह्य हुनगै * कैह्ले ति रानी हरू ।
आफ्ना खोपि महाँ रही गरदथे * प्रेम् तर्कना धेर् अरू ॥

बोली कोइलिको सुनी निशि महाँ * मोहित् बहूतै भई ।
भन्थे नाथ्कन डाक्तछन् किन अहो !* मन्मा ठुलो इख् लिई ॥
कान्को बद्दछ वेग् न धेर तँ करा * मन्मा लिई ताप् अती ।
कैलन् नाथ् अहिले यहाँ विरहले * हाम्रो भयो यो गती ॥१६॥

भन्छन् फेरि चखेविलाइ तँ पनी * ध्यान् गर्दछेस् के यहाँ ।
लागिस् की हरि लाइ भन्न बहुतै * इच्छा लिई मन् महाँ ॥
रात्मा कीन बता न सूति तँ दुवै * चिम्ली नयन् दृढ् अती ।
दुःखित् भै बहुतै बसिस् कि किन हो *छैनन् कि तेरा पती ? ॥ १७॥

फेर् सूनेर समुद्रका सुसहला * भन्छन् ति रानी त्यहाँ ।
हे सागर् ! छ वियोग् तँलाइ कसको* साँचो बता लौ यहाँ ॥
चौधै रत्न हराइयो कि भनि शोक् * मान्छस् तँ की मन् महाँ ।
मन्मा ली हरिको वियोग यसरी * व्याकुल् भइस् लौ यहाँ ।।

फेर् भ्याऊँकिरिको सुनेर शब्दै * भन्छन् तँ के यस् घरी ।
बाजा पो तँ बजाउँछस् कि हरिको * मन्मा अती प्रेम् धरी ॥
भन्छन् फेरि ति वायुलाइ 'तँ पवन् ! * यस्ता प्रकार्ले यहाँ ।
बग्छस् कीन चलेर हामिकन ताप् * दीएर झन् मन् महाँ ।। १८॥

हावा दीकन गर्छु शीतल भनी * शेखी न गर् एक् रती ।
जा सम्चार बरू सुनी गइ जहाँ * छन् नाथ हाम्रा पती' ॥
मेघ्को गर्जन देखि फेर् गगनमा * भन्छस् तँ के रिस् गरी ।
हामी लाइ डराउँछस् किन वृथा * छौं एकलै यस् घरी ॥ २०॥

भन्छन् फेरि ति चन्द्रलाइ किन हो * हे चन्द्रमा ! लौ यहाँ ।
शीतल् चन्द्र-सुधा छरी विरहको * ताप् छोड्दछौ मन्महाँ ॥
भन्छन् पर्वतलाइ हेरि तँ पनी * पर्वत् ! सुती ध्यान् नगर् ।
रिम्नू हुन्न नि ध्यान देखि प्रभुजी * चाहे अनेक् तप् तँ गर् ॥

भन्थे हंस नजीक देखि कहिले * आइस् तँ कुन् कामले ।
डाक्नूभो कि यकान्त खोपिबिचमा * हामी कनै नाथले ॥

आइस् त्यै निमती तँ आ प्रभुजिको * सब् हाल् बता लौ यहाँ ।
कस्मा प्रेम् छ बहुत् बता प्रभुजिको * कापट् न ली मन् महाँ ।।

बस्थे रानिहरू बढ़ाइ हरिमा * प्रेम् यै तवर्ले त्यहाँ ।
यै रित्का हरिका लिला कति गरूँ * वर्णन् म ऐह्ले यहाँ ।।
राजन् ! ली अवतार पृथ्वि-तलमा * मानू गृहस्थी बनी ।
लीला धेर् हरिले प्रकट् गरनुभो * संसार् तरुन् सब् भनी ।।

सोह्रै हजार र अनी अरु रानि माहाँ ।
दस् दस् कुमार्हरु थिए बुझिलेउ ताहाँ ।।
प्रत्येक् पराक्रमि ठुला विर मानिइन्थे ।
हेर्दा शरद् शशि झइँ सब देखिइन्थे ।।२४।।

सन्तान् श्रीहरिका जती हुन गए * छोरा पनाती सबै ।
नाती फेर् भतिजा खनाति कति हुन् * हूँदैन लेखा कबै ।।
फेर् तिन्लाइ पढ़ाउने बिस हजार् * तीन् कोटि पण्डित् थिए ।
यादव् वीर पराक्रमी अति भई * कीर्ती चलाई लिए ।।२५।।

अमृत्को झगड़ा हुँदा रण महाँ * धेर् दैत्य मर्दा भए ।
तीनैले लिइ जन्म मर्त्य पुरिमा * दुख् ताप धेरै दिए ।।
आज्ञा पाइ हरीजिको ति सबको * नाश् गर्न लाई भनी ।
द्यौता सब् लिइ जन्म मर्त्य पुरिमा * आए ति यादव् बनी ।।२६।।

मान्थे कृष्णजिको हुकुम् सकल ती * छप्पन्न कोटी सबै ।
यादव् दुर्मति क्वै थिएन रति भर् * कौने कुरामा कबै ।।
सबमाथी हरिको थियो अधिक प्रेम् * एकै समान्ले गरी ।
बैकुण्ठै सरि पृथ्विमा यहि तवर् * राज्गर्नु हूँदा हरी ।।२७।।

एक्सौ पच्चिस वर्ष यै तवरले * राज् कृष्णजीले गरी ।
दुष्टादी सब दैत्य मारि पृथिवी * को भार एक्दम् हरी ॥
छोड्ने मन् हुनगो यहाँ प्रभुजिको * आखीरमा फेर् जसै ।
श्राप्देखी ऋषिका गराऊनु भयो * संहार् सबै कुल् तसै ॥ २८

आपस्मा लडि सब् प्रभास बिचमा * यादव् विनाश् भै गए ।
छोरा एक् अनिरुद्धका उस बखत् * वीर् वज्र बाँकी रहे ॥
तिन्ले फेर् पछि राज् गरे सकल वीर् * यादव्हरू नाश् गरी ।
इच्छा माफिक छाडि मर्त्यपुरि धाम् * पाल्नूभयो श्रीहरी ॥ २९ ॥

वर्णन् यो खुशि भै गरे शुकजिले * विस्तार पूर्वक् त्यहाँ ।
सूनी सब् महिमा परीक्षित अती * गद्गद् भए मन् महाँ ॥
पढ्ला कृष्ण-चरित्र यो जन जउन् * श्रीभागवत् प्रेम् गरी ।
सारा पाप छुटेर विष्णु-पुरिमा * जाला चतुर्भुज् धरी । ३० ।

श्रीकृष्ण स्वर्गारोहण वर्णन लीला [ १५६ ]

सूत्जीका मुखदेखि सब् हरि-कथा * सूनी सकी फेर् त्यहाँ ।
सोधे खूशि भई परीक्षित जिले * सूत्का अगाडी महाँ ॥
हे नाथ् ! नष्ट गराइ यादवहरू * कस्ता प्रकार्ले गरी ।
आफूले नरलोक छाडिकन धाम् * पाल्नू भयो श्रीहरी ॥ १ ॥

यस्तो प्रश्न सुनी परीक्षितजिको * सोध्यौ भलो बात् भनी ।
भन्नू भो सुतले उही बखतमा * उत्तर् कथा सब् अनी ॥
राजन् ! श्रीहरिले विचार् गरनुभो * भूभार् हरण् भै गयो ।
गोलोक् जानुछ बेर् गरूँ किन यहाँ * जाने बखत् भै गयो ॥ २ ॥

यादव् भौंति मनभोजु भई पृथिविमा * थिन्ले उपद्रव् गरी ।
पृथ्वी माथि धर्मको भार् अधिकतिनल् * थेरै बढुलै धरी ॥
थेरै काल्ना लागि तानोंनु पर्यो * सो काम् कसोरी गरूँ ।
दुर्वासा ऋषि कोधि भन् पृथिविमा *तिन्ले दिउन् श्राप् बरू३

यो इच्छा प्रभुको जसै हुनगयो * यादवहरू त्यै घरी ।
कैलासमाइ शिकार खेल्नलागि गए * रस्ता बनैको धरी ॥
पिंडारक् भनि एक तपोवन् थियो * ठाडौं पुगेथे जसै ।
देखे थेर ऋषिहरु ताहा तिनिले * बन्मा बसेका तसै ॥४॥

तपको बल्कन जान्न ठाहु सबले * श्री शाम्बलाई त्यहाँ ।
चोली-साडि लगाइ वस्त्रहरू धेर् * बोकी दिए पेट् महाँ ॥
हेर्दा गर्भिनी जनानि रहिछन् * भन्नन् सबैले भनी ।
आए यादव वीरहरू ति ऋषिका * साम्ने न जान्ने धनी ।५।

सोधे छन् भनि भन्नुहोस ऋषि हे ! * सुत्कैरि हुँदा महाँ ।
होला पुत्र कि पुत्रि नारि सुकुमार् * हेर्नोस् थि आइन् यहाँ ॥
दुर्वासाकन रिस् उठ्यो यति सुनी * तिन्ले उसै बीच महाँ ।
मुसल् देख्नहु सुनाउ ज यादव सबै *नाश् विनाश छिन्महाँ।६।

जाउ नष्ट भनी [illegible] ऋषिले * थेनी दिए श्राप् जसै ।
पेट् खोल्दा त्यहिँ शाम्बको मुसल एक् * निस्को डराए सबै ॥
लहाहा [illegible] सबै [illegible] * घोट्टी फलाम् सब् यहाँ ।
[illegible] * गम्भीर सागर महाँ ।७।

ले [illegible] गरि मैं [illegible] निरपा * घोटी मुसल् साफ गरी ।
जलमा [illegible] बहाइ [illegible] टुक्रा * सानु लियाको सरी ॥



चित्र सं० (८)

सखी रूप धारण एवं दुर्वासा

घोटनै मुस्किलमै उसैफल पनी * जलमै बहाई दिए।
थेती काम गरेर फेर् सकलले * द्वारका नगर्को लिए॥८॥

घरमा आइ समस्त हाल् कहि दिए * थेती भयो लौ भनी।
चिन्ता लीकन बस्नुभो हरि र राम् * दिक्दार् बहुतै भनी॥
त्यै बीचमा असगुन् भई पुरिमहाँ * स्नान् गर्न जाऊँ भनी।
सब्लाई लिइ साथमा हिँड्नुभो * त्रैलोक्यका नाथ् भनी॥९॥

स्त्री-जाती अनि उग्रसेन् र वसुदेव् * बालक् नगर्मा रहे।
यादव् वीर्हरु नाथका सँगमहाँ * छप्पन्न कोटी गए॥
सब्ले तीर्थ प्रभासका जलमहाँ * न्वाहेर पैह्ली भनी।
सुन्दर् वस्त्र लगाइ मत् गरिलिए * पीऊँ मदीरा भनी॥१०॥

दाख अंगूरहरू मगाइ मदिरा * पीएर सब्ले त्यहाँ।
आफ्नै तारिफ गर्दथे भइ नशा * शेखी गरी मन्महाँ॥
बातैबात महाँ ठुलो रिस पर्‍यो * हातमा हतियार् लिए।
आपस्मै सबले प्रहार् गरि अनेक् * मानिस् गिराई दिए॥११॥



रोक्नुभो गइ राम-कृष्ण दुइले * के गर्दछौ यो भनी ।
को सुन्थ्यो उ बखत् न टेरी ति रहे * उन्मत्त साह्रै बनी ॥
लड्दामा हतियार् सबै टुटि गए * हेर्दा जमिन्मै त्यहाँ ।
तर्वार्का झइँ पात् नजर् परि गयो *सब्ले लिए हात् महाँ ।१२।

घोट्तामा अघिकै उही मुशलको * धूलो जमिन्मा परी ।
त्यै स्थल्मा सब उम्रि पात् हुनगए * ठीक् दिव्य तर्वार् सरी ॥
यादव् वीर्हरुले टिपेर उहि पात् * मार् हान्न लागे जसै ।
मूलाझैं गरि काटि शिर् सकलका * तिन्ले गिराए तसै ॥१३॥

यस्तै रित्सँग यादवादि विरको * भै युद्ध आपस् महाँ ।
आएका जति सब् विनाश् भइगए * बाँचेन कोही त्यहाँ ॥
भन्नू भो बलराम लाइ हरिले * हे दाज्यु ! बेला भयो ।
धाम्मा जानु हवस् हजुर् मकन ता * एक्काम बाँकी रह्यो ॥१४॥

व्याधा मुक्त गराउनू छ मइले * त्यै काम् सकी मै पनी ।
चाँडै आउँछु धाममा बुझि लिनोस् * के हुन्छ धेरै भनी ॥
यो आज्ञा सुनि कृष्णबाट, बलराम् * पस्नू भयो जल् महाँ ।
शेष्को रूप् धरि जानुभो खुशि भई *आफ्ना परम्धाम् महाँ ।१५।

जानूभो बलराम् त्यजेर नर-लोक् * देखी हरीले त्यहाँ ।
व्याधा अङ्गद लाइ सम्झनु भयो * पश्चात् उसै बीच् महाँ ॥
पीपल्को रुख एक् थियो नजिकमा * त्यस्कै छहारी मनी ।
पाल्नू भैकन सुत्नुभो हरि पनी * गोलोक् म जान्छू भनी।१६।

बायाँ पाउ उपर् चढाइ हरिले * राख्नू भयो दाहिने ।
लीनूभो अनि दिव्य चौ-भुजि स्वरूप् * श्री विष्णुको चाहिने ॥



व्याधा एक् उहि बीचमा पुगिगयो * अत्यन्त लोभी बनी ।
टाढ़ै देखि चरण् निहारि हरिको *ठान्यो मृगै हो भनी ।। १७।।

मूशल्को टुकुरा जउन् जल महाँ * फाली दिएको थियो ।
संयोग्ले त्यसलाइ एक् मछलिले * देखेर नीली लियो ।।
त्यै माछा कन पक्रि पेट चिरदा * पाएर इस्पात् उही ।
टुप्पामा शरका सुसज्जित गर्‍यो * व्याधा बहुत् खुश् भई १८।

व्याधाले उहि शर् सजाइ हरिको * लाई दियो पद् महाँ ।
आयो मिर्ग समात्नलाइ अनि फेर् * दौडेर जल्दी त्यहाँ ।।
देख्यो श्रीहरिलाइ भ्रम् हुन गई * हान्दो भएँ बाण् भनी ।
रोयो खूब् सँग दण्डवत् गरि त्यहाँ * पक्री विकल् धेर् बनी । १९।

व्याधाले पछुताउँदा प्रभुजिले * हाँसेर केही त्यहाँ ।
आज्ञा गर्नु भयो विकल् अब न हो * दोष् छैन तेरो यहाँ ।।
श्राप् थीयो ऋषिको र नष्ट हुनगो * हाम्रो सबै कुल् यहाँ ।
व्याधा ! छैन कसुर् कसुर् छ त पनी * माफ् दिन्छु मैले यहाँ । २०।

धाम्‌मा जा, अब मुक्ति दिन्छु सँकनै * आज्ञा भएथ्यो जसै ।
आयो दिव्य विमान् चढ़ेर उसमा * व्याधा गईगो तसै ॥
खोज्दै श्रीहरिलाइ दारुक पनी * आई पुग्यो त्यै घरी ।
देखी श्रीहरिलाइ रोदन गऱ्यो * पक्रेर पाऊ परी ॥२१॥

दारुक्‌लाइ हुकुम् भयो प्रभुजिले * जा द्वारिकामा अनी ।
भन्दे देवकि-उग्रसेन् र वसुदेव् * लाई सबै हाल् भनी ॥
पाल्नू भो हरि धाम्‌महाँ नगर त्यो * डुब्नेछ सागर् बढ़ी ।
द्वारीका कन छाड़ि जानु सबले * अन्तै बसाई सरी ॥२२॥

संसार्‌को यहि रीति हो न गरनू * फिक्री कसैले पनी ।
येती दारुक ! भन्दिएस् अब गई * भन्थे हरीले भनी ॥
हस्तीनापुरि जाइ फेरि तइँले * भेटेर अर्जुन् त्यहाँ ।
भन्दीनू हरीको सवारि हुनगो * ऐह्ले परम् धाम्‌महाँ ॥२३॥

गीतामा अघिनै सबै कहि दिएँ * सोही बमोजिम् गरी ।
सब्‌को पालन गर्नु न्याय गरनू * मन्‌मा दयाले भरी ॥
आज्ञा येति दिएर दारुक कनै * साक्षात् जगन्नाथ् हरी ।
अन्तर्ध्यान् भइ पाल्नुभो उहि बखत् * गोलोक् तरफ् दिल् धरी ॥२४॥

दारुक्‌ले गइ द्वारिका-नगरिमा * विस्तार् सुनायो जसै ।
रोए सब् हरि लाइ सम्झि बहुतै * दिक्‌दार मानी तसै ॥
रानी सब् हरिका र प्राणि सब जन् * प्राण् त्यागि सोही घरी ।
हीँड़े स्वर्ग तरफ् र दारुक गयो * अत्यन्त चाँड़ो गरी ॥२५॥

हस्तीना-पुरमा गएर अरजुन् * लाई सबै हाल् कह्यो ।
अर्जुन् द्वारवती पुगे उहि घरी * उस्तै प्रबन्धै भयो ॥

बाँकी यादव नारी बालक सबै * लीएर अर्जुन् पनी ।
आए फेरि ति हस्तिनापुर महाँ * दिक्दार् बहुतै बनी ॥२६॥

प्यारी श्रीहरिकी विचित्र नगरी * द्वारावती-पुर् पनी ।
अस्मेल् पानि बढ़ी सबै डुबि गयो * गम्भीर सागर् मनी ॥
हे राजन् ! तिमिलाइ राज् तिलक दी * त्यै हस्तिना-पुर् महाँ ।
पाँच् पाण्डव् पनि रानि द्रौपदि लिई * हींडे महापथ् महाँ ॥२७॥

## इति

बाबू माधवप्रसाद शर्मा कृत कृष्णचरित्र समाप्तम् शुभम्